जगदुल्ला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०१ संख्याः ०१ मितिः २०७५ साल आषाढ २६ गते

भाग–१

जगदुल्ला गाउँपालिका

## जगदुल्ला गाउँपालिकाको स्थानीय तहको विनियोजन ऐन, २०७५

जगदुल्ला गाउापालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५/३/१०

**प्रस्तावनाः** जगदुल्ला गाउापालिकाको आर्थिक बर्ष २०७५/२०७६को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जगदुल्ला गाउापालिकाको गाउासभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस ऐनको नाम "जगदुल्ला गाउापालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/२०७६को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५/२०७६ को निमित्त जगदुल्ला गाउापालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित

चालू खर्च, पूजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १५ करोड ४५ लाख ४७ हजार रुपैयाामा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/२०७६ को निमित्त जगदुल्ला गाउापालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूाजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साावा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूाजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा जगदुल्ला गाउासभाको स्वीकृति लिनु पर्नेछ ।







**अनुसूचि-१**

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | जगदुल्ला गाउँपालिका, वडा समिति र विषयगत शाखाहरुको वित्तीय समानिकरण अनुदान (संघ र प्रदेश), राजश्व बाँडफाँड (संघ र केन्द्र), सशर्त अनुदान र निशर्त अनुदान एकमुष्ठ | ८३४८६.७५० | ७१०६०.२५० | | १५४५४७.०० |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## स्थानीय तहको आर्थिक ऐनको नमुना

### जगदुल्ला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** जगदुल्ला गाउापालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथाशुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थागर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जगदुल्ला गाउा सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम आर्थिक ऐन २०७५ रहेको छ । (२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि जगदुल्ला गाउापालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउापालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर मालपोत लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमि कर मालपोत :** गाउापालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भूमि कर मालपोत लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउापालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएको अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय कर :** गाउापालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पाूजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनूसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउापालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले पुन, खोटो, वनकस कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवनजन्तु दाहकका अन्य मृत वा मरिएका जीवजन्तुको हाड, सिङ, प्वााख छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **साधन करः** गाउापालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** गाउापालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउापालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरा शुल्कः** गाउापालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क :** गाउापालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग कायोकिड, क्यानोइङग, बन्जी जम्पिङग, जिपफलायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउापालिकाले आ  नो क्षेत्रभित्र ट्रेकि  , कायोकिड क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप  लायर र ऱ्या  टी·  सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क बनाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर :** गाउापालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्थापन भए अनुसार शूल्क लगाइने र असुल उपर गरिने छ।

१४. **पर्यटन शुल्कः** गाउापालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शूल्क लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउापालिकाले तोके अनुसार हुनेछ।







## अनुसूची–१
## सम्पत्ति कर
**(दफा १ संग सम्बन्धित)**

१. **सम्पत्ति करः** गाउापालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

एकीकृत सम्पत्तिकर तत्काल लागु गर्न घर तथा जग्गाको बैज्ञानिक र विस्तृत वर्गीकरण गर्नुपर्ने भएकोले तत्काल लागु गर्न असम्भव देखिएकोले आ.व. २०७५/०७६ देखि लागु गर्न २०७४/०७५ साउन देखि नै गृहकार्य थालिने।

## अनुसूची–२
## भूमिकर (मालपोत)
**(दफा १ संग सम्बन्धित)**

२. **भूमिकर (मालपोत) :** गाउापालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

| क्र. सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| क | आय तथा घर जग्गा मूल्यांकन | | | |
| | क रु. २ लाख सम्म | | | |
| | ख रु. २ लाख भन्दामाथि १० लाख सम्म | निशुल्क | निशुल्क | |
| | ग.रु. १० लाख भन्दा माथि | ५०० | ५०० | |
| ख | मालपोत शुल्क प्रति रोपनी | १००० | १००० | |
| | खेत बारी | | | |
| | अव्बल | १० | १० | |
| | दोयम | १० | १० | |
| | सिम | १० | १० | |
| | चाहार | १० | १० | |
| | चारकिल्ला प्रमाणित | १०० | १०० | |
| | काम सम्पन्न प्रमाणित | १०० | १०० | |

## अनुसूची–३
## घर बहाल कर
**(दफा ४ संग सम्बन्धित)**

| क्र. सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की घर आफै बस्ने आवास प्रयोजनको लागि आरसीसी पिल्लर भएको | | | |
| १.१ | एक तले | २०० | २०० | |
| १.२ | दुई तले | ३०० | ३०० | |
| १.३ | तीन तले | ४०० | ४०० | |
| १.४ | चार तले | ५०० | ५०० | |
| २ | पक्की घर व्यवसायिक/भाडामा दिने) बार्षिक कर | – | – | |
| २.१ | एक तले | २% | २% | |
| २.२ | दुई तले | ३% | ३% | |
| २.३ | तीन तले | ४% | ४% | |
| २.४ | चार तले वा सो भन्दा माथि | – | – | |
| ३ | ढुङ्गा माटोले बनाएको र ढुङ्गा वा ..........ले छाएको घर | – | – | |
| ३.१ | व्यक्तिगत प्रयोजन | – | – | |
| ३.२ | व्यावसायिक प्रयोजन | – | – | |

### ३. क) स्रोत परिचालन

| क्र. सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| क | हल भाडा प्रतिदित (गा.पा. वा वडा हल) | १००० | १००० | |
| | कुर्सी मात्र प्रति दिन प्रति कुर्सी | २ | २ | |







## अनुसूची–४
## व्यवसाय कर
**(दफा ५ संग सम्बन्धित)**

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | | | |
| | वितरक | | | |
| | थोक विक्रेता पसल | – | – | |
| | खुद्रा विक्रि पसल | ५०० | ५०० | |
| २ | चुरोट विडी सुर्तीजन्य | १०० | १०० | |
| | वितरक | | | |
| | थोक विक्रेता पसल | १०० | १०० | |
| | खुद्रा विक्रि पसल | ५० | ५० | |
| ३. | हल्का पेय पदार्थ | २५ | २५ | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रि पसल | १०० | १०० | |
| ४. | सुच चाद्दी पसल | ५० | ५० | |
| | फेन्सी गहना बनाई विक्रि गर्ने पसल | | | |
| | हातले गहना बनाई विक्रि गर्ने पसल | २०० | २०० | |
| | गहना बनाउने तथा मर्मत गर्ने पसल | १०० | १०० | |
| ५. | औषधी पसल | ५० | ५० | |
| | औषधी थोक विक्रेता | | | |
| | औषधी खुद्रा पसल (डाक्टर भएको) | १०० | १०० | |
| | औषधी खुद्रा पसल (डाक्टर नभएको) | २०० | २०० | |
| ६. | आयुर्वेदीक औषधी पसल | १०० | १०० | |
| ७. | एग्रोभेट पसल | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| | खुद्रा विक्री पसल | १०० | १०० | |
| ८. | स्टेशनरी तथा पुस्तक पसल | ५० | ५० | |
| ९. | छपाई तथा प्रकाशन | १०० | १०० | |
| | अफ्सेट प्रेस | | | |
| | साधारण प्रेस फ्लेक्स बोर्ड समेत | ५०० | ५०० | |
| १०. | कस्मेटिक पसल, व्युटी पार्लर समेत | २०० | २०० | |
| ११. | मोटरपार्टस | १०० | १०० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रि पसल | १०० | १०० | |
| 12= | प्लाई तथा ग्लास | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रि पसल | १०० | १०० | |
| 13= | कपडा तथा फेन्सी | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्री पसल | २०० | २०० | |
| 14 = | व्याग हाउस | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रि पसल | १०० | १०० | |
| 15= | धागो टाक पसल | ५० | ५० | |
| 16= | इलेक्ट्रोनिक्स पसल | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रि पसल | १०० | १०० | |
| 17= | मोबाइल घडी रेडियो क्याल्कुलटर अडियो भिडियो, क्यासेट टि.भी. | ५० | ५० | |
| 18 = | विद्युत सामाग्री पसल | ५० | ५० | |
| | थोक सामाग्री पसल | | | |
| | खुद्रा विक्रेता पसल | १०० | १०० | |





| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| 19= | हाडवियर मेशिनरी, पेन्टस, स्यानिटरी मार्वल पसल | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रीता पसल | २०० | २०० | |
| 20= | पेट्रोलियम पदार्थ | १५० | १५० | |
| | पेट्रोलपम्प | | | |
| | ग्यास सिलिन्डर सबडिलर | | | |
| | मट्टीतेल मात्र विक्री | १०० | १०० | |
| 21= | स्टिल आलुमिनियम पसल | | | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्री पसल | १०० | १०० | |
| 22= | फर्निचर | १०० | १०० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्रेता पसल | | | |
| 23= | सवारी साधन विक्रि पसल | १०० | १०० | |
| | बस, ट्याक्टर, ट्रक, जिप, कार, भ्यान डिलर | | | |
| | मोटरसाइकल डिलर | | | |
| | साइकल डिलर | | | |
| | रिकन्डिसन हाउस | | | |
| | विविध विषयका सामान सप्लायर्स | | | |
| 24 = | दैनिक उपभोग्य वस्तु | | | |
| | खाद्यन्न किराना थोक | | | |
| | खाद्यान्न किराना खुद्रा | | | |
| | सानो किनारा पसल आलु प्याज असुन अदुवा | १०० | १०० | |
| 25= | फलफुल पसल | ५० | ५० | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्री पसल | ५० | ५० | |

| क. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| 26= | तरकारी पसल | | २५ | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्री पसल | | | |
| 27= | कृति कपडा पसल | | | |
| | थोक विक्रेता पसल | | | |
| | खुद्रा विक्री पसल | | | |
| 28 = | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | | | |
| 29= | चिकित्सक | | | |
| 30= | कन्सल्टेन्ट सेवा (इन्जिनियरि□ | | | |
| 31= | कानुन व्यावसायी/ल फर्म | | | |
| 32= | लेखापरिक्षण व्यावसायी/सि.ए.<br>क.ख.<br>ग.घ. | | | |
| 33= | चिकित्सक | | | |
| 34 = | अनुसन्धानकर्ता/परामर्शदाता | | | |
| 35= | चिकित्सक डाक्टर<br>चिकित्सक सेवा प्रदायक | | | |
| 36= | ढुवानी तथा ट्रान्सपोर्ट | | | |
| | क दर्ता | | | |
| | ख दर्ता | १०० | १०० | |
| | ग दर्ता | १०० | १०० | |
| 37= | निर्माण व्यावसायी | | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको निर्माण व्यावसायी | | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको निर्माण व्यावसायी | १५०० | १५०० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको निर्माण व्यावसायी | १००० | १००० | |







| क. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको निर्माण व्यावसायी | ५०० | ५०० | |
| 38 = | भवन निर्माण | ५०० | ५०० | |
| | मिक्सचर र सटी□सामान भएको | | | |
| | सटी□सामान मात्र भएको | | | |
| 39= | उत्पादनमूलक उद्योग | | | |
| 40= | ग्रील उद्योग | | | |
| 41= | जुत्ता उद्योग तथा सो रु म | | | |
| | जुत्ता सोरु म मात्र | | | |
| 42= | पशु आहार विक्री केन्द्र | | | |
| 43= | घरेलु कुटिर उद्योग (अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | | |
| 44 = | कपडा तथा गार्मेन्ट उद्योग | | | |
| 45= | सिरक डसना उद्योग पसल | | | |
| 46= | कुटानी पेलानी | | | |
| | कुलोर मिल | | | |
| | सेलर मिल | | | |
| | होलर मिल | | | |
| | चिउरा मिल | | | |
| | ............. मिल | | | |
| 47= | डेरी उद्योग | | | |
| | थोक विक्रेता | | | |
| | खुद्रा | | | |
| 48 = | उपभोग्य वस्तु उत्पादन उद्योग | | | |
| | कुकिज नुडल्स | | | |
| | दालमोट पाउरोटी चाउमीन | | | |
| 49= | काठजन्य उद्योग | | | |
| | स मिल प्लाइउड उद्योग | | | |

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| | काठ विक्रि डिपो | | | |
| | काठको फर्निचर उद्योग र सोरु म | ५०० | ५०० | |
| 50= | कङ्क्रीट/इट्टा भट्टा उद्योग | ५०० | ५०० | |
| 51= | पर्यटक उद्योग | | | |
| 52= | होटल लज रेष्टुरेण्ट | | | |
| | भोजनालय | १०० | १०० | |
| | मिठाइ पसल | ५० | ५० | |
| | पाटी प्यालेस | | | |
| | खाना खाजा नास्ता पसल मदिरा सहित | | | |
| 53= | टेन्ट हाउस | १५० | १५० | |
| 54 = | सेवा उद्योग | | | |
| 55= | कलर ल्याव फोटो स्टुडियो | | | |
| 56= | सिनेमा हल | | | |
| 57= | सञ्चार | १०० | १०० | |
| | केबुल च्यानल प्रसारण | | | |
| | एफ एम प्रसारण | | | |
| | पत्रपत्रिका प्रकाशन सेवा | | | |
| | फोटोकपी पी.सि.ओ साइबर तथा क्याफे | | | |
| | कुरियन सेवा | | | |
| 58 = | बाणिज्य बैंक प्रति शाखा कार्यालय | | | |
| | विकास बैंक प्रति शाखा कार्यालय | | | |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | | | |
| | वित्तिय सहकारी संस्था | | | |
| | रेमिटेन्स सेवा | | | |





स्थानीय तहको आर्थिक ऐन - २०७५

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| 59= | स्वास्थ्य सेवा व्यवसाय | | | |
| | निजी अस्पताल तथा नर्सि□ होम | | | |
| | क्लिनिक | | | |
| | ................. पसल | | | |
| 60= | शिक्षा सेवा | | | |
| | निजी क्याम्पस तथा मा.वि. | | | |
| | निजी आधारभुत विद्यालय | | | |
| | निजी प्रा.वि. मन्टेश्वरी | | | |
| 61= | सवारी चालक तालिम | | | |
| 62= | शिक्षा कोचि□सेन्टर | | | |
| | मर्मत सम्भार | | | |
| | पुनः मर्मत गर्ने | | | |
| | टायर ट्युव मर्मत/रिसोलि□, हावा भर्ने | | | |
| | इन्जिन मर्मत | | | |
| | पेन्ट | | | |
| 63= | टि.भी. फ्रिज मोटर पंखा रेडियो घडि जेनेरेटर कम्प्युटर मर्मत मोबाइल | | | |
| | मोटरसाइकल मर्मत | | | |
| | सवारी साधन मर्मत | | | |
| 64 = | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | | |
| 65= | साइनबोर्ड आर्टस व्यवसाय | | | |
| 66= | माछामासु विक्रि पसल | | | |
| 67= | फुल विरुवा पसल | | | |
| 68 = | भाडा पसल तथा किचन सामाग्री | | | |
| 69= | खेलौना गिफ्ट हाउस तथा फोटो फ्रेम | | | |

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| 70= | माथि उल्लेख नभएका पेशा व्यावसाय | | | |

**अन्य सेवा :**

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| | विमा एजेन्ट | - | - | |
| | सर्भेयर | - | - | |
| | नोटरी | - | - | |







## अनुसूची-५
## जडिबुटी, कवाडि र जिवजन्तु कर

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ नेपाल राजपत्र भाग ३. मिति २०७२/०७/१७ | आ.व. २०७५/०७६ जगदुल्ला गाउमालिकाले लगाउने | कैफियत |
|---|---|---|---|---|
| १ | अतिस | १५ | ५ | |
| २ | कुट्की | १५ | ५ | |
| ३ | कुरिलो/सतावरी | ५ | २ | |
| ४ | गोकुलधुप | ५ | ५ | |
| ५ | जटामसी | २० | १० | |
| ६ | निरमसी/निरविषि | ५० | २५ | |
| ७ | पदमुचाल/अमलवेद | १० | ५ | |
| ८ | पखनवेद/पाषणभेद | ५ | २ | |
| ९ | पाह्चऔले | १०००(प्रतिगोटा) | ५००(प्रतिगोटा) | |
| १० | वन प्याज | १० | ५ | |
| ११ | बनमुला र वनप्याज | १० | ५ | |
| १२ | विष/विषमा | १० | ५ | |
| १३ | बोझ्हो | ५ | २ | |
| १४ | भृतकेश | ५ | २ | |
| १५ | सतुवा/नक्कली सतुवा | २० | १० | |
| १६ | सर्पगन्धा चादमरु वा | २० | १० | |
| १७ | सिस्नु | २ | १ | |
| १८ | सुगन्धवाल | १५ | ५ | |
| १९ | केतकचिनि/कुकुरडाइनो | ५ | २ | |
| | **बोक्रा जाति** | | | |
| १ | जोखर (काण्ड) | १०० | ५० | |
| २ | ओखर (फल) | ५ | २ | |
| ३ | धुपी | २५ | १० | |
| ४ | भोजपत्र | २० | १० | |
| ५ | सल्ला | २ | १ | |

| क्र. सं | विवरण | आ.व. २०७४/०७५ नेपाल राजपत्र भाग ३. मिति २०७२/०७/१७ | आ.व. २०७५/०७६ जगदुल्ला गाउपालिकाले लगाउने | कैफियत |
|---|---|---|---|---|
| | **पात/डाँठ जाति** | | | |
| १ | कमलवेद/पदमचाल/चुल्ठे अमिलो कामाजचुल्ठी | ५ | २ | |
| २ | उन्यू | १ | १ | |
| ३ | ठिगुरे सल्ला/ठिंगेसल्ला | २ | १ | |
| ४ | डालेचुक | १ | १ | |
| ५ | धुपी | २ | १ | |
| ६ | लौठसल्ला | ३० | १५ | |
| | **फुल र भुवा जाति** | | | |
| १ | टुकीफुल | ५ | २ | |

## अनुसूची–६
## सवारी साधन कर
**(दफा ७ संग सम्बन्धित)**

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | क. बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | | - | |
| १.१ | ख. भाडामा कार,जीपमा | | - | |
| १.२ | ग. भाडाको मिनीबसमा | | - | |
| १.३ | घ. निजी कार, मिनीबसमा | | - | |
| २ | ङ. स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | | - | |
| २.१ | च. ठेलागाडा तथा रिक्सामा | | - | |
| २.२ | छ. रातो कालो प्लेट भएको भाडामा चल्ने टेक्टर | | - | |





स्थानीय तहको आर्थिक ऐन - २०७५

## अनुसूची–७
## विज्ञापन कर
**(दफा ८ संग सम्बन्धित)**

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत बार्षिक व्यावसायिकको लागि मात्र | ५०० | ५०० | |

## अनुसूची–८
## मनोरञ्जन कर
**(दफा ९ संग सम्बन्धित)**

ख. जादु सर्कस चटक आदिमा प्रतिदिन १०० कर लाग्ने ।

## अनुसूची–९
## सम्पति कर
**(दफा १० संग सम्बन्धि)**

बहाल बिटौरी कर

| क्र. सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| १ | टहरो छाप्रोको मासिक | १० | १० | |
| २ | घुम्ती मासिक | ८ | ८ | |
| ३ | ठेला मासिक | ५ | ५ | |

## अनुसूची–१०
## पार्किङ्ग शुल्क
**(दफा ११ संग सम्बन्धित)**

| क्र. सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | फियत |
|---|---|---|---|---|
| १ | बस,ट्रक, ट्याक्टर, जीप प्रतिघण्टा | | | |
| २ | मोटरसाइकल ठेला गाडा र अन्य साधन प्रतिघण्टा | | | |
| ३ | बहालमा दिएको घर खाली गराउदा प्रतिदिन | | | |

## अनुसूची–११
## ट्रेकिङ्ग, कोयोकिङ, क्यानोईङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क
**(दफा १२ संग सम्बन्धित)**

## अनुसूची–१२
## सेवा शुल्क/दस्तुर
**(दफा १३ संग सम्बन्धित)**

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| | नागरिकता सिफारिस | ५० | ५० | |
| | नागरिकता प्रतिलिपि सिफारिस | १०० | १०० | |
| | स्वदेशको लागि सामान्य सिफारिस | | | |
| | नामथर प्रमाणित सिफारिस/नाता कायम सिफारिस/बसोबास प्रमाणित सिफारिस | १०० | १०० | |
| | नाता प्रमाणित सिफारिस/नाता कायम सिफारिस/बसोबास प्रमाणित सिफारिस | १०० | १०० | |







| | | | | |
|---|---|---|---|---|
| | पारिवारिक विवरण सिफारिस | १०० | १०० | |
| | पिछडिएको क्षेत्र सिफारिस | १०० | १०० | |
| | नावलक सिफारिस | १०० | १०० | |
| | जन्म मिति प्रमाणित सिफारिस | ५० | ५० | |
| | विवाहदर्ता सिफारिस | १०० | १०० | |
| | अविवाहित प्रमाणित सिफारिस व्यक्ति सिफारिस | ५० | ५० | |
| | व्यावसाय दर्ता संचालन सिफारिस | १०० | १०० | |
| | मदिरा व्यवसाय सिफारिस | १०० | १०० | |
| | व्यक्तिगत घटना दर्ता (३५ दिनपछि) | जन्मदर्ता ५० मृत्यु दर्ता २५ बसाइसराई दर्ता १०० विवाह दर्ता १०० सम्बन्ध विच्छेद दर्ता १०० | जन्मदर्ता ५० मृत्युदर्ता २५ बसाइसराई दर्ता १०० विवाह दर्ता | |
| | घर नभएको जग्गा खरिद विक्रि, बकस पत्र, सट्टा पट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालयलाई गर्ने सिफारिस/घर समेत भएको जग्गा सिफारिस | १०० | १०० | |
| | जग्गावालाको मृत्युपछि नामसारि वा अंशवण्डा प्रयोजनको लागिमालपोत कार्यालयलाई गरिने सिफारिस घर समेत भएको जग्गा सिफारिस | १०० | १०० | |

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | कैफियत |
|---|---|---|---|---|
| | पेन्शन पट्टा सिफारिस | १०० | १०० | |
| | खानेपानी विद्युत टेलिफोन जडान र नामसारी ठाउसारी सिफारिस | ५० | ५० | |
| | चौकिल्ला प्रमाणित | २५० | २५० | |
| | घर सम्पन्न | ५० | ५० | |
| | विविध इजाजत दस्तुर | १०० | १०० | |
| | जग्गा नामसारी सिफारिस | २५० | २५० | |
| | विभिन्न उद्योगको सिफारिस | २५० | २५० | |
| | पेट्रोल डिजेल पम्प स्थापना सिफारिस | १००० | १००० | |
| | प्रत्येक सिफारिस अंग्रेजीमा | ३०० | ३०० | |
| | प्रत्येक सिफारिस अंग्रेजी र नेपालीमा | २०० | २०० | |
| | अस्थायी घर इजाजत दस्तुर | १०० | १०० | |
| | वस्तुगत विवरण (घर, गोठ, टहरा, भएनभएको) प्रमाणित सिफारिस क. बजार क्षेत्र ख. ग्रामीण क्षेत्र | ५० | ५० | |
| | छात्रवृत्ति सिफारिस दस्तुर | २५ | २५ | |
| | सम्बन्ध विच्छेद सिफारिस | | | |
| | मिलापत्र बक्सौना दस्तुर | ५०० | ५०० | |
| | अन्य विविध सिफारिस | २०० | २०० | |
| | मौरीपालन फर्म संचालन शुल्क | १०० | १०० | |
| | पशुपालन फर्म संचालन शुल्क | | | |
| | पन्छी पालम फर्म संचालन शुल्क | | | |
| | व्यावसाय कृषि फर्म संचालन शुल्क | | | |





## अनुसूची-१३
## पर्यटन शुल्क
**(दफा १४ संग सम्बन्धित)**

पर्यटकीय स्थल निर्माण भएपछि शुल्क निर्धारण गरिनेछ ।

# आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५

स्वीकृत मितिः २०७५।०३।१०

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम जगदुल्ला गााउपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न,आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरिक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित,व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२२ बमोजिम जगदुल्ला गााउपालिकाको गााउसभाले यो कानून बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संछिप्त नाम र प्रारम्भ :** (१) यस कानूनको नाम ”जगदुल्ला गााउपालिकाको आर्थिक कार्यविधि कानून, २०७५” रहेकोछ ।

(२) यो कानूनसभाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,

(क) “असुल उपर गर्नु पर्ने रकम” भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुनेगरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हादा ठहर्‍याइऐका बेरुजु रकम सम्भनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरको रकम तथा गााउपालिकालाई तिर्नु बुभाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउाछ।

(ख) “अन्तिम लेखापरीक्षण” भन्नाले महालेखा परीछकको कार्यालयबाट हुने लेखापरीक्षण” सम्भनु पर्छ ।

(ग) “आन्तरिक लेखापरीक्षण” भन्नाले गााउपालिकाको तोकिएको निकाय, शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्भनुपर्छ ।

(घ) “आर्थिक वर्ष” भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बा महिनाको अवधिलाई सम्भनुपर्छ ।

(ङ) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा गााउपालिकाको प्रमुख प्रशासकीय अधिकृत, गााउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा गााउपालिकाको प्रमुख र प्रमुखको हकमा गााउ कार्यपालिका सम्झनुपर्छ ।

(च) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जगदुल्ला गााउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले जगदुल्ला गााउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ। सो शब्दले जगदुल्ला गााउपालिका मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(ञ) "गााउपालिका" भन्नाले जगदुल्ला गााउपालिका सम्झनुपर्छ ।

(ट) "जिम्मेवार व्यक्ति भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्यसंचालन गर्ने, जिम्मा लिने, खर्चगर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई बेरुजु फछ्र्यौ गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तब्य भएको व्यक्ति सम्झनु पर्छ । सो शब्दले जगदुल्ला गााउपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फर्छ्याउने जिम्मा लिने जुनसुकै ब्यक्ति समेतलाई जनाउछ ।

(ठ) "तालुक कार्यालय" भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा जगदुल्ला गााउकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कानून अन्तर्गत बनेका नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ढ) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(ण) "बजेट संकेत" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा गााउपालिकाको कार्यालय, विषयगत शाखा, वडा







कार्यालय वा सो सरहको छेत्राधिकार भएका आयोजना कार्यकक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी जगदुल्ला गााउपालिकाले दिएका संकेतलाई जनाउाछ ।

(त) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(थ) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त जगदुल्ला गााउपालिकाले तोकेको कुनै बैंक सम्झनुपर्छ र सो शब्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्ने गरी तोकिएको बैंकको शाखा समेतलाई जनाउाछ ।

(द) "मातहत कार्यालय" भन्नाले जगदुल्ला गााउपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(ध) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(न) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आ नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तब्य भएकोजगदुल्ला गााउपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(प) "वडा कार्यालय" भन्नाले जगदुल्ला गााउपालिकाको वडा कार्यालय सम्झनु पर्छ ।

(फ) "वडा सचिव" भन्नाले जगदुल्ला गााउपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(ब) "विनियोजन" भन्नाले जगदुल्ला गााउपालिकाका सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ।

(भ) "वित्तीय विवरण" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको बिबरण सम्झनुपर्छ र सो शब्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा वनाइएको बजेट अनुमान, निकाशा, खर्च, आम्दानी, दाखिला र बाकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसाग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउाछ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(य) "सञ्चित कोष" भन्नाले जगदुल्ला गाउपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(र) "सभा" भन्नाले जगदुल्ला गाउ सभा सम्झनुपर्छ ।

(ल) "संपरीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्छ्यौट सम्वन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाइ जनाउाछ ।

(व) "कार्यपालिका" भन्नाले जगदुल्ला गाउ कार्यपालिका सम्झनुपर्छ ।

(श) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(ष) "बिषयगत शाखा" भन्नाले जगदुल्ला गाउापालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ ।

## परिच्छेद–२
## सञ्चित कोषसञ्चालन सम्वन्धी व्यवस्था

३. **सञ्चित कोषको सञ्चालनः** (१) सञ्चित कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) गाउ सभाबाट स्वीकृतकानून बमोजिम लगाईएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाडफाडवापत प्राप्त रकम ।

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।







(घ) गाउपालिकाले लिएको आन्तरिक ऋणवापतको रकम ।

(ङ) अन्य प्रचलित कानून बमोजिम गाउपालिका नाममा प्राप्त भएको अन्य आय वापतको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गाउपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानूनर अन्य प्रचलित कानूनको अधीनमा रही सञ्चित कोषको संचालन गाउपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

४. **सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः**(१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३
## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. **बजेट तथा कार्यक्रम तर्जुमा गर्नेः**(१) आगामी आर्थिक वर्षमा गाउपालिकाले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० वमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमागर्ने प्रयोजनकालागि उपलव्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १० गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउपालिकामा स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) गाउापालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. **बजेट निकासाः** (१) सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतले मातहतकार्यालय प्रमुखलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिएबमोजिम बैक मार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ ।
तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसावमिलान बाहेकको अन्य भुक्तानी सम्वन्धी काम हुनेछैन ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्नेछ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्नेर कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानून र प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि गााउ पालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाइ मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गााउपालिकाले पूर्ण वा आंशिकरुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. **खर्च गर्ने कार्यविधिः** गााउपालिकाकोकार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर, सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिन्हा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।







९. **रकमान्तर तथा श्रोतान्तरः** (१) गााउपालिकाको स्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम पुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी गााउकार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।
तर पूजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार गााउ कार्यपालिकोले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) गााउपालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. **बजेट फिर्ता हुनेः** स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बााकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद–४
## कारोबारको लेखा

११. **कारोबारको लेखाः** (१) विनियोजन, धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ ।
तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।

(२) उप नियम (१) बमोजिमको लेखा राख्नका लागि आवश्यक लेखा ढााचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) गााउपालिकाले अनुदान, सहायता, लगानी, विनियोजन, राजश्व तथा धरौटीका अतिरिक्त अन्य सवै प्रकारका कारोवार र खर्चको लेखा गााउपालिकाले तयार गरी राख्नुपर्नेछ ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन, राजस्व, धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी गााउकार्यपालिका, गााउसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

१२. **जिम्मेवार व्यक्ति जवाफदेही हुने:**(१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुर्‍याई लेखा तयार गर्राइ राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाांचबुझ तथा निरीक्षण गर्नेर मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखा तयार गरे नगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाांचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुादा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेही वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखासम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्र त्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ । तर मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिन आएमा लेखा उत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पााच सय रूपैयाा र त्यसपछि पनि दोहोरिन आएमा पटकैपिच्छे एक हजार रूपैयाा जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पााच सय रूपैयाा रसोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाा जरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाांचबुझ तथा निरीक्षण हुादा यो कानून तथा यस कानून अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जााच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाा जरिवाना







गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्य दोहोरिन आएमा कलमैपिच्छे पाांच सय रूपैयाा जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानून वा यस कानून अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जााच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१३. **राजस्व दाखिला र राजस्व लेखा:** (१) प्रचलित कानून बमोजिम गाउापालिकालाई प्राप्त हुने राजस्व तथा अन्य आय रकमहरु कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम संचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाांटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१४. **नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने:**(१) जिम्मेवार व्यक्तिले आˆनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सीमालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तहमाथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भैआएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटकगरी बढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पााच सय रूपैयाा वा बिगोको दशप्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(४) आˆनो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला नगरेको देखिन आएमा सम्बन्धित कार्यकारी अधिकृतले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरीसो

दाखिला गर्नलगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवानागरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ ।

**१५. आर्थिक प्रतिवेदन पेश गर्ने** :(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी गााउकार्यपालिका, गााउ सभा,महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ।

(३) गााउपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१६. हानी नोक्सानी असुल उपर गरिने**ः यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारको लेखा ठीकसांग नराखेको कारणबाट गााउपालिकालाई कुनै किसिमको हानीनोक्सीान तथा क्षति हुन गएमा त्यसरी पर्नगएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बााकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद–५

## आन्तरिक नियन्त्रण, लेखापरीक्षणतथा बेरूजु असुल फछ्यौंट

**१७. आन्तरिक नियन्त्रण प्रणाली**ः(१) गााउपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त,नीति,ढााचा र कार्यविधिर्लाइ मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

**१८. आन्तरिक लेखापरीक्षण**ः (१) गााउकार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र







प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रहीगााउपालिकाको आन्तरिक लेखापरिक्षण शाखा वा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) गााउपालिकाको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गााउपालिकाको आन्तरिक वा अन्तिम लेखापरीक्षण हुादा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानि नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

**१९. स्पष्टीकरण नदिने उपर कारबाही :** (१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारणमनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण मागगर्ने अधिकारी वा निकायलेम नासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नु पर्नेछ ।

**२०. बेरुजु असूल फछ्र्यौंट नियमित र लगत कायम गर्ने :**(१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु असूल उपर गर्नुपर्ने तथा तिर्नु वुफाउनु पर्ने भनी ठहऱ्याईएको रकमको लगत कार्यालयले अध्यावधिक गरी गराई राख्नुपर्नेछ ।

(२) लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्नेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजु सम्बन्धमा कार्यपालिकाको अनुमतिले सभामा उपस्थित भई आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फर्छोट सम्वन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) वेरुजु असूल फछ्र्यौट, नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिम सम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) बेरुजु फछ्र्यौट सम्वन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–६
## बरबुझारथ, लिलाम बिक्रि तथा मिन्हा सम्बन्धी व्यवस्था

२१. **बरबुझारथ :** (१) गााउपालिकाका निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हादा वा अवकाश प्राप्त गर्दा वा लामो अवधिमा काजमा वा बिदामा रहादा आ ँ नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढााचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी रबहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरी बरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनै धनमाल नोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२२. **नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने :** (१) कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जााच हादा सरकारी रकम मस्यौट भएको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनु पर्नेछ ।







(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत,संरक्षण,वरवुझारथ र जवाफदेही सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. **लिलाम बिक्री तथा मिन्हा दिने:** (१) यस कानून तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जााचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गर्न सकिनेछ ।

(२) यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कानून अन्तर्गत उठ्न नसकेको बााकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आ नो काबूबाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्यकारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐनबमोजिम लिलाम बढाबढ हादा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिन्हा दिन सकिनेछ ।

## परिच्छेद–७
## विविध

२४. **काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी :** लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवार व्यक्ति लगायत नगदी वा जिन्सी सम्वन्धी कामगर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१)वमोजिम तोकिएको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्वन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्नेछ ।

२५. **वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने :**यस कानूनर अन्य प्रचलित कानूनबमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्वन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२६. **आर्थिक प्रशासनको सञ्चालनः** (१) गााउपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिमहुनेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्था नभएसम्मका लागि यो कानून र यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

**२७. संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्ने :**गााउपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउादा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

**२८. विद्युतीय प्रविधिको प्रयोग गर्न सक्ने:**(१) यस कानूनबमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणलीको प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आवश्यक प्रणाली गााउपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाचाको एकरुपताका लागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

**२९. लेखापरीक्षण सहजीकरण समिति:** (१) गााउपालिकाबाट सम्पादन गरिने कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन, बेरुजु फछ्र्यौट गर्न गराउन गााउकार्यपालिकाले आफूमध्येबाट तोकेको सदस्यको अध्यक्षतामा गााउपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको गााउपालिकाको अधिकृत र प्राविधिक अधिकृत समेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३०. अधिकार प्रत्यायोजनः** योकानूनवा यस अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्नेगरी प्रत्यायोजमर्न सकिनेछ ।

**३१. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकार:**यस कानूनको उद्देश्य कार्यान्वयन गर्न गााउ कार्यपालिकाले आवश्यक नियमहरु, निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

आज्ञाले

**कमल बहादुर बडुवाल**

नि. प्रमुख प्रशासकीय अधिकृत





## जगदुल्ल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण मिति : २०७५/०३/१०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम जगदुल्ला गाउापालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम जगदुल्ला गाउापालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन जगदुल्ला गाउापालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रस□ले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले जगदुल्ला गाउापालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले जगदुल्ला गाउा कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउापालिका" भन्नाले जगदुल्ला गाउापालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउासभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउापालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त जगदुल्ला गाउाकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउादा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही जगदुल्ला गाउाकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले

**कमल बहादुर बडुवाल**

नि. प्रमुख प्रशासकीय अधिकृत

# जगदुल्ला गाउँपालिका सहकारी ऐन, २०७५

**प्रस्तावनाः** सहकारी मुल्य मान्यता र सिद्धान्त अनुरुप स्थानीय स्तरमा छरिएर रहेको पुाजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थीक, सामाजिक तथा साास्कृतिक उन्नय गर्न समुदायमा आधारित सदस्य केन्द्रित लोकतान्त्रिक स्वयत्त र अनुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रबर्द्धन गर्न सहकारी खेति, उत्पादन, बस्तु तथा सेवा व्यवसायका माध्यामबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन तथा नियमण सम्बन्धि व्यवस्था गर्न वाञ्छनिय भएकोले जगदुल्ला गाउापालिकाको गाउासभाले यो ऐन बनाएको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** "जगदुल्ला गाउापालिकाको सहकारी ऐन २०७५"रहेको छ ।

१) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "आन्तरिक कार्यविधि" भन्नले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

ख) "कसुर" भन्नले दफा ७९ बमोजिमको कसुर सम्झनुपर्छ ।

ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी,छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफुले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, बुहारी र दिदि-बहिनी सम्झनु पर्छ ।
तर सो शब्दले अंशबण्डा गरि वा मानो छुट्टिइ आ-आ ँ नो पेशा व्यवसाय गरि बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

ङ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ

च) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धि विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

छ) "मुख्य कारोबार"भन्नाले संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा

पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको खरिद वा विक्रि कारोवारमा कम्तिमा तीस प्रतिशत भन्दा बढि हिस्सा भएको कारोबार सम्झनुपर्छ ।

ज) "रजिष्ट्रार"भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ ।

झ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

ञ) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

ट) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयका सहकारी नियमन गर्न तोकिएको महाशाखा समेतलाई जनाउछ ।

ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पुजीको अंश सम्झनुपर्छ ।

ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउछ ।

ढ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झिनु पर्छ ।

ण) समिति भन्नाले दफा ३० को उप दफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

त) "सहकारी मूल्य" भन्नाले स्वाबलम्वन, स्व-उत्तरदायित्व, लोकतान्त्रिक, समानता, समता, ऐक्यबद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगाएत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धि मूल्य सम्झनुपर्छ ।

थ) "संस्थाको व्यवसाय" भन्नाले व्यवसायमा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

द) "सहकारी सिद्धान्त" भन्नाले स्वइच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वयत्तता र स्वतन्त्रता, शिक्षा, तालिम रसूचना, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगाएत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धि सिद्धान्त सम्झनु पर्छ ।

ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भइ दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ ।

न) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

प) "प्राथमिक पूजीकोष" भन्नाले शेयर पूजी र जगेडा कोष सम्झनुपर्छ ।

फ) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनु पर्छ ।







## परिच्छेद : २

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** १) कम्तिमा २५ जना नेपाली नागरिकहरु एक आपसमा मिलि विषयगत बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सकिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक युवा लगाएतले आ  नो श्रम वा सीपमा आधारीत भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरीकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

३) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तिमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिलि प्रचलित कानुन बमोजिम दर्ता भएको औ  नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरि संस्था गठन गर्न सक्नेछन् ।

तर एक सय जना भन्दा कम संख्या रहेको एउटै कार्यपालिकामा कम्तिमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरि संस्था गठन गर्न सक्नेछन ।

४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार वा सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लेखित संख्या पुगेको हुनुपर्नेछ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढि व्यक्तिले सो संस्थोका सदस्यता लिन पाउने छैनान ।

५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तिमा एक सय जना नेपाली नागरिकहरुका सहभागिता हुनुपर्नेछ ।

४. **दर्ता नगरि सहकारी संस्था संचालन गर्न नहुने :** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरि सहकारी संस्था स्थापना तथा संचालन गर्न हुदैन ।

५. **दर्ताको लागि दरखास्त दिनुपर्ने :**१) यस ऐन बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागी दर्ता गर्नै अधिकारी समक्ष अनुसुची १ को ढाचामा दरखास्त दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाए बमोजिमका कागजातहरु संलग्न हुनुपर्नेछ ।

क) सहकारी संस्थाको प्रस्तावित विनियम

ख) सहकारी संस्था सञ्चालनको अध्ययन प्रतिबेदन

ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण

६. **दर्ता गर्नुपर्ने :**१) दफा (५) को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाएबमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्रत्यस्तो सहकारी संस्था दर्ता गरि अनुसुची-२ को ढाचामा दर्ता प्रमाणित गर्नुपर्नेछ ।

क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम रहेको,

ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भइ संचालन हुन सक्ने स्पष्ट आधार रहेको,

२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाइ दरखास्त प्राप्त भएको मितिले पन्ध्र भित्र निवेदकलाई सूचना दिनुपर्नेछ ।

३) यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भएतापनी यो ऐन प्रारम्भ हुदाका बखत दर्ता भइ सञ्चालनमा रहेका गाउापालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नुपर्ने कुनैपनि शर्त तोक्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सो को पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

७. **दर्ता गर्न अस्वीकार गर्न सक्ने :**(१) दफा ६ को उपदफा (१) मा उल्लेखित अवस्था नभएमा सोहि दफा बमोजिम विनियम संशोधनको लागी सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिन भित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम







हुनेगरि विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

२) उपदफा (१ )बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाइ तीनदिन भित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

८. **सहकारी संस्था संगठित हुने:** (१) सहकारी संस्था अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२) सहकारी संस्थाको काम कारवाहिको लागी एउटा छुट्टै छाप हुनेछ ।

३) सहकारी संस्थाले यस ऐनको अधिनमा रहि व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपयोग, विधि वा अन्य व्यवस्थागर्न सक्नेछ ।

४) सहकारी संस्थाले व्यक्ति सरह आँ नो नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

९. **सहकारी संस्थाको कार्यविधि:** १) दर्ता हुदाको बखत सहकारी संस्थाको कार्यक्षेत्र देहायबमोजिम हुनेछ :

क) बचत तथा ऋणको मूख्य कारोबार गर्ने संस्थाको हकमा एक वडा,

ख) अन्य संस्थाको हकमा एक वडा वा देहाएका आधारमा तीन वडासम्म

२) सदस्यहरु विच स्वाववलम्बनको पारस्परिक अभ्यासको लागी साझा बन्धन (कमन बन्ड),

३) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

४) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरि पायक पर्ने स्थान,

५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक प्रारम्भ गरेको दुई वर्ष पछि देहायको देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम हुनेगरि आँ नो कार्यविधि थप वडाहरुमा विस्तार गर्न सक्नेछ ।

क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्यविधि आवश्यक परेको,

ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्येक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको कार्यक्षत्रका वडाहरुमा व्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम वा अनुपातको व्यवसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यवसायिक सेवा सञ्चालन भएका वडामा कार्यविधि कायम गर्ने गरि विनियम संशोधन गर्ने निदेशन दिन सक्नेछ ।

७) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिइएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरि आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

८) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संस्थाले स्वेच्छिक रुपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरि पुनःनिर्धारण गरि विनियम संशोधन गर्न सक्नेछ ।

९) कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **जानकारी दिनुपर्ने :** गाउापालिका भन्दा बढि कार्यक्षेत्र कायम राखि दर्ता भई सञ्चालनमा रहेका संस्थाहरुले गाउापालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

११. **विषयगत आधारमा वर्गिकरणः** १) सहकारी संस्थाको वर्गिकरण देहाय बमोजिम हुनेछ ।

क) उत्पादक संस्थाः कृषी, दुग्ध, चिया, कफि, उखु, फलफुल, माछापालन विशेषका विषयगत र अगुवाबाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था ।

ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, बचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधार मा अन्य उपभोगजन्य संस्था ।

ग) श्रमिक संस्थाः हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीका योजना समेतका आधारमा अन्यश्रममा आधारित संस्था ।

घ) बहुउद्देशीय संस्थाः उत्पादन,उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखि संस्था ।







२) उपदफा (१)को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टिकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्ने छैन ।

१२. **कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :** १) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्थाले आफ्नो उद्देश्य प्राप्तका लागी यस ऐन र विनियमको अधिनमा रहि आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न कुनै छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोवार, व्यवसाय, उद्‌योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानुन बमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमति, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानुन बमोजिम अधिकार पाएको संकाय वा अधिकारीबाट अनुमति, स्वीकृती वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिन भित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ ।

४) दुई वा दुईभन्दा बढि संस्थाले सयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारिकरणको लागी यस ऐनको अधिनमा रहि आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन ।

५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **दायित्व सिमित हुने :** १) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यहरुको दायित्व नीजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहने छ ।

२) सहकारी संस्थाको नाम “सहकारी” र नामको अन्त्यमा “लिमिटेड” शब्द राख्नु पर्नेछ ।

१४. **सहकारीको मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्ने :** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीको मुल्य, मान्यता र सिद्धान्तको पालना गर्नुपर्नेछ ।

## परिच्छेद : ३
## संस्थाको उद्देश्य तथा कार्य :

१५. **संस्थाको उद्देश्यः** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आ  ना सदस्यहरुको आर्थीक,सामाजिक तथा सास्कृतिक उन्ययन गर्नु संस्थाको प्रमुख उद्देश्य हुनेछ ।

१६. **संस्थाको कार्य :** संस्थाका कार्यहरु देहायबमोजिम हुनेछन ।

क) सहकारीका मुल्य,मान्यता र सिद्धान्तहरुको पालना गर्ने गराउने,

ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरि व्यवसायिक सेवाहरु प्रदान गर्ने,

ग) सदस्यलाई शिक्षा, सुचना र तालिम प्रदान गर्ने ।

घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरि गुणस्तर सुधार गरि आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धि कार्य गर्ने,

ङ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरि गुणस्तर सुधार , आर्थिक स्थायीत्व रजोखिम व्यवस्थापन सम्बन्धि कार्य गर्ने,

च) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

छ) संस्थाको व्यवसायिक प्रबर्द्धन तथा विकास सम्बन्धि क्रियाकलाप सञ्चालन गर्ने,

ज) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वादर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

झ) विनियममा उल्लेखित कार्यहरु गर्ने ।

## परिच्छेद :४
## विनियम तथा आन्तरिक कार्यविधिः

१७. **विनियम बनाउनु पर्ने :** १) संस्थाले यो ऐन,यस ऐन अर्न्तगत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आ  नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

१८. **आन्तरिक कार्यविधि बनाउन सक्ने :** १) संस्थाले यो ऐन वा यस ऐन अर्न्तगतबनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधिनमा रही आवश्यकता अनुसार आ  नो आन्तरिक कार्यविधि बनाउन सकिने छ ।







२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागु हुनेछ ।

१९. **विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** १) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाटविनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

## परिच्छेद : ५
## सदस्यता

२०. **संस्थाको सदस्यताः** १) अठार वर्ष पुरा गरेको दहाय बमोजिमको नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन ।

क) संस्थाको कम्तिमा एक शेयर खरिद गरेको,

ख) संस्थाको विनियममा उल्लेखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

घ) संस्थाले गरेको कारोवारसंग प्रतिस्पर्धा हुने गरि कारोबार नगरेको,

ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

२) यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका सथै संस्थाको कार्यक्षत्र भित्रका सरकारीवा सामुदायिक विद्यालय, गुठि, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समुहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

३) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

२१. **सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्नेः** १) संस्थाको सदस्यता लिन चाहाने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैतिस दिन भित्र समितिले यो ऐन, यस अर्न्तगत बनेको नियम तथा विनियमको अधिनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिन भित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागी सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरि सो को जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

२२. **सदस्य हुन नपाउने**:१) कुनै व्यक्ति एकै प्रकृतिको एक भन्दा बढि संस्थाको सदस्य हुन पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एक भन्दा बढि संस्थाको सदस्य रहेको भए प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

२) यो ऐन प्रारम्भ हुदाको बखत कुने संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेक अन्य कुनै कृतिम व्यक्ति सदस्य भएको भए पााच वर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२३. **सदस्यताको समाप्त** : १) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ ।

क) सदस्यले आˆ नो सदस्यता त्याग गरेमा,

ख) लागातार वार्षिक साधारण सभामा विना सूचना तीन पटकसम्म अनुपश्थित भएमा,

ग) यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्राबधानको बारम्बार उलङ्घन गरेमा,

घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नुपर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा नीजले लिएको ऋण तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सो को दायित्व फरफारक नभएसम्म नीजको सदस्यता समाप्त हुनेछैन ।







३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२७. **वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार** : वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

ख) वार्षिक लेखापरिक्षण प्रतिबेदन अनुमोदन गर्ने,

ग) समिति वा लेखा सुपेरिबेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

घ) संचालक वा लेखा सुपेरिबेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

ङ) समिति वा लेखा सुपेरिबेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

छ) लेखापरिक्षकको नियुक्ति र नीजको पारिश्रमिक निर्धारण गर्ने,

ज) संस्था एकिकरण वा विघटन सम्बन्धि निर्णय गर्ने,

झ) पारिश्रमिक लगाएतको सुविधा तोक्ने,

ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धि निर्णय गर्ने,

ट) सदस्यको दायित्व मिनाह दिने,

ठ) समितिलाई आवश्यक निर्णय दिने,

ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२८. **साधारणसभाको बैठक**: १) समितिले सहकारी संस्था दर्ता भएको समयले तीन महिना भित्र साधारणसभा बोलाउनुपर्नेछ ।

२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

३) समितिले देहायको अवस्थामा विशेष साधारणसभा बोलाउनु पर्नेछ :

क) संस्थाको काम विशेषले साधारणसभा बोलाउनुपर्ने समितिबाट निर्णय भएमा,

ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिबाट पारित भएमा,

घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निबेदन दिएमा,

ङ) दफा २९ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा ।

४) उपदफा २९ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आˆ नो जिम्मेवारी पुरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरुको मध्येबाट बहुमत सदस्य उपश्थित भइ विशेष साधारण सभा गर्न सकिनेछ ।

२९. **विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने :** १) संस्थाको निरिक्षण वा सुपरिबेक्षण गर्दा कसैको उजुरी परि छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ ।

क) सहकारीको मुल्य,मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

ख) यो ऐन, यस ऐन अन्तर्गत बनेका नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरित कार्य गरेमा,

ग) दर्ता गर्ने अधिकारीले दिइएको निर्देशनको बारम्बार उलङघन गरेमा,

घ) दफा ३१ को उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदश दिएमा ।

२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैतिस दिन भित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरिक्षणका क्रममा देखिएका विषयमा छलफल गरि सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

३) सहकारी संस्थाको साधारणसभाको लागी गणपुरक संख्या तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसेका सात दिन भित्र दोस्रो पटक साभारणसभामा संचालक समितिको बहुमत सहित एक तिहाइ साधारण सदस्यहरुको उपश्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २८ को (४) मा भएको व्यवस्था सोहिअनुसार हनेछ ।







५) दुई हजार वा सो भन्दा बढि सदस्य भएको संस्थाले साधारणसभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा वडा वा अन्य पायक पर्ने ठाउमा संचालक सदस्यहरु पठाइ साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपश्थितिको सभाले अन्तिम निर्णय प्रमाण्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

३०. **सञ्चालक समिति:** १) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर एउटै व्यक्ति लगातार एउटै पदमा दूई पटक भन्दा बढि सञ्चालक हुन पाउने छैन ।

२) उपदफा (१) बामोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

३) एउटै परिवारको एकभन्दा बढि सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उमेदवार बन्न र निर्वाचित हुन सक्ने छैनन् ।

४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आ नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाा भन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको संचालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोड भन्दा बढि कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी भएको भए यो ऐन प्रारम्भ भएको मितिले दुईवर्ष भित्र त्यस्तो संचालकले कर्मचारीलाई पद त्याग गरि अर्को कर्मचारी व्यवस्था गर्नु पर्नेछ ।

५) यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा बढि समय संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिल एक वर्षभित्र कुनै एक संस्थाको मात्र संचालक वा कर्मचारी रहनु पर्नेछ ।

६) समितिको कार्य अबधि चार वर्षको हुनेछ ।

३१. **सञ्चालक समितिको निर्वाचन :** १) समितिले आˆ नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिना भित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई निर्देशन दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिइएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्रि समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारीलाई जानकारी पठाउनु पर्नेछ ।

४) उपलफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतर्लाइ सहभागी गराई समितिको निर्वाचन सम्बन्धि सम्पूर्ण कार्य गर्ने गराउने ।

५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित समितिका पदाधिकारी को कर्तव्य हुनेछ ।

६) उपदफा (५) बमोजिम निर्वाचन गराउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले बेहोर्नु पर्नेछ ।

७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागी समितिले विनियममा व्यवस्था भए बमोजिम आˆ नो कार्य संचालन गर्नेछ ।

३२. **समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्य उल्लेखित काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) सहकारीका मुल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

ख) आर्थीक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

ग) प्रारम्भिक साधारणसभा,वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

घ) साधारणसभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

ङ) संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरि साधारणसभा समक्ष पेश गर्ने,

च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यबाट हटाउने,

छ) शेयर नामसारी तथा फिर्तासम्बन्धि कार्य गर्ने,

ज) सम्बन्धित संघको सदस्यता लिने,

झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरि साधारणसभामा पेश गर्ने,

ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको बृहत प्रबर्द्धनको लागी आवश्यक कार्य गर्ने, गराउने ।

३३. **सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आˆ नो पदमा बहाल रहन सक्ने छैन :







क) निजले दिएको राजिनामा समितिबाट स्वकृत भएमा,

ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

ग) नीज अर्को संस्थाको संचालक रहेमा,

घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

च) नीजको मृत्यु भएमा,

३४. **सञ्चालकलाई पदबाट हटाउन सक्ने :** १) साधारणसभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सकिनेछ :

क) आर्थीक हिनामिना गरि सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

ख) अनाधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धि विषयको गोपनीयता भङ्ग गरेमा,

ग) सम्बन्धित संस्थाको कारोवार र व्यवसाय संग प्रतिस्पर्धा हुने गरि समान पकृतिको कारोबार वा व्यवसाय गरेमा,

घ) सम्बन्धित संस्थाको अहित हुने कुनै काम गरेमा,

ङ) निज शारिरीक वा मानसिक रुपले काम गर्न नसक्ने भएमा,

च) कुनै सञ्चालकमा यो ऐन, यस अर्न्तगत बनेको नियम वा विनियममा उल्लेखित योग्यता नरहेमा ।

२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय हुनुअघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाइ पेश गर्ने मनासिव माफिकको मौका दिइनेछ।

३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पवेह गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बााकी अवधिको लागी अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**३५. नीजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने :**१) सञ्चालकले आ ँ नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुदैन ।

२) सञ्चालकले आफुलाई व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य पनि गराउनु हुदैन ।

३) कुनै संचालकले उपदफा (१) को विपरित हुने गरि वा आँ नो अधिकारभन्दा बाहिर गई हुनै काम कारवाहि गरे, गराएमा त्यस्तो काम कारवाहि प्रति त्यस्तो संचालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहिबाट संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

**३६. समितिको विघटन:** १) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन हुन गर्न सक्नेछ ।

क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,
ख) संस्थाले तिर्नुपर्ने दायीत्व तोकिएको समय भित्र भुक्तनी गर्न नसकेमा,
ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरितको काम गरेमा,
घ) समितिले आ ँ नो जिम्मेवारी पुरा नगरेमा,
ङ) यो ऐन वा यस ऐन अर्न्तगतबनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उलङ्घन गरेमा ।

२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाा निर्वाचन गर्नेछ ।

३) समितिले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उप दफा (२) बमोजिम पेश गरेको प्रतिबेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजुरी वा निरिक्षणको कममा देखिएको विषयवस्तुको गम्भिर्यताको आधारमा बढिमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयाबधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन हुनेछ ।

४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य संचालन गर्न दर्ता गर्ने अधिकारीले तोकिएको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।







**३८. लेखा सुपरिवेक्षण समितिको काम,कर्तव्य र अधिकार :** १) लेखा सुपरिबेक्षण समितिको काम, कर्तव्य र अधिकार देहय बमोजिम हुनेछ :

क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने,
ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने गराउने,
ग) वित्तीय तथा आथीक कारोबारको निरीक्षण तथा मूल्याङकन गर्ने,गराउने,
घ) समितिको काम कार्वाहीको नियमित सुपरिवेक्षण गर्नेर समितिलाई आवश्यक सुभाव दिने,
ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,
च) लेखा सम्बन्धि प्रतिवेदन र समितिको काम कारवाहिको सुपरिवेक्षण सम्बन्धि वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,
छ) आफुले पटक पटक दिएका सुभाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकुल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पतिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भिर आर्थीक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,
ज) आवश्य परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागी तीन जनाको नाम संचालक समितिमा सिफारिस गर्ने,

२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थीक प्रशासनीक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद : ७

## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने :** १) संस्थाले आ ँ नो सदस्यहरुको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरि दर्ता भएको संस्था बोह अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मूख्य कारोबार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा

भई मुख्य कारोबारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरि दर्ता हादाका बखतमा उल्लेख गरिएको मूख्य कारोबार गर्ने गरि सञ्चालन गर्नुपर्नेछ ।

३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नविकरण शुल्क लिन पाइने छैन ।

४) बचत तथा ऋणको व्याजदर विचको अन्तर छ प्रतिशत भन्दा बढि हुने छैन ।

५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मुल ऋणमा पुजिागत गरि सोको आधारमा व्याज लगाउन पाउनछैन ।

६) संस्थाले कुनैपनि कम्पनिको शेयर खरिद गर्न सक्ने छैन ।

तर

१) संस्थाको दायीत्वप्रति प्रतिकुल नहुनेगरि संस्थाले स्वप्रयोजनको लागी अचल सम्पति खरिद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूाजी कोष परिचालन गर्न बाधा पर्ने छैन ।

२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनिको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र अबधिभित्र हस्तान्तरण गरि सक्नु पर्नेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको खरिद गर्न बाधा पर्ने छैन ।

७) संस्थाले शेयर पूजी  कोषको दश गुणा सम्म बचत संकलन गर्न सक्नेछ ।

८) संस्थाले दर्ता गर्दाको बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अबधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

४०. **सन्दर्भ व्याजदर सम्बन्धि व्यवस्थाः** १) संघिय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ व्याजदर संस्थाका लागि निर्देशक व्याजदर हुनेछ ।

४१. **व्यक्तिगत बचतको सीमा :** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ ।







## परिच्छेद : ९
## आर्थीक स्रोत परिचालन

४२. **शेयर विक्री तथा फिर्ता सम्बन्धि व्यवस्थाः** १) संस्थाले आ  नो सदस्यलाई शेयर विक्रीगर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले एकैसदस्यलाई आ  नो कुल शेयर पूाजीको बीस प्रतिशत भन्दा बढि हुने गरिशेयर विक्रीगर्न सक्ने छैन ।

तर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको  पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

३) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाा हुनेछ ।

४) संस्थाको शेयर पूाजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

५) संस्थाले खुला बजारमा शेयर विक्री गर्न पाउने छैन ।

६) संस्थाको मुलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायीत्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम विक्री गरिने छैन ।

४३. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धि व्यवस्था :** १) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरि रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिना भित्र निजको बााकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरि बााकी रकम तोकिएबमोजिम निजलाई फिर्ता गर्नुपर्नेछ ।

३) संस्थाले बचत खाताहरु मात्र संचालन गर्नुपर्नेछ ।

४४. **ऋण वा अनुदान लिन सक्नेः** १) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसंग साझेदारीमा कामगर्न संघीय कानून बमोजिम स्वीकृती लिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतिको लागी तोकिए बमोजिमको विवरणहरु सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले गाउा कार्यपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिमको प्रस्ताव गाउा कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतिका लागी मन्त्रालयमा सिफारिस गरि पठाउनेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:**१) संस्थाले विदेशी बैंक वा निकायसंग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा संघीय कानून बमोजिम स्वीकृतिको लागी दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्नेछ ।

२) दफा (१) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा गाउापालिकाले संघीय कानून बमोजिम स्वीकृतिको लागी मन्त्रालयमा सिफारिस गरि पठाउनु पर्नेछ ।

## परिच्छेद : १०
## संस्थाको कोष

**४६. संस्थाको कोष :** १) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :

क) शेयर विक्रीबाट प्राप्त रकम,

ख) बचतको रुपमा प्राप्त रकम,

ग) ऋणको रुपमा प्राप्त रकम,

घ) नेपाल सरकार बाट प्राप्त अनुदान,

ङ) विदेशी सरकार वा अन्र्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

च) व्यवसायीक कार्यवाट आर्जित रकम,

छ) सदस्यता प्रवेश शूल्क,

ज) संस्थाको नाममा प्राप्त हुने जुनसुकै रकम ।

**४७. जगडा कोष :** १) संस्थामा एक जगेडा कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् ।

क) आर्थिक वर्षको खुद बचत रकमको कम्तिमा पच्चिस प्रतिशत रकम,

ख) कुनै संस्था,संघ वा निकायले प्रदान गरेको पूजिगत अनुदान रकम,

ग) स्थिर सम्पति विक्रीबाट प्राप्त रकम,

घ) अन्य स्रोतहरुबाट प्राप्त रकम ।

३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

**४८. संरक्षित पूँजी फिर्ता कोष:**१) संस्थाको एका संरक्षित पूाजी फिर्ता कोष रहनेछ ।

२) दफा ४७ बमोजिमको जगेडा कोषको उपदफा (२) को खण्ड (क) बमोजिमका रकम छुट्याई बााकी रहेको रकमको कम्तीमा पच्चिस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नुपर्नेछ ।







३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानूनमा तोकिए बमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धि व्यवस्था:** १) संस्थाले सहकारी व्यवसायको प्रबर्द्धन गर्नको लागी दफा ४७ बमोजिम जगडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बााकी रहेको रकमको शून्य दशमलव पााच प्रतिशतले हुन आउने रुकम संघीय कानूनमाव्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमा जम्मा गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानूनका व्यवस्था भए बमोजिम हुनेछ ।

**५०. अन्य कोष सम्बन्धि व्यवस्था:** १) दफा ४६,४७,४८ र ४९मा उल्लेखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांस कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्नेछन् ।

२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागी विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांसको रकम शेयर पाूजीको पन्ध्र प्रतिशत भन्दा बढि हुने छैन ।

## परिच्छेद : ११
## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :**१) संस्थाले साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका निर्णय तथा काम कारवाहि अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

२) संस्थाले कारोबार संग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

**५२. विवरण उपलब्ध गराउनु पर्ने:**१) संस्थाले देहायका विवरणहरु सहितको प्रतिवेदन आ.व.समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गुर्नपर्नेछ ।

क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

ख) बार्षिक कार्यक्रम, नीति तथा योजना,

ग) खुद बचत सम्बन्धि नीति तथा योजना,

घ) संचालकको नाम तथा बााकी कार्यविधिको सूची,

ङ) साधारणसभाको बैठक सम्बन्धि जानकारी,
च) शेयर सदस्य संख्या र शेयर पूजी,
छ) संचालक वा सदस्यले लिएको ऋण तिर्न बााकी रहेको रकम,
ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिएको अन्य विवरण ।

## परिच्छेद : १२
## लेखा र लेखापरीक्षण

**५३. कारोबारको लेखाः** संस्थाको लेखा दोहोरो लेखा प्रणालिमा आधारीत र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरि संघीय कानून बमोजिम रजिष्ट्रारले लागु गरेको लेखामान (एकाउन्टिङ स्ट्यान्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नुपर्नेछ ।

**५४. लेखापरीक्षण :** १) संस्थाले प्रत्येक आर्थीक वर्षको लेखापरीक्षण सो आर्थीक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षक द्वारा गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरिक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखापरीक्षण इजाजत पत्र प्राप्त लेखापरीक्षक बाट गराउन सक्नेछ ।

३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागी साधारणसभा समक्ष पेश गर्नुपर्नेछ ।

५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरिक्षणको लागी साधारणसभाले दफा ५५ को अधिनमा रहि अर्को लेखापरिक्षक नियुक्त गर्नेछ ।

**५५. लेखापरीक्षकको नियुक्ति :** १) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरु मध्यबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरि पारीश्रमिक समेत तोक्नेछ ।

२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थीक वर्षभन्दा बढि हुनेगरि नियुक्ति गर्नसकिने छैन ।







**५६. लेखापरीक्षकमा नियुक्त हुन सक्ने :** १) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन ।
क) सहकारी संस्थाको संचालक,
ख) सम्बन्धित संस्थाको सदस्य,
ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरि नियुक्त सल्लाहकार वा कर्मचारी,
घ) लेखापरीक्षण सम्बन्धि कसुरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,
ङ) दामासाहीमा परेको,
च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजाय पाएको पााच वर्ष भुक्तान नभएको,
छ) सम्बन्धित संस्थासंग स्वार्थ बााझिएको व्यक्ति ।

२) लेखापरीक्षकले आफु नियुक्त हुनु अघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नु पर्नेछ ।

३) कुनै लेखापरीक्षक अ नो कार्यकाल समाप्त नहुदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

४) यस दफाको प्रतिकुल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिचछेद : १३
## छुट,सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियत :** १) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानून बमोजिम हुनेछ ।

२) उपलफा (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट,सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद : १४
## ऋण असुली तथा बाँकी बक्यौदा

**५८. ऋण असुल गर्ने :** १) कुनै सदस्यले संस्था संग गरेको ऋण सम्झौता वा शर्त कवुलियतको पालना नगरेमा, लिखतको भाकाभित्र ऋणको साावा,व्याज र हर्जना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम विक्रि गरि वा अन्य कुनै व्यवस्था गरी आ  नो साावा, व्याज र हर्जना असुल उपर गर्न सक्नेछ। धितो सम्बन्धि संस्थाले स्वीकारे पश्चात पनि ऋणिले साावा व्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नु पर्नेछ ।

२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिएकोमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीर्लाइ निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिने छ ।

३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदपफा (१) वा (२) बमोजिमको धितोबाट पनि साावा, व्याज र हर्जना रकम असुल उपरहुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साावा, व्याज र हर्जना असुल उपर गर्न सकिनेछ ।

४) यस दफा बमोजिम साावा, व्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साावा, व्याज र हर्जनाको रकम कट्टा गरि बााकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम विक्रि गर्दा लिलाम स्वीकार्ने व्यक्रिको नाममा सो धितोवा जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरि सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

६) यस दफा बमोजिम धितो राखेको सम्पति लिलाम विक्री गर्दा कसैले स्वीकार नगरेमा त्यस्तो सम्पति सम्बन्धित संस्था आफैले स्वीकार गर्न सक्नेछ ।

७) उपदफा (६) बमोजिम आफैले स्वीकार गरेमा त्यस्तो सम्पति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखि पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरि दिनुपर्नेछ ।







**५१. कालो सूची सम्बन्धि व्यवस्था :** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साावा, व्याज फिर्ता नगर्ने व्यक्रिको नाम सहीत कालो सूची प्रकाशन सम्बन्धि व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धि व्यवस्था:** कर्जा सूचना केन्द्र सम्बन्धि व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६१. बाँकी बक्यौदा असुल उपर गर्ने :** कसैले संस्थालाई तिर्नु, बुझाउनु पर्ने रकम नतिरी बााकी राखेमा त्यस्तो रकम  र सोको व्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ ।

**६२. रोक्का राख्न लेखी पठाउने :** १) संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागी कुनै व्यक्तिको खाता, जायजेथाको स्वमित्व हस्तान्तरण, नामसारी वा विक्रि गर्न नपाउने गरि रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम रोक्काको लागी लेखि आएमा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्रि गर्न नपाउने गरि रोक्का राख्न राखी दिनु पर्नेछ ।

**६३. अग्राधिकार रहने:** कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दावी भए त्यसको लागी रकम छुट्याई बााकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

**६४. कारवाहि गर्न बाधा नपर्ने :** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसुरमा कारवाहि चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद : १५
## एकीकरण, बिघटन तथा दर्ता खारेज

**६५. एकीकरण तथा विभाजन सम्वन्धी व्यबस्था:** १) यस विधयकको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

२) उपदफा १ बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

३) उपदफा २ बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

६६. **विघटन र दर्ता खारेज :** १) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

ख) सदस्यको हितगर्न नसक्ने भएमा ।

२) उपदफा १ बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

ख) कुनै संस्थाले यो विधेयक वा यस विधेयक अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

ग) विनियममा उल्लेखित उद्देश्य विपरीत कार्य गरेमा,

घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

४) उपदफा २ वा ३ बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाइको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

५) उपदफा २ वा ३ बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

६) उपदफा २ वा ३ बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. **लिक्वीडेटरको नियुक्तिः** १) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

२) उपदफामा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि संघिय कानुनमा तोकिएका सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।







६८. **लिक्वीडेशन पछिको उपयोग :** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बााकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १६
## दर्ता गर्ने अधिकारी

६९. **दर्ता गर्ने अधिकारी :** १) यस विधेयक अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरु गाउापालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

२) उपदफा १ बमोजिमको दर्ता गर्ने अधिकारीले यस विधेयक बमोजिम आफुमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफु मातहतको अधिकृतस्तरको कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

७०. **काम, कर्तव्य र अधिकार :** यस विधयकमा अन्यत्र उल्लेखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिाए बमोजिम हुनेछ ।

## परिच्छेद–१७
## निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अभिलेख जााच गर्ने:** १) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

२) नेपाल राष्ट्र बैंकले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाब किताब वा वित्तिय कारोवारको निरीक्षण वा जााच गर्न, गराउन सक्नेछ ।

३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले औ ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरु संस्थाबाट झिकाई निरीक्षण तथा सुपर सुपरीवेक्षण गर्न सक्नेछ ।

४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जााच गर्दा गर्ने अधिकारीवा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

५) उपदफा १ वा २ बमोजिम निरीक्षण वा हिसाब जााच गर्दा कुनै संस्थाको कामकारबाही यो विधेयक यस विधेयक अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

६) नेपाल राष्ट्र बैङ्कले यस्स दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले गाउा कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७२. छानबिन गर्न सक्ने:** १) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

२) उपदफा १ बमोजिम छानविन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

३) उपदफा १ वा २ बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाइ लिखित रुपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :** १) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

३) उपदफा २ बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** १) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन गाउा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा १बमोजिम प्रतिवेदनमा देहायका विवरणहरु खुलाउनु पर्नेछ :

क) सञ्चालनमा रहेका संस्थाको विवरण,

ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

ग) संस्थामा सहकारी सिद्धान्त र यो विधेयक, यस विधयक अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,







घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

च) संस्थालाई गाउापालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

ञ) संस्थामा रहेका कोषको विवरण,

ट) संरक्षित पाूजी फिर्ता कोष वितरणको अवस्था,

ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु,

ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

ण) तोकिए बमोजिमका अन्य विवरण ।

**७५. आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्था :** १) संस्थाले संघीय कानुनमा व्यवस्था भएबमोजिम आˆना सदस्यहरुको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपुर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्था :** १) बचत तथा ऋण विषयगत संस्थाहरु सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद–१८

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने:** १) यस विधेयक बमोजिम गरिएको निरीक्षण वा हिसाब जााचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ :

क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पुरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

ग) सदस्यहरुको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

घ) यो विधेयक, यस विधेयक अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेका भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा वीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरुले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम गठण गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्थोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

७८. **व्यवस्थापन समितिको गठन :** १) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यकालागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१९
## कसूर दण्ड जरिवाना तथा पुनरावेदन

७८. **कसूर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस विधेयक अन्तर्गतको कसूर गरेको मानिनेछ ।

क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आ  नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह, वा अन्य कुनै कार्य गरेमा,







ख) सदस्यको यस विधेयक र यस विधेयक अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

ग) तोकिएको भन्दा बढि रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफु खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

ज) संस्थाले यस विधेयक र यस विधेयक अन्तरर्गत बनेको नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

ञ) धितोको अस्वाभाविक रुपमा बढि मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढि ऋण लिएमा वा दिएमा,

ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेखे वा अर्को भिन्न श्रेस्ता राखे जस्ता काम गरेबाट आफुलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

ण) ऋणको धितो स्वरुप राखिन चल अचल सम्पति लिलाम विक्रि वा अन्य प्रयोजनको लागी मुल्याङकन गर्दा मुल्याङकन कर्ताले बढि,कम वा गलत मुल्याङ्कन गरि संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

त) संस्थालाई हानी नोक्सानी पु¥याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराए, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, विना मुल्य वा कम मुल्यमा कुनै माल, बस्तुवा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानुनी लाभ वा हानी पु¥याउने बदनियतले कुनै कार्यगरे वा गराएमा,

थ) कुनै संस्था वा सो को सदस्य वा बचनकर्ता वा ति मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरि लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुठो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

८०. **सजाय :** १) कसैले दफा ७९ को कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ।

क) खण्ड (ख), (ग), (ङ) र (थ) को कसुरमा एक वर्ष सम्म कैद र एक लाख रुपैयाासम्म जरिवाना

ख) खण्ड (ठ) को कसुरमा दुई वर्ष सम्म कैद र दुइ लाख रुपैयाा सम्म जरिवाना,

ग) खण्ड (ख) को कसुरमा विगो बराबरको रकम जरिवाना गरि तीन वर्ष सम्म कैद,

घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण), (त) को कसुरमा विगो भराई विगो बमोजिम जरिवाना गरि देहाय बमोजिमको कैद हुनेछ :

१) दश लाख रुपैयाासम्म विगो भए एक वर्ष सम्म कैद,

२) दश लाख देखी पचास लाख रुपैयाासम्म बिगो भए दुई वर्ष देखी तीन वर्ष सम्म कैद,

३) पचास लाख देखी एक करोड रुपैयाासम्म बिगो भए तीन वर्ष देखी चार वर्षसम्म कैद,

४) एक करोड देखी दश करोड रुपैयाासम्म बिगो भए चार वर्ष देखी छ वर्षसम्म कैद,

५) दश करोड देखी एक अर्व रुपैयाासम्म बिगो भए छ बर्ष देखी आठ वर्षसम्म कैद,

६) एक अर्व रुपैयाा भन्दा माथिको बिगो भए आठ वर्ष देखी दश वर्षसम्म कैद ।

ङ) खण्ड (ढ) को कसुरमा दश वर्षसम्म कैद ।

२) दफा ७९ को कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पु¥याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुन सजायको आधा सजाय हुनेछ ।







३) दफा ७९ को कसुर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पु¥याउने कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८१. **जरिवाना हुने:** १) दफा ८७ बमोजिम कसैको उजुरी परि वा संस्थाको निरीक्षण, अनुगमन वा हिसाव किताबको जााच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाईएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भिर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पााच लाख रुपैयाा सम्म जरिवाना गर्नेछ :

क) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियम विपरीत सदस्यसंग व्याज लिएमा,

ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशत भन्दा बढि कायम रहेमा,

ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मुल कर्जामा पाुजीगत गरि सो को आधारमा व्याज लगाएमा,

घ) कुनै सदस्यलाई आँ नो पुाजीकोषको तोकिए बमोजिमको प्रतिशत भन्दा बढि हुने गरि ऋण प्रदान गरेमा,

ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अबधि व्यतित नभई ऋण लगानी गरेमा,

च) प्राथमिक पाुजी कोषको दश गुणा भन्दा बढि हुने गरि बचत संकलन गरेमा,

छ) शेयर पाुजीको पन्ध्र प्रतिशतभन्दा बढि शेयर लाभांश वितरण गरेमा,

ज) संस्थाले आˆ नो क्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग करोबार गरेमा,

झ) संस्थाले यो ऐन विपरीत कृतिम व्यक्तिलाई आˆ नो सदस्यता दिएमा ।

२) उपदफा (१)मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाासम्म जरिवाना गर्न सक्नेछ :

क) यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम दिइएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

ग) यस ऐन बमोजिम निर्वाचन नगरि समिति तथा लेखा सुपरिबेक्षण समितिका पदाधिकारीहरु आफु खुशी परिवर्तन गरेमा, कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिम तोकिएको शर्त पालना नगरेमा,

घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तिमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

८२. **रोक्का राख्नेः** १) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैंकखाता रोक्का राख्ने तथा सम्पति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार , सम्पति वा बैंक खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीर्लाइ दिनुपर्नेछ ।

८३. **दोब्बर जरिवाना हुने :** दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटक देखी प्रत्येक पटकको लागी दोब्बर जरिबाना गर्नेछ ।

८४. **अनुसन्धानको लागी लेखी पठाउन सकिनेः** दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले यस ऐन बमोजिम आ नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नका लागी सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

८५. **मुद्दासम्बन्धि व्यवस्था :** दफा ८० बमोजिम सजाय हुने कसुरको मुद्दा सम्बन्धि व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

८६. **मुद्दा हेर्ने अधिकारी :** दफा ८० बमोजिमको सजाय हुने कसुर सम्बन्धि मुद्दाको कारबाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

८७. **उजुरी दिने हद म्यादः** १) कसैले दफा ८० बमोजिम हुने सजाय हुने कसुर गरेका वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।







२) कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

८८. **पुनरावेदन गर्न सक्नेः** १) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ८८ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझेमा सो निर्णयेका जानकारी पाएको मितिले पैतिस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्छः

क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

ख) नेपाल राष्ट्रबैंकले गरेको निर्णय उपर सम्बन्धि उच्च अदालतमा,

८९. **असुल उपर गरिने :** यस परिचछेद बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने जरिवाना वा कुनै रकम नतिरी बाकी रहेकोमा त्यस्तो जरिवाना वा रकम नीजबाट सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद : २०
## विविध

९०. **मताधिकारको प्रयोगः** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भएतापनि सम्बन्धित संस्थाको कार्य संचालनमा एक सदस्य एक मतको आधारमा आ नो मताधिकार प्रयोग गर्न सक्नेछ ।

९१. **सामाजिक परिक्षण गराउन सक्ने :** १) संस्थाको विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्नका लागी समितिबाट भएका निर्णय र कार्य, सदस्यहरुले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरुको जीवनस्तरमा आएको आर्थीक, सामाजिक, सास्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परिक्षण गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम भएको सामाजिक परिक्षणको प्रतिबेदन छलफलको लागी समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परिक्षण प्रतिवेदन छलफल गरि साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन गर्नुपर्नेछ ।

४) यस दफा बमोजिमको सामाजिक परिक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

९२. **सहकारी शिक्षा :** सहकारी क्षेत्रको प्रवर्द्धनको लागी विद्यालय तहको पाठ्यक्रममा आधारभुत सहकारी सम्बन्धि विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९३. **आर्थीक सहयोग गर्न नहुने :** संस्थाको रकमबाट समितिको निर्णय बमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् ।
तर सामाजिक कार्यको लागी गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न बाधा पर्नेछैन ।

**स्पष्टिकरण :** यस दफाको प्रयोजनको लागी सामाजिक कार्य भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण, संरक्षण, मानवीय सहायता, सहकारीता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउछ ।

९४. **अन्तर सहकारी कारोवार गर्न सक्ने:** संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन ।

९५. **ठेक्कापट्टा दिन नहुने:** संस्थाले आ  नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको आयोजक वा सदस्य वा आ  नो कर्मचारीलई ठेक्कापट्टा दिन हुदैन ।

९६. **सरकारी बाँकी सरह असुल उपर हुने:** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयेग गरेको पाइएमा प्रचलित कानूनबमोजिम सरकारी बााकी सरह असुल उपर गरिनेछ ।

९७. **कम्पनी सम्बन्धि प्रचलित ऐन लागु नहुने:** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाके हकमा कम्पनी सम्बन्धि प्रचलित ऐन लागु हुने छैन ।

९८. **प्रचलित कानून बमोजिम कारवाहि गर्न बाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

९९. **सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धि कानूनी व्यवस्थाको पालना गर्नुपर्ने:** संस्थाले सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धि संघीय/प्रदेश कानूनमा भएको व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मापदण्ड र नेपाल राष्ट्रबैंकको वित्तीय जानकारी इकाइबाट जारी भएका निर्देशिकाहरुको पालना गर्नुपर्नेछ ।

१००. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागी कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।







१०१. **मापदण्ड, निर्देशिका वा कार्यविधी बनाई लागु गर्न सक्ने:** १) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको दर्ता, संचालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहिलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम मापदण्ड बनाउदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्रबैंक, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

## स्थानीय सडक ऐन–२०७५

### स्थानीय सडक निर्माण,संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन–२०७५

**प्रस्तावनाः** सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागी सबै किसिमको सार्वजनिक सडकहरुको वर्गीकरण गरि तिनिहरुको निर्माण, संभार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिव माफिकको मुआब्जा वितरण गर्न सार्वजनिक सडकबाट लाभान्वित हुने सडक छेउका जग्गावालाहरुबाट विकास कर असुल गर्ने व्यवस्था समेत गर्न वाञ्छनीय भएकोले गाउा सभाबाट यो ऐन बनाएको छ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम “स्थानीय सडक ऐन २०७५” रहेको छ।

(२)यो ऐन स्थानीय तह जगदुल्ला गाउापालिकामा लागु हुनेछ।

(३)यो ऐन जगदुल्ला गाउा परिषदबाट पारित भएको दिन देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रस□ले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “स्थानीय सडक” भन्नाले कसैको निजी भोग चलनमा नरहेको सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कलभर्ट र फुटपाथलाई समेत जनाउाछ।

(ख) “सडक सीमा” भन्नाले स्थानीय सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाा बायाा दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ।

(ग) “जग्गा” भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख इत्यादि र सोसंग स्थायी रुपले जोडिएको चिज वस्तुलाई समेत जनाउाछ।

(घ) “प्रमुख प्रशासकिय  अधिकृत” भन्नाले नेपाल सरकारले तोकेको अधिकारी सम्झनु पर्छ।

## परिच्छेद–२
## स्थानीय सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

३. **स्थानीय सडकहरुको वर्गीकरण तथा तीनको सडक सीमा :** स्थानीय सरकारले गाउा सभाबाट पासगरि स्थानीय सडकलाई देहाय बमोजिम वर्गीकरण गरि त्यस्ता सडकको केन्द्र रेखादेखि दायाा बायाा दुवैतिर ३०/३० मि. नबढाई सडक सीमा तोक्नेछ। तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति र वस्तिको कारण त्यस्तो सडक सीमा वेग कम गर्न वा पुल तथा पुलको वरपर नदीको तटवन्ध सुरक्षाको लागि चार किल्ला समेत खोलि आवश्यक सीमा तोक्न सक्नेछ।

(क) राजमार्ग,
(ख) सहायक मार्ग,
(ग) जिल्ला वेग मार्ग र
(घ) स्थानीय मार्ग

३. **(क) तोकिएको फासलाभित्र भवन आदि बनाउन निषेध गर्न सकिनेः**(१) दफा ३ बमोजिम सडक सीमा तोकिएकोमा सडकसीमाको र सडकसीमा नतोकिएकोमा स्थानीय सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरि स्थानीय सरकारले गाउापालिकाले सूचना प्रकाशित गरि तोकेको फासलाभित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनौट वा भवन कसैले निर्माण गर्न नपाउने गरि निषेध गर्न सक्नेछ। तर गाउापालिका विकास सम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धि प्रचलित नेपाल कानुनमा व्यवस्था भएबमोजिम हुनेछ।

(२)उपदफा (१) बमोजिम निषेध गरिएको फासलाभित्र कसैले कुनै किसिमको स्थायी बनौटवा भवन निर्माण गरेमा त्यस्तो बनौट वा भवन गाउापालिकाको आदेशले भत्काउन सकिनेछ। गाउापालकाले त्यस्तो बनौट वा भवन भत्काउादा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ।

४. **स्थानीय सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिनेः**स्थानीय सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा स्थानीय सरकारले जग्गा प्राप्ति सम्बन्धि प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।







## परिच्छेद–३
## स्थानीय सडकको रेखदेख, संभार र अन्य व्यवस्था

५. **सडक निर्माण, विस्तार वा सुधार गर्दा अरु जग्गा अधिग्रहण गर्न सकिने :**
(१) कुनै सार्वजनिक सडकको निर्माण, विस्तार सुधार गर्ने अस्थायी रुपले अधिग्रहण गर्न सक्नेछ।

(क) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सर सामान उपकरण राख्न वा त्यस्तो निर्माण विस्तार वा सुधार सम्वन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरु वस्ने घर, कटेरो बनाउन,
(ख) त्यस्तो सडकको निर्माण विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमान चालु राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन।

(२) उपदफा (१) मा उल्लिखित कामको लागी विशेष स्थिति परेमा बाहेक देहायको घरजग्गा अधिग्रहण गर्न हुादैन

(क) कुनै व्यक्तिले आँ नो वा सस्थानको निमित्त प्रयोग गरि राखेको घर, टहरावा इमारत,
(ख) देवस्थल, स्कुल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको जग्गा।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई भरसक अधिग्रहण गर्दाकै अवस्थामा फिर्ता गरि दिनु पर्नेछ।

६. **अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारणः**(१) देहायको अवस्थामा बाहेक दफा ५ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा कुनै क्षतिपूर्ति दिइने छैनः

(क) कुनै घर, टहरा वा इमारत सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वाइमारतको धनीले सो घर, टहरा वा इमारत उपभोग गर्न नपाए बापतको क्षति,
(ख) बालीनाली लगाउने समय नाघ्ने गरि कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरुप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछ :

(क) गाउपालिका र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोही बमोजिम,

**७. सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेखः** (१) गाउपालिका सडकले आवश्यकता अनुसार सार्वजनिक सडकको दायाा बायाा रुख लगाउनु पर्नेछ

(२) उपदफा (१) बमोजिम लगाएका रुखहरुको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्बन्धित वडा कार्याल र स्थानीय समूदायको हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुखको काटछााट गर्ने वा त्यस्तो रुखले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी गाउपालिका सडकको हुनेछ ।

(४) उपदफा (१), (२), र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सडक विभागले सो उपदफाहरुमा उल्लिखित कार्यहरु तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा गराउन सक्नेछ ।

**८. आसपासको जग्गाबाट माटो,ढुङ्गा वा बालुवा लिन सकिनेः** (१) स्थानीय सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढु□ा वा बालुवा लिन आवश्यक परेमा गाउपालिका सडकको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढु□ा वा बालुवा लिन सकिनेछ। त्यस्तो जग्गाबाट माटो, ढु□ा वा बालुवा लिादा त्यसमा रहेको कुनै बाली रुख बिरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ। त्यस्तो जग्गाबाट माटो ढु□ा वा बालुवा लिदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढु□ा वा बालुवा लिनु परेमा भने सम्बन्धित घरधनीको स्वीकृति प्राप्त गरि त्यस्तो कार्य गर्न सकिनेछ ।

**९. स्थानीय सडकको आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकारः**

(१) कसैले स्थानीय सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याउने भए त्यस्तो







माल वस्तु हटाउनको निमित्त मुनासिब माफिकको अवधि तोकी सरोकारवाला व्यक्तिको नाममा आदेश जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई स्थानीय निकायले सडकको छेउ लगाई राख्न वा आˆ ना कब्जामा राख्ने गरि अन्यत्र लैजान सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सर्म्पूण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो बस्तुलाई तुरुन्त सडकबाट हटाउेन अधिकार स्थानीय निकायलाई हुनेछ ।

(४) उपदफा (१) मा उल्लिखित माल वस्तु बाहेक स्थानीय सडकको दायाा बाया रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरि राखिएको, जडिएको वा बनाएको कुनै चीज वस्तु वा ढोका वा रुखको हाागा वा लहरा वा तारेल त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको छ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरि मिलाई राख्न सरोकारवाला व्यक्तिको नाममा मनासिब माफिकको म्याद तोकी स्थानीय निकायले आदेश गर्न सक्नेछ र त्यस्तो आदेशमा सम्बन्धित चीज वस्तु वा ढोकालाई राख्ने, बनाउने वा जोड्ने ढााचा र रुख वा लहरालाई काट छााट गरि कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको म्याद भित्र आदेशमा लेखिएको काम कारवाही नगरेमा स्थानिय निकायले आˆ नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाई गराउन सक्नेछ ।

**१०. स्वीकृति नलिई स्थानीय सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुनेः**

(१) गाउपालिका सडकको स्वीकृति प्राप्त नगरि कसैले स्थानीय सडकसाग जोडिन गरि प्रवेश मार्ग बनाउन, स्थानीय सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो वा सडकसीमाभित्र जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्न हुदैन ।

(२) कसैले गाउपालिकाको स्वीकृति प्राप्त नगरि उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा गाउपालिकाले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारबाही चलाउनु पर्ने भए सो चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएका

किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरो वा छाप्रो भत्काउन वा आवादी गरेको जग्गा सम्याउन मनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाममा आदेश जारी गर्न सक्नेछ ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो भत्काउन वा आवादी गरेको जग्गा सम्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट गाउापालिकाले असुल उपर गरि लिन सक्नेछ ।

११. **धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार :** (१) कसैलाई कुनै कामको निमित्त स्थानीय सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सडक विभागको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागी माग गरेमा गाउापालिकाले आवश्यक जााचबुझ गरि त्यसरी खनिने वा भत्काउने स्थानीय सडक वा सडक सीमालाई मर्मत गरि पूर्वानुमान कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सडक वा सडक सिमा खन्ने स्वीकृति दिदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरु गाउापालिकाले तोक्न सक्नेछ र त्यस्तो शर्तहरु पालन गर्नेछु भनि स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउनु आवश्यक देखेमा गाउापालिकाले सो समेत गराई लिन सक्नेछ ।

१२. **गाउँपालिकाले खर्च भराउन सक्ने :** (१) दफा ९ को उपदफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउादा वा सोही दफाको बमोजिम कुनै काम कारबाही गर्दा गाउापालिकाले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन गाउापालिकाले सरोकारवाला व्यक्तिको नाममा पैतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागी माग पनि नगरेमा सरकारी बााकी सरह असुल उपर गर्ने तर्फ कारबाही चलाउनु पर्नेछ ।







(३) स्थानीय सडकको आवागमनमा बाधा पुऱ्याउने गरि छोडेको वा राखेको कुनै माल वस्तुलाई गाउापालिकाले आँ नो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छाउादा वा अन्यत्र लैजादा सो गाउापालिकाले व्यहोर्नु परेको खर्च उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरिराख्न सक्नेछ र एक वर्षसम्म पनि त्यस्तो खर्च उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो माल वस्तु स्थानीय सरकारमा लाग्नेछ ।

## परिच्छेद–४
## विकास करसम्बन्धी व्यवस्था

१३. **विकास कर असुलउपर गर्नसक्ने:** यो ऐन लागू भएपछि निर्माण भएको सडकको दायाा वायाा रहेको जग्गामा स्थानीय सरकारले विकास कर एक पटक लगाई असुल उपर गर्न सक्नेछ ।

१४. **विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन:** (१) सडक सीमा तोकिएको सडकसीमाको र सडकसीमा नतोकिएको सडकको किनाराबाट दुवै तर्फ १०० मिटरसम्मको जग्गामा विकास कर लाग्नेछ ।
तर दफा (३) (क) बमोजिम कुनै स्थायी बनौट वा भवन निर्माण गर्न निषेध गर्ने गरि तोकिएको फासला भित्र पर्ने जग्गामा विकास कर लाग्ने छैन ।

(२) विकास करको कायम गर्ने प्रयोजनको लागि उपदफा (१) बमोजिमको जग्गालाई १०० मिटरको खण्डहरुमा विभाजन गरि देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) ५० मीटरसम्मको जग्गाको खण्ड “क” ।
(ख) ५०मीटर देखि ७५ मीटरसम्मको जग्गा खण्ड “ख” ।
(ग) ७५ मीटर देखि १०० मीटरसम्मको जग्गा खण्ड “ग”।

१५. **विकास करको निर्धारण :** (१) गाउापालिका भित्रको जग्गा प्राप्त गर्दा जुन क्षेत्र वा ठााउमा त्यस्तो जग्गा जे जति मोल कायम भई मुआब्जा दिइएको हो, त्यस्ता क्षेत्र वा ठाउमा सोही मोलको देहाय बमोजिमको प्रतिशतले हुने रकम विकास कर स्वरुप असुल उपर गरिनेछ :

(क) खण्ड “क” को जग्गामा १० प्रतिशत,
(ख) खण्ड “ख” को जग्गामा ५ प्रतिशत ।
(ग) खण्ड “ग” को जग्गामा २ प्रतिशत ।

**उदाहरणः** कुनै एक क्षेत्रमा जग्गा प्राप्त गर्दा एक रोपनी जग्गाको मोल रु.५०००।- कायम भै मुआब्जा वितरण भएको रहेछ र त्यस्तो क्षेत्रमा विकास कर तिर्नुपर्ने कुनै व्यक्तिको जम्मा डेढ रोपनी जग्गा मध्ये आधा रोपनी खण्ड "क" मा र एक रोपनी जग्गा खण्ड "ख" मा परेको रहेछ भने निजले यस दफा बमोजिम तिर्नुपर्ने विकास करको रकम यस बमोजिम हुनेछ :

| | |
|---|---|
| खण्ड "क" मा परेको एकरोपनी जग्गाको १० प्रतिशतले रु. | ५००।- |
| खण्ड "ख" मा परेको एकरोपनी जग्गाको ५ प्रतिशतले रु. | २५०।- |
| खण्ड "ग" मा परेको एकरोपनी जग्गाको २ प्रतिशतले रु. | १००।- |
| **जम्मा रू.** | **८५०** |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले कुनै जग्गाको अधिस्थापनलाई ध्यानमा राख्दा वा अरु कुनै कारणबाट त्यस्तो जग्गामा लाग्ने विकास करको दरलाई घटाउन वा विकास कर नलाग्ने गरि छुट दिन आवश्यक ठहराएमा स्थानीय सरकारले सूचना प्रकाशित गरि त्यस्तो विकास करको दर घटाउन वा छुट दिन सक्नेछ। त्यसरी विकास करको दर घटाउन वा छूट दिने सम्बन्धमा स्थानीय सरकारले मुआब्जा निर्धारण समितिको सिफारिसलाई समेत ध्यान दिनेछ ।

१६. **विकास कर बुझाउने अवधि र कार्यालय :** (१) यस ऐन बमोजिम बुझाउनु पर्ने विकास करलाई तोकिए बमोजिमको किस्ताबन्दीमा तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

तर आफूले बुझाउनु पर्ने जति विकास करको पुरै रकम कसैले एकमुष्ठ बुझाउन चाहेमा यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) विकास कर बुझाउने म्याद तथा सम्बन्धित अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१७. **विकास कर नबुझाएमा मालपोत बाँकी सरह असुल गरिनेः** (१) कसैले दफा १६ बमोजिमको म्यादभित्र विकास कर नबुझाएमा प्रचलित नेपाल कानुन बमोजिम मालपोत बाकी राखे सरह कारबाही चलाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विकास कर बाकी राखेकोमा कारवाही चलाउादा सम्बन्धित जग्गा लिलाम गर्नु पर्ने भएमा प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो विकास कर लागेको जग्गालाई लिलाम बढाबढ गर्नु अघि स्थानीय सरकारको स्वीकृति लिई मात्र लिलाम गर्नु पर्छ ।







## परिच्छेद-५
## विविध

१८. **क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यस उपरको उजूरी :** (१) दफा ८ को उपदफा (४) वा दफा ९ को उपदफा (४) बमोजिम दिइने क्षतिपूर्ति रकम गाउापालिकाका सम्बन्धित वडा अध्यक्षको उपस्थितिमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सुचना प्राप्त गरेको पैतीस दिनभित्र स्थानीय सरकार समक्ष उजूर गर्न सक्नेछ ।

१९. **उजुर परेको कारणले जग्गा अधिग्रहण गर्न बाधा नपर्नेः**(१) दफा १८ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम कुनै कामको लागी जग्गा अधिग्रहण गर्नमा बाधा पर्ने छैन ।

२०. **सरकारी कार्यालयले सडक खन्नु परेमा सूचना दिनुपर्नेः**स्थानीय सरकारको कुनै निकाय वा कार्यालयले कुनै कामको लागि सार्वजनिक सडक वा सडक सिमा खन्नु पर्दा गाउापालिकाको पूर्व स्वीकृति लिई खन्नु पर्छ र त्यसरी सडक वा सडक सीमा खन्ने सम्बन्धमा गाउापालिकाले कुनै तरीका वा शर्त तोकेको भए सो समेत पालन गर्नु पर्नेछ ।

२१. **दण्ड सजायः** (१) दफा ५ बमोजिम जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै सूचना टाास गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा तीन महिना सम्म कैद वा २५ हजार रुपैया जरिवाना वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ७ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा वा दफा ८ बमोजिम माटो, ढु□ा, बालुवा लिदा बाधा विरोध गरेमा वा दफा ९ को वर्खिलाप कुनै काम गरेमा रु.२००० जरिवाना हुनेछ ।

(३) कसैले दफा १० को उपदफा १ को वर्खिलाप कुनै काम गरेमा वा सोही दफाले उपदफा ३ बमोजिम स्थानिय सरकारले कुनै काम कारबाही गर्दा बाधा विरोध गरेमा एक वर्ष कैद वा पााच हजार रुपैयाा वा दुवै सजाय हुनेछ ।

२२. **मुद्दाको तहकिकात र दायरा :** यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणीसम्मको कर्मचारीले गर्नेछ र त्यस्तो तहकिकात काम पूरा भएपछि गाउापालिकाले तोकेको अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

२३. **कारबाही गर्ने अधिकार र त्यस उपरको पुनरावेदन :** (१) दफा (५) दफा (७) दफा (८) को बर्खिलाप स्थानीय तथा सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरि कुनै काम गरेको कसुरको सम्बन्धमा कारबाही गरि सजाय दिने अधिकार स्थानीय सरकारले सूचना प्रकाशित गरि तोकेको अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही गर्दा स्थानिय सरकार वा तोकेको अधिकारील प्रचलित कानुन बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानिय सरकार वा तोकेको अधिकारीले सजाय गर्न गरेको आदेशबाट मर्का पर्ने व्यक्तिले पैतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२४. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिम स्थानिय सरकारलाई प्राप्त सबै वा कुनै अधिकार कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारेल नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकुल प्रभाव नपारी सो नियमद्वारा खासगरि देहायका कुराको व्यवस्था गर्न सकिनेछ :

(क) बालीनाली, रुखपात तथा अन्य चीज वस्तुको नोक्सानी बापत क्षतिपूर्ति निर्धारण गर्ने आधार

(ख) सार्वजनिक सडकपट्टि खुल्ने वा निस्कने गरि कुनै कुराको निर्माण गर्दा वा राख्दा पालन गर्नु पर्ने शर्तहरु,

(ग) सडक सीमा वा त्यसरी किनारामा बनाइने वा खडा गरिने कुनै किसिमका घर, पर्खाल, ढल, बाटो, खम्बा, लट्ठा आदि बनाउादा वा खडा गर्दा पालन गर्नु पर्ने कुराहरु,

(घ)सार्वजनिक सडक दाााया बायाा कुनै ढोका वा बाटो बनाउादा पालनगर्नु पर्ने शर्त ।







## जगदुल्ला गाउँपालिकाको कृषि व्यवसायप्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्नबनेको ऐन, २०७५

**प्रस्तावना :** जगदुलला गाउापालिकाको क्षेत्रभित्रकृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम जगदुल्ला गाउापालिकाको गाउा सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम जगदुल्ला गाउापालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसागले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले जगदुल्ला गाउापालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कृषि समूह वा कम्पनी वा कृषिफर्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउाछ ।

(घ) "कार्यपालिका" भन्नाले जगदुल्ला गाउाकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आ ँ नैजग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसाग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउाछ ।

(ज) "कृषि फर्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्म सम्झनु पर्छ ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजि□, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङगारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ,वेर्ना,नश्ल र भुराको उत्पादन,परार्मश सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ड) "गाउापालिका" भन्नाले जगदुल्ला गाउापालिकालाई सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जगदुल्ला गाउापालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(थ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फर्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।







(ध) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फर्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढि पक्षहरु बिच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दाबढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउाछ।

(न) "वडा" भन्नाले जगदुल्ला गा.पा.को वडा सम्झनुपर्छ ।

(प) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) "सभा" भन्नाले जगदुल्ला गा.पा.को सभालाई सम्झनुपर्छ ।

(ब) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्नेसंकलन केन्द्रलाई सम्झनु पर्छ ।

(भ) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजार लाई सम्झनु पर्छ ।

## परिच्छेद २
## कृषि बजारसम्वन्धी व्यवस्था

**३. कृषि बजारको स्थापनाः** (१) गाउापालिकाले आ ँ नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२)कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले सम्वन्धित गाउापालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

**४. कृषि बजारको वर्गीकरणः** (१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालनवापत लाग्ने शुल्क सभाले तोके बमोजिमहुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

६. **स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न गाउापालिका र प्रत्येकवडा कार्यालयमा एक स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको गाउापालिका स्थित समितिमा देहाय बमोमिजका सदस्यहरु रहनेछन्:

(क) गाउापालिका अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष
(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) गाउापालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख - सदस्य
(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना - सदस्य
(च) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना - सदस्य
(छ) गाउापालिकाको कृषि शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (१)को (क) बमोजिम म्नोनित सदस्यको पदावधि ४ वर्षको हुनेछ। मनोनित सदस्यले आ  नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको वडा स्थित समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :







(क) वडा अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष
(ख) वडा सदस्यहरुमध्येबाट १ जना - सदस्य
(ग) वडा समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये १ जना - सदस्य
(घ) वडा स्थित स्वास्थ्य वा कृषि संस्थाको प्रमुख - सदस्य
(ङ) वडा सचिव - सदस्य सचिव

(५) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रणगर्न सक्नेछ ।

(६) उपदफा (४) को (क) बमोजिम मनोनित सदस्यको पदावधि ४ वर्षको हुनेछ। मनोनित सदस्यले आ  नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ ।

(९) समितिको सचिवालय गाउापालिकाको कृषि क्षेत्र हेर्ने विभाग, शाखा वा महाशाखामा रहनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथायोजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसाग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धनगर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्यगर्ने ।

**८. कृषि व्यवसायलाई सुविधा दिने :** (१) गाउापालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :

(क) स्थानीय कर निकासी शुल्क,

(ख) कृषि व्यवसायप्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण,रसायनिक मल, विउ विजन आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**९. कृषि ऋणः** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंकवा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानिसो वापत उक्त बौक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैाक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेख नगर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद ४
## कोषको स्थापना तथा सञ्चालन

**१०. कोषको स्थापनाः** (१) कृषि व्यवसाय प्रवर्द्धन गर्नकालागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

(क) संघीय तथाप्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउापालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासाग सम्झौता गरी स्थानीयतहमा विनियोजित रकम वापत प्राप्त रकम,







(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघिसंघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**११. कोषको सञ्चालन :** (१) गाउापालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय गाउापालिका अन्तर्गतको कृषि शाखामा रहनेछ ।

**१२. कोषको सञ्चालन सम्बन्धी व्यवस्था :** (१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोलि जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजेल तोकेको अधिकृत वा ना.सु. स्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ५
## व्यवसायिक कृषि करार (लिज)

**१४. व्यवसायिक कृषि करार गर्न सकिनेः** (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने :** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

**१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने:** (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागिप्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसाग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधितोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बााझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिएवमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

(५) व्यक्तिको स्वामित्वमा रहेको जमिन कुनै पनि व्यक्तिले बााझो राख्न पाउने छैन ।

**१७. स्वामित्व हस्तान्तरण नहुने:** यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**१८. पुनःकरार गर्न नहुने:** यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमति नलिइ सोही बिषयमा तेश्रो पक्षसाग पुनः करार गर्न पाउने छैनन् ।

**१९. व्यवसायिक कृषि करारका विषयवस्तुहरू:** (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**२०. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व :** (१) यस ऐनको दफा (१५) वा (१६) बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए मोजिम हुनेछ ।







(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आ नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

**२१. करार पूरा गर्नु पर्ने समय र तरिका:** (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पुरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पुरा गर्नु पर्नेछ ।

**२२. करार पूरा गर्ने स्थान:** (१) करार बमोजिम काम पुरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पुरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमामात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम र्गन पक्षले अर्कोपक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थानतोकिदिनु पर्नेछ ।

२३. **करार पूरा गर्नु नपर्ने अवस्था:** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरि छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करारको परिपालना गर्न असम्भव भएमा ।

२४. **करार दर्ता गर्नु पर्ने:**(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका कराहरु सम्झौता भएको मितिले पैंतिस दिनभित्र सम्वन्धित गाउापालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउापालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करारदर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) गाउापालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुर्पेनकुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जनगरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।







## परिच्छेद ६

## विवाद समाधान

२५. **विवादको समाधान:** (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुनबमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले १५ दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंगो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंगो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउादा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीयतहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्यरूपमा सातदिन भित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपरसातदिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आˆ नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा(११)बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ

(१३)यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४)मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम रअन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५)मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

२६. **म्याद सम्बन्धमाः** यस ऐन बमोजिमको विवादमा पक्षको काबु वाहिरको परिस्थिति परि यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढिमा पन्ध्र दिन म्याद थप्न पाउनेछ ।

२७. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयनः** (१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्ने ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा यसै ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

२८. **व्यवसाय दर्ता गर्नु पर्ने :** (१) करार गरि कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फर्म वा एजेण्ट लगायतले दर्ता नगरि व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।







(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझि सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराईदिन निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरि मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३०. **कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :** (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दाअनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३१. **दण्ड सजायः** (१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमेका सजाय हुनेछः

(क) दफा३ र ४ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिसहजार देखि पचासहजार रूपैयाासम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिसहजारदेखि पचासहजार रूपैयाासम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरबाही पूर्वक त्यस्ता क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिसहजारदेखि पचासहजार रूपैयाासम्म।

(घ) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरित कुनै कार्य गरि त्यसबाट कसैको हानीनोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

३२. **पुनरावेदनः** यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३३. **बीमा सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम करार गरि गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरि त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करारसम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आˆ नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ।

३४. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३५. **भौतिक सम्पत्तिको संरक्षण गर्नु पर्नेः** यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा भौतिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरि गर्नु पर्नेछ ।

३६. **नियम वनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

३७. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।





कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

**अनुसूची-१**

**खण□द्द@द्गस०८-५_छ्ल;ष्कतझ्□**

(१) खाद्यान्न बाली,
(२) वागबानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प
(३) पशुपंछि
(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन
(५) च्याउ
(६) मौरी, रेशम
(७) चिया, कफी, अलैची, सुपारी, घाासेबाली
(८) तेलहन, दलहन
(९) कपास, जुट, उखु, रबरखेती, टिमुर
(१०) कृषि पर्यटन
(११) कृषिका सबै उपक्षेत्रसाग सम्बद्ध उत्पादन र सो शब्दले औद्योगिक प्रयोजनमा हुने कृषिवस्तुहरु
(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग
(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

## अनुसूची–२
## खण्द!द्धल;छ्तज्ह

(क) करारका पक्षहरू,
(ख) करार खेतिको क्षेत्र,
(ग) जग्गा र भौतिक साधन,
(घ) वस्तुको विवरण,मात्रा,
(ङ) गुणस्तर,
(ङ) सम्झौताको अवधि,
(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,
(छ) भुक्तानीको प्रक्रिया,
(ज) ढुवानीको दायित्व,
(झ) उत्पादन प्रक्रिया,
(ञ) अनुगमनका पक्षहरू,
(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(ठ) गुणस्तर निर्धारणका आधारहरू,
(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।
(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।







## जगदुल्ला गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको ऐन, २०७५

**प्रस्तावना:** सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न जगदुल्लाका विभिन्न क्षेत्रमा नियमितरुपले स्वच्छ खानेपानी उपलब्ध गराउन र ढल निकास प्रणालीलाई समुचित व्यवस्था गर्न जगदुल्ला खानेपानी समितिको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकारले यो ऐन बनाइको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम जगदुल्ला खानेपानी तथा सरसफाई उपभोक्ता समिति ऐन २०७५ रहेको छ ।
(२) यो ऐन स्थानिय सरकारले सूचना प्रकाशन गरि तोकिएको मितिदेखि प्रारम्भ हुनेछ

२. **परिभाषा :** २.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,
२.१.१ “समिति” भन्नाले दफा ३ बमोजिम स्थापना भएको जगदुल्ला खानेपानी समिति सम्झनु पर्छ ।
२.१.२ “समिति” भन्नाले दफा ८ बमोजिम गठित सञ्चालन समिति सम्झनु पर्छ ।
२.१.३ “अध्यक्ष” भन्नाले दफा ११ बमोजिमतोकिएको वा नियुक्त भएको संस्थानेका अध्यक्ष सम्झनु पर्छ ।
२.१.३ (क) “समिति” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।
२.१.३ (ख) “सेवा प्रणाली” भन्नाले खानेपानी सेवा उपलब्ध गराउनको लागि निर्माण गरिएको जलाशय त्यस्तो जलाशयमा जडान भएको पानी प्रशोधन वा शुद्धिकरण प्लाण्ट, पानी आपूर्ति गर्न जडान भएको पाइप वा फोहोर पानी शुद्धिकरण गर्ने प्लाण्ट, ढलनिकासको व्यवस्था गर्नको लागी निर्माण गरिएको ढलनिकास प्रणाली, उपकरण वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा वा ढल निकास सेवासाग आवद्ध भएको घर वाजग्गा समेतलाई जनाउछ ।
२.१.३ (ग) “समिति” भन्नाले खानेपानी व्यवस्थापन समिति ऐन २०७४ बमोजिम स्थापना भएको समिति सम्झनु पर्छ ।
२.१.४ “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

**३. संस्थानको स्थापना :** ३.१ स्थानीय सरकारले सूचना प्रकाशन गरि तोकिदिएको क्षेत्रमा नियमित रुपले स्वच्छ खानेपानी उपलब्ध गराउन तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्नको लागि जगदुल्ला खानेपानी समितिको स्थापना गरेको छ ।

३.२ समितिको प्रधान कार्यालय जगदुल्ला गाउापालिकामा रहनेछ ।

३.३ समितिका अन्य कार्यालयहरु आवश्यकतानुसार जगदुल्ला गाउापालिकाको जुन सुकै ठाउामा रहनसक्ने छन् ।

**४. समिति संगठित संस्था हुनेः** ४.१ समिति अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

४.२ समितिको आˆ नो एउटा छुट्टै छाप हुनेछ ।

४.३ समितिले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

४.४ समितिले व्यक्ति सरह आˆ नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**५. समितिको काम कर्तव्य र अधिकारः** ५.१ समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

५.१.१ खानेपानी तथा ढल निकास सम्बन्धी योजना तर्जुमा गर्ने र योजना कार्यान्वयन गर्ने गराउने,

५.१.२ खानेपानी स्रोत वितरण र ढल निकास सम्बन्धी अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने,

५.१.३ खानेपानी स्रोतदेखी वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सोको रेखाङ्कन गर्ने,

५.१.४ खानेपानी तथा ढल निकास सम्बन्धी कामको लागि आवश्यक हुने निर्माण कार्य गर्ने गराउने,

५.१.५ खानेपानी तथा ढल निकास सम्बन्धमा स्थानिय सरकार र नेपाल सरकार वा अन्तर्राष्ट्रिय वा विदेशी संस्था बीच भएका सम्झौता बमोजिम सम्पूर्ण कार्यहरु गर्ने,

५.१.६ स्थानिय सरकारले तोकिदिएका खानेपानी तथा ढल निकास सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने,

५.१.७ महसुल तथा शुल्क आदि लिई खानेपानी वा ढल निकासको सुविधा उपलब्ध गराई सेवा प्रदान गर्ने,







५.१.८ खानेपानीको उपयोग तथा ढल निकासको प्रयोग सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने,

५.१.९ खानेपानीको दुरुपयोग हुन नदिने,

५.१.१० खानेपानीको प्रदूषण नियन्त्रण गर्ने,

५.१.११ खानेपानी तथा ढल निकासको पाइप लाइनहरुको आवश्यक मर्मत तथा सम्भार गर्ने गराउने,

५.१.१२ कुनै कारणले धारमा पानी नआएको सूचना संस्थानलाई प्राप्त भएमा आवश्यक मर्म गरि यथाशीघ्र सेवा उपलब्ध गराउने,

५.१.१३ समितिले आˆ नो सञ्चालन खर्च आफै उठाउने,

५.१.१४ समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरुगर्ने गराउने

**५. (क). समितिले गरेको वागर्नु पर्ने काम करारमा दिन सकिनेः**५क.१ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिले यस ऐनबमोजिम सञ्चानल र व्यवस्थापन गरिरहेको सेवा प्रणाली स्थानिय सरकार र समितिको कम्तीमा असी प्रतिशत शेयर भएको कुनै संस्था वा नाफा कमाउने उद्देश्य नभएको समिति वा उपभोक्ता समितिलाई करारमा दिई सञ्चालन गर्न गराउन चाहेमा समितिले स्थानिय सरकारको पूर्व स्वीकृति लिई समितिको स्वामित्व रहेको सेवा प्रणाली तथा सोसाग सम्बन्धित संरचना, उपकरण तथा सोसंग सम्बन्धित अन्य सम्पत्ति त्यस्तो समितिलाई करारमा दिन सक्नेछ ।

५क.२ उपदफा ५क १ बमोजिम करार गर्ने समितिले प्रयोग गर्न पाउने समितिका स्वामित्वमा रहेको वा जिम्मामा रहेको संरचना उपकरणतथा सम्पत्ति, करार कायम रहने अवधि, करार गर्ने पक्षहारुले करार बापत पाउने प्रतिफल र तत्सम्बन्धी अन्यकुराहरु करारमा उल्लेख भए बमोजिम हुनेछ ।

५.क.३ उपदफा ५क.१ बमोजिम करार गर्ने संस्थाले प्रयोग गरेको संस्थानको स्वामित्वमा रहेको वा जिम्मामा रहेको कुनै संरचना,उपकरण तथा सम्पत्ति करारको अवधि समाप्त भएपछि करारमा तोकिएको शर्त बमोजिम समितिलाई फिर्ता गर्नु पर्नेछ ।

५.क.४ उपदफा ५क१ बमोजिम करारद्वारा काम गर्न दिइएको व्यवस्थालाई निजीकरण ऐन२०७४ बमोजिम निजीकरणगरिएको मानिने छैन ।

५.(ख). सेवा प्रणालीको स्वामित्व हस्तान्तरण गर्न सकिने : ५.ख १ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानिय सरकारले यस ऐन बमोजिम समितिले सञ्चालन तथाव्यवस्थापन गरिरहेको कुनै क्षेत्रको सेवा प्रणाली बोर्डमा हस्तान्तरण गराई खानेपानी तथा ढल निकासको समुचित व्यवस्था गर्न उचित र आवश्यक देखेमा त्यस्तो क्षेत्रमा सेवा प्रणालीको स्वामित्व सो समितिमा हस्तान्तरण गर्न गराउन सक्नेछ ।

५.ख.२ उपदफा ५ख १ बमोजिम सेवा प्रणालीको स्वामित्व हस्तान्तरण गर्दा गराउादा स्थानिय सरकारले त्यसरी स्वामित्व हस्तान्तरण गरिएको सेवा प्रणाली र सोसंग सम्बन्धित सम्पत्ति तोकिए बमोजिम मूल्याङ्कन गरि त्यस्तो सेवा प्रणालीको मूल्य बराबरको दायित्व समेत त्यस्तो समितिमा सार्न सक्नेछ ।

५.ख.३ उपदफा ५ ख १ बमोजिम सेवा प्रणालीको स्वामित्व हस्तान्तरण भएमा सम्बन्धित क्षेत्रमा खानेपानी उपलब्ध गराउने तथा ढल निकास सम्बन्धी काम, सेवा प्रणालीको मर्मत सम्भार, संरक्षण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी त्यसरी स्वामित्व हस्तान्तरण गरि लिने समितिको हुनेछ ।

५.ग. कर तथा दस्तुर छुट र सटही सुविधा दिन सकिनेः स्थानिय सरकारले स्थानिय ऐनमा सूचना प्रकाशित गरि दफा ५क बमोजिम करार गर्ने समितिलाई करारमा उल्लिखित कामको लागि आयकर, भन्सार वा अन्य कुनै दस्तुर छुट दिन र विदेशी मुद्रा सटही सुविधा प्रदान गर्न सक्नेछ ।

५.घ. कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः ५.घ १ दफा ५क बमोजिम करार भएकोमा त्यसरी करार हादाका वखत समितिमा कार्यरत कर्मचारीलाई करारमा उल्लिखित अवधिभरका लागि करारमा सेवा प्रणाली लिने समितिबाट पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने गरि समितिले त्यस्तो समितिमा काजमा खटाउन सक्नेछ ।

तर त्यस्तो समितिले करार बमोजिम लिएको सेवा प्रणालीसाग सम्बद्ध समितिका कर्मचारी लिन नचाहेमा वा त्यस्ता कर्मचारीले सो समितिमा काम गर्न नचाहेमा समितिले त्यस्ता कर्मचारीलाई समितिको अन्य काममा लगाउन वा निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम निजले पाउने सुविधामा नघट्ने गरि निजलाई तोकिएको मापदण्डको आधारमा ताकिए वमोजिम उपदान दिइ सेवाबाट अवकास दिन सक्नेछ ।







५.घ. २ दफा ५ख बमोजिम समितिको कुनै सेवा प्रणालीको स्वामित्व कुनै समितिलाई हस्तान्तरण भएकोमा त्यस्तो सेवा प्रणालीसाग सम्बद्ध समितिका कर्मचारीलाई त्यसरी सेवा प्रणाली हस्तान्तरण गरि लिने समितिमा रहने गरि आवश्यक व्यवस्थागर्न सकिनेछ । तर त्यस्ता कर्मचारीलाई सेवा प्रणाली हस्तान्तरण गरि लिन समितिले लिन नचाहेमा वा समितिका कर्मचारीले सो समितिमा काम गर्न नचाहेमा समितिले त्यस्ता कर्मचारीलाई समितिको अन्य काममा लगाउन वा निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम निजले पाउने सुविधामा नघट्ने गरि निजलाई तोकिएको मापदण्डको आधारमा तोकिए बमोजिमको सुविधा दिई सेवाबाट अवकास दिन सक्नेछ ।

५.घ ३. उपदफा (५) घ (२) बमोजिम खटिएका कर्मचारीको सेवाका शर्त तोकिए वमोजिम हुनेछ । तर त्यसरी खटिएका कर्मचारीको पारिश्रमिक तथा सुविधा समितिले खटाउादाका बखत उपलब्ध गराइरहेको पारिश्रमिक तथा सुविधा भन्दा कम हुने छैन ।

६. **महसुल तथा सेवा शुल्क असुल गर्ने अधिकारः**६.१ समितिले खानेपानी उपलब्ध गराए बापत लाग्ने महसुल तथा ढलनिकास र धारा जडान आदिको सेवाशुल्क समितिले सम्वन्धित व्यक्तिसाग असुल गर्न सक्नेछ ।

६.२ खानेपानीको महसुल तथा ढल निकासको लागि सेवा शुल्क बुझाउने म्याद समितिले तोके बमोजिम हुनेछ ।

६.३ उपदफा ६.२ बमोजिम महसुल तथा सेवा शुल्क बुझाउने म्यादभित्र त्यस्तो महसुल तथा सेवा शुल्क नबुझाएमा समितिले त्यस्तो समय भित्र रकम नबुझाउेन व्यक्तिबाट पच्चीस देखी पचास प्रतिशत सम्म अतिरिक्त शुल्क लिन सक्नेछ ।

६.४ कुनै ग्राहकले समितिलाई बुझाउनु पर्ने महसुल, सेवा शुल्क, अतिरिक्त शुल्क वा तिर्नु बुझाउनु पर्ने अन्य रकम समितिले तोकेको समयभित्र नबुझाएमा समितिले त्यस्तो ग्राहकलाई दिइराखेको खानेपानी तथा ढल निकासको सुविधा रोक्न सक्नेछ ।

६.५ उपदफा (६.४) बमोजिम सुविधा रोकिएको व्यक्तिले नयाा ग्राहक शुल्क र उपदफा (६.३) बमोजिमको बााकी रकम समेत बुझाएमा समितिले पुनः त्यस्तो सुविधा उपलब्ध गराउन सक्नेछ ।

७. **अरुको घर जग्गामा प्रवेश गर्ने अधिकारः** समितिले अधिकृत गरेको व्यक्तिले समितिको कामको सिलसिलामा अरुको घर जग्गामा प्रवेश गर्न आवश्यक परेमा तत्काल त्यस्तो घर वा जग्गा प्रयोग गरिरहेका व्यक्तिलाई पूर्व सूचना दिएर प्रवेश गर्न सक्नेछ ।

तर खानेपानीको दुरुपयोग वा चोरी भइरहेको शङ्का गर्नु पर्ने मनासिव कारण भएमा छानबिनको सिलसिलामा सूर्यास्त भएपछि सूर्योदयनभएसम्मको रातिका समय बाहेक अन्य समयमा अध्यक्षले वा निजले तोकेको समितिलाई अधिकृत प्रवेश गर्दा पूर्व सूचना दिनू पर्ने छैन ।

८. **सञ्चालक समितिको गठनः** ८.१ समितिको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरु भएको सञ्चालन समिति गठन गरिनेछ :

८.१.१ खानेपानीको व्यवस्थापन सम्बन्धमा अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट गाउापालिका अध्यक्षले नियुक्ति गरेकोव्यक्ति १ जना -अध्यक्ष

८.१.२ गाउापालिकामा योगदान गरेका उपभोक्ताबाट गाउापालिका प्रमुखले नियुक्ति गरेकोव्यक्ति महिला २ जना, पुरुष ३ जना (जम्मा ५ जना) -सदस्य

८.१.३ दलित र जनजातिबाट गाउापालिका अध्यक्षले नियुक्ति गरेको व्यक्ति १/१ जना गरि (जम्मा २ जना) -सदस्य

८.१.४ अल्पसंख्यकवा अपा□बाट गाउापालिका अध्यक्षले नियुक्ति गरेको व्यक्ति १ जना -सदस्य

८.१.५ गाउापालिकाको सम्बन्धित विषयगत समिति हेर्ने व्यक्ति १ जना -सदस्य

८.१.६ गाउापालिका भित्र क्रियाशिल संघ संस्थाबाट गाउापालिका प्रमुखले मनोनित गरेको व्यक्ति १ जना -सदस्य

८.१.७ माथि उल्लेखित सदस्य बाट संख्या नबढ्नेगरि पदाधिकारी चयन गर्न सक्नेछ

८.२ स्थानिय सरकारले आवश्यक देखेमा सूचना प्रकाशन गरि सञ्चालक समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

८.३ समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई सञ्चालक समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।







९. **समितिको बैठक सम्बन्धी कार्यविधि :** ९.१ समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

९.२ समितिको कुल सदस्य सङ्ख्याको ५५ प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

९.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफुमध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

९.४ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

९.५ समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

९.६ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

९क. **काम कारबाही अमान्य नहुनेः** सञ्चालक समितिको कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र सञ्चालक समितिको कुनै कारबाही अमान्य हने छैन ।

१०. **उपसमिति गठण गर्न सक्नेः** १०.१ समितिले आ`नो काम कारबाही सुचारुरुपले सञ्चालन गर्नकोलागि आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ ।

१०.२ समितिले आवश्यक ठानेमा जगदुल्ला गाउापालिका भित्र उपदफा १०.१ बमोजिम गठित उप-समितिहरुलाई वित्तीय तथा प्रबन्ध स्वायत्तताका आधारमा खानेपानी योजनाहरु सञ्चालन गर्न दिन सक्नेछ ।

११. **अध्यक्ष र सदस्यहरुको व्यवस्थाः** ११.१ समितिको अध्यक्ष स्थानिय सरकारले तोक्न वा नियुक्त गर्न सक्नेछ ।

११.२ स्थानिय सरकारले समितिको अन्य सदस्यहरु नियुक्त गर्नेछ ।

११.३ अध्यक्ष र सदस्यहरुको पदावधि ४ वर्ष हुनेछ ।

११.४ अध्यक्ष र सदस्यको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानिय सरकारले तोकिए बमोजिम हुनेछ ।

१२. **कर्मचारी सम्बन्धी व्यवस्था :**

१२.१ समितिले आवश्यकतानुसार कर्मचारी नियुक्त गर्न सक्नेछ ।

१२.२ समितिका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था गाउा कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**१३. समितिका सदस्य तथा समितिका कर्मचारी उपर प्रतिबन्धः** समितिको सदस्य समितिका कर्मचारी र समितिसंगको ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हिस्सेदार हुन पाउने छैनन् ।

**१४. समितिको कोषः** १४.१ समितिको एउटा छुट्टै कोष हुनेछ। सो कोषमा देहायका रकमहरु रहने छन् :

१४.१.१. स्थानिय सरकारबाट प्राप्त रकम,
१४.१.२ स्थानिय सरकार मार्फत कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा विदेशी संस्थाबाट प्राप्त रकम,
१४.१.३ स्थानिय सरकारको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,
१४.१.४ खानेपानी वा ढल निकासको सुविधा पुऱ्याए बापत प्राप्त महसुल तथा सेवा शुल्क र अतिरिक्त शुल्क तथा जरिबानाको रकम,
१४.१.५ समितिलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।
१४.२ समितिको सबै रकम समितिको नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।
१४.३ समितिको तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा १४.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।
१४.४ समितिको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१५. समितिको लेखा र लेखापरीक्षणः** १५.१ समितिको लेखा स्थानिय सरकारको स्वीकृति लिई समितिले निर्धारण गरेको ढाचा र तरिका बमोजिम राखिनेछ।

१५.२ समितिको लेखा परीक्षण लेखा परीक्षकको विभागबाट हुनेछ ।
१५.३ स्थानिय सरकारले चाहेमा समितिको हिसाब किताब सम्बन्धी कागजातहरु र नगदीजिन्सी समेत जुनसुकै बखत जाच्न वा जाच्न लगाउन सक्नेछ ।

**१६. जग्गा प्राप्त गर्नेः**१६.१ समितिलाई देहायको प्रयोजनको लागि स्थानिय सरकारेल प्रचलित कानून बमोजिम आवश्यक जग्गा प्राप्त गरिदिन सक्नेछ :

१६.१.१ जल भण्डार (रिजरभ्वायर) निर्माण गर्न,
१६.१.२ खानेपानी तथा ढल निकास सम्बन्धी कुनै संरचनाको निर्माण गर्न,
१६.१.३ समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कुरा गर्न ।







**१७. सार्वजनिक वा निजि घर जग्गाबाट पाइप लाइन लैजान सक्ने :**
१७.१ खानेपानी तथा ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्दा सार्वजनिक वा कसैको निजि घर जग्गाबाट खानेपानी वा ढलनिकासको पाइप लाइन बिछ्याई एकठाउाबाट अर्को ठाउामा लैजान आवश्यक भएमा समितिले सोही योजना अनुसार पाइप लाइन विछ्याउन सक्नेछ ।

१७.२ समितिले उपदफा १७.१ बमोजिम खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याउादा सार्वजनिक वा कसैको निजी घर जग्गामा सकेसम्म कम नोक्सान हुने गरि पाइप लाइन बिछ्याउनु पर्नेछ ।
१७.३ समितिले उपदफा १७.१ बमोजिम खानेपानी वा ढल निकासको पाइप लाइन बिछ्याउादा हुन गएको नोक्सानी वापत घर जग्गाधनीलाई प्रचलित भाउ अनुसार क्षतिपूर्ति दिनु पर्नेछ वा नोक्सान हुन गएको घर जग्गाको मर्मत गरि यथास्थितिमा ल्याईदिनु पर्नेछ ।

**१८. काम कारबाही गर्न मनाही :** १८.१ कसैले पनि देहायमा लेखिएको कुनै काम कारबाही गर्न वा गर्न लगाउनुहुदैन ।

१८.१.१ खानेपानी मुहान, जलभण्डार (रिजरभ्वायर) वा खानेपानी तथा ढल निकास सम्बन्धी अन्य कुनै संरचना बिगार्न, तोडफोड गर्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,
१८.१.२ खानेपानी प्रदुषण गर्न,
१८.१.३ समितिको अनुपति नलिई खानेपानीको पाइप लाइनबाट धारा जडान गर्न,
१८.१.४ समितिलाई सूचना नदिई खानेपानीको मिटर झिकी पानी उपभोग गर्न,
१८.१.५ खानेपानी पाइप लाइनबाट कुनै यन्त्र जडान गरि पानी तान्न,
१८.१.६ खानेपानीको मिटर तोडफोड गर्न वा बिगार्न,
१८.१.७ समितिको स्वीकृति नलिई समितिको ढल लाइनमा ढलको निकास जोड्न वा ढल थुनिने गरि कुनै ठोस पदार्थ ढलमा ^ याक्न वा राख्न,
१८.१.८ समितिद्वारा व्यवस्थित खानेपानी वा ढलको पाइप लाइन चोर्न, बिगार्न, नास्न वा त्यसमा क्षति पुऱ्याउन,
१८.१.९ ढल निकास वा मंगाललाई भत्काउन, बिगार्न वा त्यसमा कुनै किसिमले क्षति पुऱ्याउन,

१८.१.१० खानेपानी तथा ढल निकास सम्बन्धी समितिले गर्ने काम कारवाहीमा बाधा बिरोध गर्न,

१८.१.११ पानी वितरण गर्न वा ढल निकासको लागि बिछ्याइएको पाइप लाइनमा क्षति पुग्ने गरि कुनै निर्माण कार्य गर्न ।

१९. **सजाय :** १९.१ उपदफा १८.१.१ विपरीत काम कारबाही गर्ने गराउनेलाई बिगो असुल गरि दश हजार रुपैयाासम्म जरिवाना वा पााच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१९.२ देहायको काम कारबाही गर्ने गराउनेलाई समितिले वासमितिले तोकेको दफा १० बमोजिमको कुनै उपसमितिले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ ।

१९.२.१ उपदफा १८.१.२ विपरीत काम कारबाही गर्ने उराउनेलाई दशहजार रुपैयाासम्म जरिबाना,

१९.२.२ उपदफा १८.१.३ विपरीत काम, कारबाही गर्ने गराउनेलाई पााचहजार रुपैयाासम्म जरिबाना,

१९.२.३ उपदफा १८.१.५ वा १८.१.६ विपरित काम कारबाही गर्ने गराउनेलाई तिन हजार रुपैयाासम्म जरिबाना,

१९.२.४ उपदफा १८.१.७ विपरित काम कारबाही गर्ने गराउनेलाई दुई हजार रुपैयाासम्म जरिबाना,

१९.२.५ उपदफा १८.१.८ वा १८.१.९ विपरित काम कारबाही गर्ने गराउनेलाई त्यस्तो तोरिएको, बिग्रिएको वा नासिएको सामानको बिगो बमोजिम जरिवाना गरि थप दुई हजार रुपैयाासम्म जरिबाना,

१९.२.६ उपदफा १८.१.४ वा १८.१.१० विपरित काम कारबाही गर्ने गरउनेर्लाइ एकहजार रुपैयाासम्म जरिबाना,

१९.२.७ माथि लेखिएदेखि बाहेक कसैले यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियम विपरित हुने गरि कुनै कामकारबाही गराउनेलाई कसुरको प्रकृति हेरि एकहजार रुपैयाासम्म जरिबाना,

१९.३ उपदफा १८.१.११ विपरितको कार्य गर्ने गराउनेलाई समितिले पााचहजार रुपैयाासम्म जरिबाना गरि त्यस्तो निर्माण कार्य समितिले आफै भत्काउन वा सो बनाउने व्यक्तिलाई नै भत्काउन लगाउन सक्नेछ। समितिले नै भत्काउनु परेमा सो भत्काउादा लागेको खर्च समितिले सम्बन्धित व्यक्तिसंग असुल उपर गर्नेछ ।







२०. **पुनरावेदनः** उपदफा १९.२ बमोजिम दिएको सजायको आदेश उपर चित्त नबुभ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ र पुनरावेदन अदालतको निर्णय अन्तिम हुनेछ ।

२१. **सरकारी बाँकी सरह असुल उपर गर्नेः** यस ऐन बमोजिम लगाइएको महसुल, सेवा शुल्क, अतिरिक्त शुल्क तथा जरिबानाको रकम सरकारी बााकी सरह असुल उपर गर्न सक्नेछ ।

२२. **अधिकार प्रत्यायोजन :** २२.१ समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफुलाई प्राप्त अधिकार आवश्यकतानुसारअध्यक्ष, समितिका कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२.२ अध्यक्ष वा सदस्यले आफुलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **स्थानिय सरकारले निर्देशन दिन सक्नेः** स्थानिय सरकारले समितिलाई समय समयमा निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२४. **स्थानिय सरकारको अधिकार :** २४.१ समितिले यस ऐन विपरित कुनै काम गरेमा वा गर्न लागेमा स्थानिय सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२४.२ समितिले गर्नु पर्ने काम पुरा गरिसकेको छ वा समितिले आफुले गर्नु पर्ने काम कर्तव्य वा आदेश वा निर्देशनको पालना गरेको छैन वा समिति कायम राख्न आवश्यक छैन भन्ने स्थानिय सरकारले ठहऱ्याएमा समितिलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

२५. **स्थानिय सरकारसँग सम्पर्क :** समितिले स्थानिय सरकारसाग सम्पर्क राख्दा आवास तथा दायित्व स्थानिय सरकारमा पर्नेछ ।

२५क. **नियम बनाउने अधिकारः** समितिले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानिय सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२६. **विनियम बनाउने अधिकारः** समितिले यो ऐनको अधिनमा रहि आ  नो आन्तरिक काम कारबाही सुव्यवस्थित गर्नको लागि स्थानिय सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

२७. **विघटन :** २७.१ यो ऐन प्रारम्भ भएपछि स्थानिय ऐनको भाग ३, खण्ड ३४, सङ्ख्या १४ मिति २०४१ साल साउन १ गते प्रकाशित स्थानिय सरकार, जलस्रोत सूचनाद्वारा गठन गरिएको खानेपानी तथा ढल निकास समिति विघटन हुनेछ ।

२७.२ उपदफा २७.१ बमोजिम विघटित समितिले गरि आएको काम कारबाही तथा सो समितिको हक र दायित्व यस समिति बमोजिम स्थापित समितिमा सर्नेछ ।

२७.३ उपदफा २७.१ बमोजिम विघटन समितिमा कार्यरत कर्मचारीहरु यस ऐनबमोजिम स्थापित समितिमा सर्ने छन् ।







# जगदुल्ला गाउँपालिकाको पूर्वाधार ब्यवस्थापन ऐन २०७५

**प्रस्तावना:** गाउापालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम जगदुल्ला गाउासभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम "गाउापालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गाउा सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसागले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले गाउापालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउापालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउापालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउापालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउापालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "गाउा सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउा सभा सम्झनु पर्छ ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसाग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) "जलश्रोत" भन्नाले गाउापालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद–२

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको बर्गीकरण :** (१) गाउापालिकाले आ  नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको बर्गीकरण र बृहत्तर सडक सञ्जाल गूरुयोजना तयार गर्नेछ ।

(२) गाउापालिका स्तरमा मूख्यतः निम्नानुसारका सडकहरु रहनेछन् :

(क) पालिका सडकः गाउापालिकाको मध्य र महत्वपूर्ण स्थानमा रहेको सडक पालिका सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकको चौडाई न्यूनतम ७ मिटर हुनु पर्नेछ ।

(ख) वस्ती सडकः गाउापालिकाका बस्तिहरुमा यातायातको पहुाचका लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुपमा बर्गिकरण गरिनेछ । यस्ता सडकहरु तिन देखि चार मिटरसम्म चौडा हुनेछन् ।

(ग) कृषि सडक : गाउापालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् । यसको न्यूनतम चौंडाई ३ मिटर हुनुपर्दछ ।

(घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा वढी गाउा वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गिकरण गरिनेछ । यसको न्यनतम चौडाई २ मिटरको हुने छ ।

(ङ) गोरेटो बाटोः मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडक सम्म जोडिने अधिकतम १ किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई न्यूनतम ३ फिटको हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत वढी हुनेगरी निर्माण गर्नु पर्दछ ।

**४. मापदण्ड निर्धारण गर्ने :** (१) गाउापालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ ।

(२) गाउापालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।







**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने:**(१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार गाउापालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउापालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जााच बुझ गरी खन्दा भत्काउादा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र गाउापालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाा बायाा थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धीत जग्गा धनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउने नहुने :** (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउामा गाउापालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद–३

## जलस्रोतहरूको संरक्षण र उपयोग

**७. जलश्रोतको उपयोगः**(१) गाउापालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनाधिकृत प्रयोगलाई निषेध गरी सो को संरक्षण गर्ने दायित्व गाउापालिकाको हुनेछ ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छ :-

क) पिउने पानी

ख) सिचाई

ग) पानी घट्ट, औद्यागेगिक वा निर्माण प्रयोजन

घ) जलविद्युत

ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउापालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाउापालिकालाई हुनेछ। मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउापालिकामा निहित रहनेछ।

८. **अनुमति लिनु पर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्ट सञ्चालन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए वमोजिमका क्रियाकलाप गर्न गाउापालिकाको अनुमति लिनु पर्दछ।

(३) सो सम्वन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायीक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र ब्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउापालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन् ।

९. **खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायीक लाभ व्यवस्थापनः**

(१) गाउापालिका क्षेत्र भित्र खानेपानी, सिाचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिली जल उलभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ ।

(२) यस ऐन तर्जुमा हुनुअघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउापालिकामा दर्ता गराउनु पर्दछ।







१०. **जल उपभोक्ता संस्थाको गठन :** (१) दफा ११ वमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन्। उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउापालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जााचबुझ गरी गाउापालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ। एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ। अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाा कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए वमोजिम हुने छ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फछ्र्यौट गर्नुपर्ने छ। गाउापालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके वमोजिमको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए वमोजिम विधि प्रक्रिया अवलम्वन नगरेमा गाउापालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

११. **जलस्रोतको ब्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्ने :** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको ब्यवसायीक उपयोगका लागि सोको उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउापालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउापालिकामा निवेदन दिनु पर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(घ) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउापालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जााचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोप्राइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आˆ नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउापालिकामा उपयोग अनुमिति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद–४
## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. **स्थानीय खानेपानी बोर्ड गठन गर्नसक्ने :** (१) गाउापालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा वढि खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो वोर्ड गठनका लागि गाउापालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ :







(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(ज) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसाग आबद्ध सम्पत्ति तथा दायित्व

(झ) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जााचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउापालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । वोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ ।

१३. **खानेपानी तथा सिंचाईको शुल्क निर्धारण:** (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ :

| | |
|---|---|
| (क) गाउापालिकाको प्रमुख | अध्यक्ष |
| (ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि | सदस्य |
| (ग) गाउापालिकाको लेखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद–५
## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरू

१४. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने :** (१) गाउापालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउापालिकाबाट स्वीकृति नलिई कुनै नयाा भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नर्म्स तयार गर्नेछ ।

**१५. भवनको दर्ता :** (१) गाउपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**१६. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :** (१) गाउपालिका क्षेत्रभित्र पक्कि भवन (आरसिसी स्ट्रक्चर) निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउपालिका समक्ष दरखास्त दिदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) आवासिय भवनको हकमा २५० बर्ग मिटर सम्मको भवन बनाउादा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्यूनतम ५ फिट सेटव्याक छोड्नु पर्दछ ।

**१७. बस्ति विकासको लागि अनुमति दिने :** (१) गाउपालिका भित्र कुनै व्यक्ति समूदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी बिक्रि गर्ने प्रयोजनबाट बस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाउपालिका कार्यालयमा बस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

## परिच्छेद–६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. पूर्वाधार आयोजना तर्जुमा :** (१) स्थानीयस्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउा सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरि आयोजनाको विवरण तयार गर्नु पर्नेछ :

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,







(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप ।

**१९. लागत अनुमान तयार गर्नुपर्ने:** (१) गाउपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि वढाउनु पर्नेछ ।

**२०. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन:** (१) गाउपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :

(क) रु.एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. एक करोड सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु.एक करोडभन्दा माथि सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत वा संघीय ऐनले तोके वमोजिमका निर्माण व्यवसायी मार्फत गरिनेछ

(घ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

**२१. उपभोक्ता समिति मार्फत गर्न सकिने :** (१) रु.एक करोड सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउादा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ५ देखि ९ जना सम्मको समिति गठन गरिने छ। यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ। निर्माण सकिएपछि पनि निर्माण अवधि वरावरकै वाकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १५ प्रतिशत नगद लागत सहभागिता र १५ प्रतिशत श्रमदान गर्नु पर्नेछ।

(५) नगद सहभागीताको रकम सम्वन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउापालिकाले पहिलो किस्ता निकासा गर्नेछ ।

२२. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः** (१) गाउापालिका ले १ करोड रूपैयाा भन्दा माथिका पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि गाउापालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन ईच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम गाउापालिका कार्यालयमा आवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएका समूह वा व्यक्तिलाई सम्बन्धित गाउापालिकामा निर्माण कार्य गर्ने ईजाजत सहितको व्यवसाय दर्ताको प्रमाण पत्र प्रदान गर्ने छ ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ ।

उपदफा (२) बमोजिमका स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाणपत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिनाभित्र नवीकरण गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायी हुन देहायको योग्यता हुनुपर्ने छ :

(क) न्यूनतम रु. २ लाख सम्मको चालू पूजी देखाई गाउापालिकामा व्यवसाय दर्ता भएको

(ख) ब्यक्ति वा व्यवसायको नाममा गत आर्थिक वर्षमा न्यूनतम रु. ५ लाख सम्म वैंकीङ कारोबार गरेको

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु.३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको ।

२३. **स्थानीय निर्माण व्यवसायी बाट पूर्वाधार निर्माण गराइने :** (१) गाउापालिकाले दफा (२० “ग”) वमोजिमका स्थानीय निर्माण व्यवसायीहरु मार्फत रु.एक करोड भन्दा माथीको काम गराउन सक्नेछ ।







(२) उपदफा (१) को प्रयोजनको लागि आपसी प्रतिश्पर्धाका आधारमा छनोट गर्न सक्नेछ ।

(३) गाउापालिकामा दर्ता भएका व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको व्यवस्था हुनेछ :

क) रित पूर्वक गाउापालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरु मध्ये बाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने ।

ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने ।

ग) न्यूनतम कवोल गर्ने ब्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिन भित्र सम्झौताका लागि आब्हान गर्ने ।

घ) छानिएका ब्यवसायीले कवोल रकमको १५% बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने ।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसाग उपकरार गर्न सकिने छैन। कुनै कारणवश आफैंले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना गाउापालिकालाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त भएमा गाउापालिकाले सो सम्बन्धमा जााच गरी सो सम्झौता तोडी बााकी काम नियमानुसार गराउनु पर्दछ ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाणपत्र प्राप्त गरेको मितिल पैंतीस दिनभित्र गाउापालिका कार्यालयमा पेश गर्नु पर्दछ ।

२४. **पूर्वाधार मर्मत संभार कोष :** (१) गाउापालिका भित्र रहेका गाउा स्तरीय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको ५☐ प्रतिशत रकम दाखिला गरीनेछ ।

## परिच्छेद–७

## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

२५. **पूर्वाधार अनुगमन समितिको गठनः** गाउापालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउापालिकोका आफ्नै बजेटबाट निर्माण हुने २० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नकालागि सम्वन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) गाउापालिका उपाध्यक्ष | अध्यक्ष |
| (ख) पूर्वाधारको मूख्य काम हुने वडाको वडाध्यक्ष | सदस्य |
| (ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित २ जना | सदस्य |
| (घ) गाउापालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य सचिव |

२६. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२७. **अनुगमन पश्चात निर्देशन दिन सक्नेः** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

२८. **सहमति दिनुपर्नेः** गाउापालिका आफैंले सञ्चालन गर्ने एक करोडभन्दा माथि लागत भएका पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति लिनु पर्नेछ ।

२९. **कारबाहीको सिफारिस गर्न सक्नेः** गाउापालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरबाहीका







कारण निर्धारित समयभित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्नसक्ने र आफ्नो गाउापालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

३०. **कालो सूचीमा राख्ने :** (१) देहायको अवस्थामा गाउापालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई संझौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

३१. **प्राविधिक मूल्यांकन गर्नु पर्ने :** (१) गाउापालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरीनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जााचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद–८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

३२. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्नेः** (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसंग गाउापालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई साग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासाग साझेदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउापालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसंग लगानी प्राप्त गर्न र प्रतिफल वाांडफाांड गर्नेगरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसनः सम्झौतामा तोकिए वमोजिम वा अधिकतम २२ वर्ष ।

**३३. प्रस्ताव आव्हान गर्न सक्नेः** (१) गाउापालिकाले दफा (□२०□) बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(ग) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधी

**३४. प्रस्ताव छनौट र संझौताः** (१) प्राप्त भएका प्रस्ताव उपर गाउापालिकाले विज्ञ टोलीद्धारा तपसीलका आधारहरुमा मूल्याकनका गराई प्रस्ताव छनोट गर्न सक्नेछ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम







(घ) लिज अवधी

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसंग गाउापालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

**३५. संचालन तथा व्यवस्थापनः** (१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ । सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउापालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुदाहरुमा हेरफेर हुन सक्ने छ ।

## परिच्छेद-९
## वातावरण, भूसंरक्षण तथा वैकल्पीक उर्जा

**३६. वातावणीय प्रभाव मूल्याकन सम्बन्धी व्यवस्था :** (१) गाउापालिकाले १ करोड देखि १० करोड सम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्विकृति गाउापालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सोको प्रतिलिपि गाउापालिकाको सार्वजनिक सूचना पाटीमा टाास गरी ७ दिनको म्याद सहित सूझाब माग गर्नु पर्नेछ ।

**३७. बैकल्पिक ऊर्जालाई प्रोत्साहनः** पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(१) कुनै घरमा सोलार, वायोग्याास, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउापालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिइने छैन ।

(२) घरेलु सौचालयलाई बायोग्याास उत्पादनमा प्रयोग गर्ने वा सेप्टि टैंक वनाउने घरधुरीलाई गाउापालिकाले सम्पत्ति कर वा मालपोतमा १० प्रतिशत सम्म छुट दिन सक्ने छ ।

३८. **भूक्षय नियन्त्रण सम्वन्धी कार्य गर्न सक्ने:** (१) गाउपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा,पाखो,खोला किनार वा सडक किनारामा घास तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समूदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्वन्धित क्षेत्रका ब्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउपालिका समक्ष निवेदन दिन सक्ने छ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र ब्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुऱ्याउने खालको हुनु हुदैन ।

(४) प्रस्तावित स्थल उपयूक्त देखेमा गाउपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ ।

(५) उपरोक्त बमोजिम अनुमति दिंदा सडक छेउको हकमा सम्बन्धीतसंधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

३९. **फोहरमैला तथा फोहरपानी व्यवस्थापन:** (१) गाउपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्ने छ ।

(२) गाउपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउपालिका संग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविध

४०. **अन्तर स्थानीय समन्वय:** (१) एक भन्दा बढी गाउपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

४१. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४२. **नियम वनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

४३. **बचाऊ:** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।







अनुसूची (१)

**दफा ३ सँग सम्बन्धित**

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलु पुल, पुल पुलेसा, सिंचाइ र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य

(ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयवन र नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(झ) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ञ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ट) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालनर र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ठ) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ड) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ढ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धी तथा प्रवर्द्धन

आज्ञाले

**कमल बहादुर बडुवाल**

नि. प्रमुख प्रशासकिय अधिकृत

# गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५

**प्रस्तावनाः**

स्थानीय तहहरूमा काम गर्ने गैरसरकारी संघ संस्थाहरूसाग आपसी समन्वय, सहयोग र साझेदारीलाई प्रभावकारी बनाउन नेपालको संविधान, २०७२ को भाग ३ मा उल्लेखित मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि साझेदार संस्थाको भूमिका निर्वाह गर्न एवं धारा १७ को उपधारा १ (घ) द्वारा प्रत्याभूत संघ संस्था खोल्ने स्वतन्त्रताको हकको उपयोग एवं संविधानको भाग ४ धारा ५१ मा उल्लेखित राज्यका नीतिहरूको कार्यान्वयन र दिगो विकासको लक्ष्य पुरा गर्न नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत संघ प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीहरूको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २५ र १०२ वमोजिम प्राप्त अधिकार बमोजिम मिति.२०७५।०३।१०को जगदुल्ला गाउासभाले यो गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "अध्यक्ष"भन्नाले गाउापालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ग) "समन्वय समिति" भन्नाले गाउापालिका अन्तरगत स्थापना गरिएको गैसस समन्वय समितिलाई सम्झनु पर्छ ।

(घ) "दातृ निकाय" भन्नाले समाज कल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने विदेशी सरकार वा संघ संस्था आदि सम्झनु पर्छ ।

(ङ) "गैरसरकारी संस्था" भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी प्रचलित कानुनबमोजिम दर्ता भई कार्य गर्ने स्वयंसेवी सामाजिक संघ संस्थाहरूलाई सम्झनु पर्छ । यसलाई छोटकरीमा गैसस भनिनेछ ।

(च) "विधान" भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनु पर्छ ।

(छ) "बोर्ड सदस्य" भन्नाले गैरसरकारी संस्थाका कार्य समितिका सदस्यलाई सम्झनु पर्छ ।

(ज) "सामाजिक सेवा तथा विकास कार्य" भन्नाले नेपाली समाजको समतामूलक समावेशी विकास, सामाजिक रूपान्तरण, कानुनको शासन, न्याय, सामाजिक न्याय, असल शासन, लोकतन्त्र मानवअधिकारको संरक्षण तथा प्रबर्द्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अपांगता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, उपेक्षित, उत्पीडित तथा अल्पसंख्यक समुदायको सर्वोपरी हित, मानवीय सहायता, क्षमता विकास, सशक्तीकरण, पैरवी, वकालत, सामाजिक परिचालन, उपभोक्ता अधिकार, सशक्तीकरण, आर्थिक विकास, सेवा, पुनर्स्थापना र पुर्नमिलन(Reintegration) का लागि गरिने कार्य समेतलाई सम्झनुपर्दछ ।

(झ) "विषयगत समिति" भन्नाले स्थानीय तहमा गठित विभिन्न समितिलाई सम्झनुपर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले नगरपालिका, गाउापालिका र जिल्ला समन्वय समितिलाई जनाउनेछ ।

## परिच्छेद–२

## संघ संस्थाहरूको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

**३. संस्थाहरूको सूची तयार गर्नेः**

(१) गाउापालिकाले सामाजिक क्षेत्रमा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरूको सूची तयार गर्दा आफुसाग आबद्ध हुन आउने संघ संस्थाहरूको देहाय बमोजिमको तहगत प्रकृतिको संघ संस्थाको वर्गीकरण गर्नेछ ।

(क) संघीय कानुन बमोजिम केन्द्रमा दर्ता भई नेपालभर कार्यक्षेत्र तय गरेका र यस गाउापालिका पनि कार्य गरेका वा काम गर्न चाहने राष्ट्रिय प्रकृतिका संघ संस्था,

(ख) प्रदेश कानुन बमोजिम प्रदेश सरकारमा दर्ता भई नेपालभर वा प्रदेश कार्यक्षेत्र तय गरेका र यस गाउापालिकामा पनि कार्य गरेका वा काम गर्न चाहने संघ संस्था,

(ग) संघीय कानुन बमोजिम कुनै एक जिल्लामा दर्ता भई एक वा एकभन्दा बढी जिल्ला र यस गाउापालिकामा कार्य गरिरहेका वा काम गर्न चाहने संस्था,







(घ) संघीय कानुन बमोजिम कुनै एक जिल्लामा दर्ता भई सोही जिल्लाका विभिन्न स्थानीय तहमा मात्र कार्य गरिरहेका वा कार्य गर्ने संघ संस्था,

(ङ) विभिन्न संघ संस्था तथा विषयगत कार्यालयहरूका तर्फबाट नेपालभर वा सम्बन्धित जिल्ला वा स्थानीय तहमा मात्र गठन भई सम्बन्धित कार्यालय वा स्थानीय तहसाग मात्र समन्वय गरी कार्य गर्ने गरी स्थानीय तहमा रहेका वा गठन हुन चाहने अन्य सामाजिक प्रकृतिका संघ संस्थाहरू (आमा समूह, बाल क्लव, महिला सञ्जाल, युवा सञ्जाल, सामुदायिक समुह आदि) ।

(२) सामाजिक संघ संस्थाहरूको सूची तयार गर्दा तपसिल अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गरिनेछ ।

(क) सामाजिक संस्थाहरू (सामाजिक सचेतना, कानुनको शासन, असल शासन, मानवअधिकारको संरक्षण, लैङ्गिक तथा सामाजिक न्याय तथा प्रबर्द्धन, सामाजिक विकास, आयमूलक कार्यक्रम, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन, भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापन, विपद व्यवस्थापन, पुनर्निर्माण तथा मानवीय सहायता, गरिबी निवारण, पैरवी, उपभोक्ताहरूको हित संरक्षणका लागि स्थापित नागरिक संस्थाहरू)

(ख) खेलकुद विकास संस्थाहरू (विभिन्न खेलकुद खेल्ने वा खेलाउने संघ संस्थाहरू)

(ग) धार्मिक तथा साास्कृतिक संस्थाहरू (भजन कृतन गर्ने, गुम्बा, मदरसा, मठ, मन्दिर निर्माण वा संरक्षण, विभिन्न पौराणिक भाषा, कला, सम्पदा, सास्कृति वा रीतिरिवाज संरक्षण वा प्रबर्धन गर्ने उद्देश्यकले खोलिएका संघ संस्थाहरू)

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू (विभिन्न व्यक्ति वा स्थानको स्मृतिमा स्थापना गरिएका प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू)

(ङ) परोपकार संस्थाहरू (असहाय, बृद्ध, अपाङ्ग, दीर्घरोगी वा जोखिममा परेका व्यक्तिहरू वा समूहहरूलाई कल्याण गर्ने उद्देश्यले खोलिएका परोपकारी संस्थाहरू)

(च) पेशागत संस्थाहरू (निश्चित पेशामा लागेका वा अंगालेका व्यक्तिहरूले आ' नो पेशागत भलाइका लागि खोलिएका संस्थाहरू जस्तै वकिल, डाक्टर, नर्स, इन्जिनियर, मजदुर, पत्रकार आदिको पेशागत संस्थाहरू)

(छ) सञ्जाल तथा महासंघहरू (निश्चित उद्देश्य, लक्षित समूह वा विषयमा कार्यरत समूह वा संस्थाहरूको सञ्जाल, एलायन्स, महासंघ, संघ, गठबन्धन आदि)

(ज) उपभोक्ता संस्था तथा समूहहरू (निश्चित वस्तु वा सेवाको उपभोग गर्ने व्यक्ति वा समूहहरूको पक्षमा काम गर्ने गरी खोलिएका संघ संस्थाहरू जस्तै वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाइ उपभोक्ता समिति आदि)

(झ) अनुसन्धान संस्थाहरू (समसामयिक वा अन्य कुनै विषयमा केन्द्रित भई अध्ययन, अनुसन्धान, सर्वेक्षण आदि गर्ने प्रकृतिका संघ संस्थाहरू)

(ञ) सामुदायिक संस्थाहरू (समुदाय, बस्ती, वडा वा टोल स्तरमा गठन भएका समूह, सुधार समिति र समुदायमा आधारित संस्थाहरू, बाल क्लब आदि)

(ट) अन्य संस्थाहरू (माथि उल्लेख गरिएका बाहेकका अन्य प्रकृतिका संस्थाहरू)

(३) सूचीकृत गर्दा यदि कुनै संस्थाहरू जसले एकभन्दा बढी क्षेत्रमा कार्य गर्ने उद्देश्य संस्थाको विधानमा भएमा र सो स्थानीय तहमा सञ्चालन गर्ने कार्यको प्रकृति त्यस्तो देखिएमा त्यस्ता संस्थालाई बहुक्षेत्राधिकार प्राप्त संस्थाको सूचीमा दर्ता गरिनेछ ।

**४. सामाजिक कार्यक्रमः**

(क) स्थानीय तहहरूले सामाजिक संघसंस्थाहरूसाग समन्वय गरी सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकासका कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

(ख) स्थानीय तहले सामाजिक परिचालन लगायतका कार्यहरू गर्दा दफा २ (क) वमोजिम सूचीकृत गैससहरूलाई प्राथमिता दिई समन्वय र साझेदारी गर्नेछ ।

(ग) संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरूमा मात्र खर्च गर्ने गरी आफ्नो स्रोत निर्माणका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नसक्ने छन् ।

(घ) गाउापालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरूको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन तथा प्रभावकारी रूपमा सामाजिक संस्थाका गतिविधिहरू सञ्चालनको अवसर प्रदानगर्न आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्न सक्नेछन् ।







**५. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालनः** (१) स्थानीय तहमा दिगो विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा गाउापालिकाले देहायबमोजिमका विशेष कार्यक्रमहरू छनौट गरी साझेदारीमा सञ्चालन गर्नेछ :

(क) महिला, एकल महिला, बालबालिका, आर्थिक रूपले विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, आदिवासी, जनजाति तथा दलित, असहायलगायत पिछडिएका एवं सीमान्तकृत (सामाजिक तथा आर्थिक) साथै जोखिममा परेका समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय शासन तथा विकासका लागि सहभागिता अभिवृद्धि सम्बन्धी कार्यक्रम

(घ) लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण र लैङ्गिक न्याय तथा न्यायमा पहुाच सम्बन्धी कार्यक्रम,

(ङ) कानुनको शासन, न्याय, समानता, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रबर्द्धनात्मक कार्यहरू,

(च) स्रोत साधनमा पछाडि पारिएका समुदायहरूको पहुाच, स्वामित्व र नियन्त्रण बढाउने कार्य,

(छ) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण,

(ज) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(झ) गरिबी निवारण, आयआर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम,

(ञ) नागरिक कर्तव्य तथा दायित्वसम्बन्धी सचेतना कार्यक्रम,

(ट) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनीकरण एवं विपद जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम,

(ठ) जनस्वास्थ्य, जनचेतना अभिवृद्धि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम,

(ड) शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति सम्बन्धी विविध कार्यक्रम,

(ढ) खानेपानी, सरसफाइ, जलस्रोत व्यवस्थापन तथा लघु तथा वैकल्पिक उर्जा विकास,

(ण) भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी

(त) सामुदायिक सुरक्षा प्रबर्द्धन

(थ) सामाजिक तथा धार्मिक सद्भाव

(द) अन्तरघुलन तथा शान्ति प्रबर्द्धन कार्यक्रमहरू

(२) गाउापालिकाले प्रस्तावना आह्वान गरी सामाजिक संघ संस्था मार्फत कार्यक्रम कार्यान्वयन गराउन सक्नेछ ।

## परिच्छेद–३
## कार्यक्रम सञ्चालन र समन्वय

**६. स्थानीय तहसँग समन्वय :**

(१) यस ऐन अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूले आफूले काम गर्ने कार्यक्षेत्र भित्रको गाउापालिकाबाट कार्यक्रमको प्रकृति हेरी गाउासभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) एक वर्षभन्दा छोटो अवधिको परियोजनाहरू, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रवर्धन, मानवअधिकार प्रवर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरू गर्दा स्थानीय तहलाई जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम सम्पन्न पश्चात सोको प्रतिवेदन स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) स्थानीय तहको नियमित र विषयगत कामसाग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरूमा स्थानीय तहसाग समन्वय गरेर काम गर्ने ।

(ग) एक वर्षभन्दा लामो अवधिका जनचेतनामूलक तथा अधिकारमुखी कार्यक्रमहरू सञ्चालनका लागि सम्बन्धित स्थानीय निकायको सहमति लिई कार्य गर्ने एवं भौतिक निर्माणका परियोजना वा त्यस्तो स्थानीय तह वा सरकारसाग पूर्व सहमति लिएर गर्नुपर्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्नुपरेमा स्थानीय तहसाग स्वीकृति लिएर काम गर्ने ।

(२) गैससहरूले सञ्चालन गर्ने एक वर्षभन्दा लामो कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रियामार्फत गाउापालिकाको एकीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ र गाउासभामा स्वीकृत गर्नुपर्नेछ ।

(३) गाउासभा सम्पन्न भएपछि गैससहरूको कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने भएमा गाउापालिकामा स्वीकृत गराउनुपर्नेछ र अर्को आर्थिक वर्षको गाउा सभाबाट अनुमोदन गराउन सकिनेछ ।

(४) गाउापालिकामा संस्थाले सहमति/स्वीकृतको लागि निवेदन पेश गरेको सामान्यतया १५ दिनभित्र सम्बन्धित गाउापालिकाले सहमति/स्वीकृतिपत्र दिनेछ। सहमति / स्वीकृतिपत्र दिन नसकिने अवस्था भए कारण सहित जानकारी दिइनेछ ।

**७. गैसस समन्वय समिति गठनः**

(१) गैससहरूसाग समन्वय र साझेदारी प्रवर्धन गर्न निम्न बमोजिम सदस्यीय गैसस समन्वय समिति गठन गरिनेछ ।







(क) गाउापालिका उपाध्यक्ष -संयोजक

(ख) सामाजिक विकास समिति हेर्ने वडा अध्यक्ष एक जना -सदस्य

(ग) गैसस महासंघ नेपालको सम्बन्धित जिल्ला/स्थानीय तहको प्रतिनिधि-सदस्य

(घ) महिला अधिकार र सशक्तीकरणको क्षेत्रमा क्रियाशिल संघ संस्थाहरूमध्येबाट गैसस समन्वय समितिले तोकेको सम्बन्धित जिल्लामा क्रियाशील संस्थाको एकजना महिला प्रतिनिधि -सदस्य

(ङ) अल्पसंख्यक वा सीमान्तकृत समुदायको प्रतनिधित्व गर्ने गैससको तर्फबाट समितिले तोकेको सोही समुदायको प्रतिनिधि एक जना -सदस्य

(२) समन्वय समितिको बैठक र कार्यविवरण भने समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**८. प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) हरेक गैरसरकारी संस्थाले आफ्नो कार्यक्षेत्र रहेको गाउापालिका समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) एक स्थानीय तह वा जिल्लाभन्दा बढी जिल्ला वा देशभर कार्यरत रहेको संस्था भएको अवस्थामा सम्बन्धित स्थानीय तहको गतिविधिको संक्षिप्त प्रगति प्रतिवेदन र सम्बन्धित परियोजना वा गतिविधिको आयव्ययको विवरण प्रस्तुत गर्न सकिनेछ। तर त्यस्तो स्थानीय तहले आवश्यक ठानी माग गरेका अवस्थामा उक्त संस्था वा परियोजनाको सम्पूर्ण प्रगति विवरण वा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी सम्बन्धित संस्थाले उपलब्ध गराउनुपर्नेछ ।

**९. सामाजिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

(१) गैरसरकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलब्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका सम्बन्धित सरोकारबाला निकाय, सञ्चारकर्मी, नागरिक समाज एवं लक्षित समुदाय तथा उपभोक्ता समेतको सहभागितामा वार्षिक रूपमा सामाजिक परीक्षण गर्नुपर्नेछ। तर एक स्थानीय तहभन्दा बढी जिल्लाभर कार्यक्रम सञ्चालन गर्ने संस्थाले जिल्ला तहमा समेत सामाजिक परीक्षण गर्न सकिनेछ ।

(२) गाउापालिकाले गैरसरकारी संस्थाहरूको लागि सामाजिक परीक्षण तथा सुनुवाई सम्बन्धी मार्गनिर्देशिका बनाई लागु गर्नसक्नेछ ।

**१०. गैरसरकारी संस्थामा स्थानीय तहको संलग्नता:** गाउापालिकाका पदाधिकारी सदस्य तथा कार्यरत कर्मचारीहरू गैरसरकारी संस्थाका कार्यसमितिका सदस्य वा कर्मचारीका रूपमा संलग्न हुनपाउने छैनन् ।

**११. गैससको प्रतिनिधित्व:**
स्थानीय तहका विभिन्न विषयगत समितिहरू र नेपाल सरकारद्वारा गठन गरिने गैरसरकारी संस्थासम्बन्धी विभिन्न समिति वा उपसमितिमा गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसका आधारमा विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ ।

**१२. संस्थाका क्रियाकलापहरू सार्वजनिक गर्नुपर्ने:**
सम्बन्धित गैससले आ  नो संस्था तथा कार्यक्रमको बारेमा जानकारी गराउनका लागि त्यस्तो संस्थाको कार्यालय वा कार्यालय परिसरमा आ  नो संस्थाको तर्फबाट सञ्चालित कार्यक्रम तथा बजेटको जानकारी सार्वजनिक गर्नDisplay Board राख्नुपर्नेछ ।

## परिच्छेद-४
## गैरसरकारी संस्था र स्थानीय तहको योजना तर्जुमा

**१३. योजना तर्जुमा प्रक्रियामा गैससहरूको सहभागिता:**

(१) यस गाउापालिकाको दीर्घकालिन, आवाधिक, बार्षिक तथा बिषयगत योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सम्बन्धित गैससहरूको सहभागिता र प्रतिनिधित्व गराइनेछ ।

(२) सम्बन्धित विषय र क्षेत्रको सूचना संकलनमा गैससहरूले गाउापालिकाको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

(४) गैससका सम्बन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन गाउापालिकालाई सहयोग गर्नुपर्नेछ ।

(५) गैससहरूले गाउापालिकाको योजना निर्माण र कार्यान्वयनवारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

(६) योजना तर्जुमा प्रक्रियामा सहभागी हुन नसकेका गैससले आ ना कार्यक्रमहरू सञ्चालन गर्दा त्यस्ता गैससका कार्यक्रम लागु हुने विषयको जानकारी दिई गाउापालिकासागको समन्वयमा तोकिएका भौगोलिक क्षेत्र वा विषयमा त्यस्ता कार्यक्रमहरू सञ्चालनका लागि प्राथमिकता दिनुपर्नेछ ।







**१४. योजना कार्यान्वयन र साझेदारी:**

(१) गाउापालिकाहरूको योजना कार्यान्वयनमा गैससहरूले आफ्नो स्रोत र क्षमता अनुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।

(२) गाउापालिकामा सञ्चालित विकास आयोजनाहरूको गुणस्तर अभिवृद्धिका लागि गाउापालिकाबाट अनुरोध भईआएमा आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलब्ध गराउनुपर्नेछ ।

(३) गैससहरुले समीक्षा बैठकहरूमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

**१५. स्थानीय योजना अनुगमन तथा मूल्यांकन:** (१) गाउापालिकाबाट सञ्चालन हुने विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा विषयगत गैससहरूलाइ गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसको आधारमा प्रत्यक्ष सहभागी गराइनेछ ।

(२) गाउापालिकाले स्वतन्त्र रूपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्न सक्नेछ जसमा सूचीकृत रहेका दक्ष गैससहरूलाई प्राथमिकता दिनेछ ।

**१६. गैससका कार्यक्रम अनुगमन:**
गाउापालिकामा सञ्चालित गैससहरूको परियोजना तथा कार्यक्रमहरू अनुगमन गर्नेछ । अनुगमन कार्यमा गैरसरकारी संस्था महासंघ नेपालको संस्थागत प्रतिनिधित्व गराइनेछ ।

**१७. एकद्वार प्रणाली सम्बन्धमा:**
गाउापालिकामा कार्य क्षेत्र रहेका सम्पूर्ण गैससहरूले आफ्ना कार्यक्रमहरू सञ्चालनको समन्वय गर्दा एवं सहमति लिादा सम्बन्धित गाउापालिका मार्फत लिनेछ । सहमति लिंदा दिंदा कार्यक्रममा दोहोरोपन नहुने गरी गरिनेछ ।

## परिच्छेद-५
## अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा

**२०. अन्तर्राष्ट्रिय गैसस सम्बन्धमा:**
गाउापालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले राष्ट्रिय तथा प्रदेश स्तरमा दर्ता भई यस गाउापालिकामा सूचीकृत भएका वा कुनै जिल्लामा दर्ता भई विभिन्न जिल्ला वा प्रदेशमा कार्यक्षेत्र बनाएका वा डोल्पा जिल्लामा दर्ता भई यस गाउापालिकामा कार्यरत वा काम गर्न इच्छुक गैरसरकारी संस्थामार्फत कार्य गर्नुपर्नेछ । तर, सम्भव भएसम्म यस गाउापालिकाहरुमा सूचीकृत संस्थाहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

## परिच्छेद–६
## विविध

**२१. पुरस्कार र प्रोत्साहनः**
गाउापालिकाले समाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र सशक्तीकरणका लागि उल्लेख्य योगदान पुऱ्याउने गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरूको स्थापना तथा वितरण गर्नेछ

**२२. गैसस क्षमता विकास कोषः**
गैरसरकारी संस्थाहरूको संस्थागत विकास तथा गैससमा कार्यरत कार्य समिति, कर्मचारी एवं स्वयंसेवकहरूको क्षमता विकासका लागि गाउापालिकाले गैसस क्षमता विकास कोषको स्थापना गरी त्यस्ता संस्थाहरूको संस्थागत विकासमा सहयोग गर्न सक्नेछ ।

**२३. कार्वाहीः**
(१) गाउापालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानुन विपरित कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरूलाई आवश्यक लिखित सुझाव दिई सुधार गर्ने अवसर प्रदान गर्ने वा केही समयका लागि कार्य स्थगन गर्न निश्चित अवधिको लागि काम गर्न रोक लगाउने वा आवश्यक कानुनी कारवाहीको लागि त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष लिखित रूपमा आवश्यक प्रमाणसहित कारवाहीको लागि सिफारिश गर्न सक्नेछ ।
(२) संस्था दर्ता तथा नविकरण गर्ने निकायबाट उक्त संस्थाले गलत काम गरेको प्रमाणित नभएसम्म त्यस्तो संस्थाको गतिविधिमा रोक लगाइने छैन । साथै त्यस्तो कार्बाही कारवाही गर्नु अघि उक्त संस्थालाई लिखित स्पष्टीकरणको उचित मौका प्रदान गर्नुपर्नेछ ।

**२४. नियमावली बनाउने अधिकारः**
यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउापालिकाले आवश्यक नियमावली तर्जुमा गरी लागु गर्नसक्नेछ ।

**२५. आचारसंहिताः**
गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचारसंहिता निर्माण गरी लागु गर्नुपर्नेछ ।







**२६. बाधा अड्काउ फुकाउने अधिकारः**
यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउापालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश गाउापालिकाले ६ महिनाभित्र गाउासभाबाट अनुमोदन गर्नुपर्नेछ नगरेमा उक्त आदेश स्वतः निस्क्रिय हुनेछ ।

**२७. बचाउ र लागु नहुनेः**
(१) यस ऐनमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानुन वमोजिम हुनेछ ।
(२) संविधानसाग बाझिएको यस ऐनको दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

आज्ञाले
**कमल बहादुर बडुवाल**
नि. प्रमुख प्रशासकीय अधिकृत

# न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

पारित मितिः २०७५/३/१०

**प्रस्तावनाः** न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीरहनको लागि प्रचलनमा रहेको संघीय कानूनमा भए देखि बाहेक थप कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिम मिति २०७५/३/१० मा जगदुल्ला गाउासभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “जगदुल्ला गाउापालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशलत भएपछि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रस□ले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) “उजुरी” भन्नाले समिति समक्ष परेको उजुरीबाट शुरु भएको प्रचलित कानून बमोजिम समितिले कारवाही र किनारा गर्ने उजुरी सम्झनुपर्छ ।

(ख) “खाम्ने” भन्नाले तोकिएको सम्पत्तिको मूल्यांकन गरिदा भ्याउने हदलाई सम्झनुपर्दछ ।

(ग) “चलन चलाईदिने” भन्नाले निर्णय पश्चात हक अधिकार प्राप्त भएको व्यक्तिलाई कुनै वस्तु वा सम्पत्ति भोग गर्न दिने कार्यलाई सम्झनुपर्दछ ।

(घ) “जमानत” भन्नाले कुनै व्यक्ति वा सम्पत्तिलाई न्यायिक समितिले चाहेको वखतमा उपस्थित वा हाजिर गराउन लिएको जिम्मा वा उत्तरदायित्वलाई सम्झनुपर्दछ ।

(ङ) “तामेली” भन्नाले न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरुमा सम्वन्धित पक्षलाई वुझाईने म्याद, सुचना, आदेश, पूर्जी वा जानकारी पत्र रितपूर्वक वुझाउने कार्यलाई सम्झनुपर्छ ।

(च) "तायदात" भन्नाले सम्पत्तिको विवरण वा गन्ती गरेको संख्या जनिने व्यहोरा वा सम्पत्तिको फाँटवारी वा लगतलाई सम्झनुपर्दछ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ज) "दरपीठ" भन्नाले न्यायिक समिति समक्ष पेश हुन आएका कुनै कागजपत्रको सम्बन्धमा रित नपुगे वा कानूनले दर्ता नहुने वा नलाग्ने भएमा त्यसको पछाडिपट्टि सोको कारण र अवस्था जनाइ अधिकारप्राप्त अधिकारीले लेखिदिने निर्देशन वा व्यहोरालाई सम्झनुपर्दछ ।

(झ) "नामेसी" भन्नाले कुनै व्यक्तिको नाम, थर र वतन समेतको विस्तृत विवरण खुलाइएको व्यहोरालाई सम्झनुपर्दछ ।

(ञ) "नालिश" भन्नाले कुनै विवादको विषयमा दफा ८ बमोजिम दिएको उजुरी, निवेदन वा फिराद सम्झनुपर्छ

(ट) "निर्णय किताब" भन्नाले समितिले उजुरीमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको उजुरीमा निर्णय गरेको व्यहोरा र त्यसको आधार तथा कारणको संक्षिप्त उल्लेख भएको किताब सम्झनुपर्छ ।

(ठ) "पन्चकृति मोल" भन्नाले पञ्च भलाद्मीले सम्पत्तिको स्थलगत तथा स्थानीय अवलोकन मूल्यांकन गरी बिक्री वितरण हुनसक्ने उचित ठहराएर निश्चित गरेको मुल्यलाई सम्झनुपर्दछ ।

(ड) "पेशी" भन्नाले न्यायिक समिति समक्ष निर्णयार्थ पेश हुने विवादहरुमा पक्षहरुलाई उपस्थित गराइ सुनुवाइ गर्ने कामलाई सम्झनुपर्दछ ।

(ढ) "प्रतिबादी" भन्नाले बादीले जसका उपर उजुरी दर्ता गर्दछ सो व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ण) "वकपत्र" भन्नाले विवाद सम्बन्धमा जानकार भई साक्षीको रुपमा व्यक्त गरेका कुरा लेखिने वा लेखिएको कागजलाई सम्झनुपर्छ ।

(त) "बन्द ईजलास" भन्नाले न्यायिक समिति अन्तर्गत निरुपण हुने विवादहरु मध्ये गोप्य प्रकृतिको विवाद भएको र सम्वद्ध पक्षहरुविच गोपनियता कायम गर्न आवश्यक देखिएमा सम्वद्ध पक्षहरु मात्र सहभागी हुनेगरी प्रवन्ध गरीएको सुनुवाई कक्षलाई सम्झनुपर्छ ।

(थ) "बादी" भन्नाले कसै उपर समिति समक्ष उजुरी दर्ता गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।







(द) "मूल्तवी" भन्नाले न्यायिक समिति अन्तर्गत विचाराधीन मुद्धा अन्य अड्डा अदालतमा समेत विचाराधिन भईरहेको अवस्थामा न्यायिक समितिले निर्णय गर्दा अन्य विचाराधिन मुद्धामा प्रभावित हुने देखिएमा प्रभाव पार्ने मुद्धाको फैसला नभएसम्म प्रभावित हुने मुद्दा स्थगित गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ध) "लगापात" भन्नाले घरजग्गा र त्यससाग अन्तरनिहित टहरा, बोट विरुवा, खुल्ला जमिन र त्यसमा रहेका सबैखाले संरचना वा चर्चेको जग्गा, छेउछाउ, सेरोफेरो र सम्पूर्ण अवयवलाई सम्झनुपर्दछ ।

(न) "सदरस्याहा" भन्नाले धरौटीमा रहेको रकमको लगत कट्टा गरी आम्दानीमा वाध्ने कार्यलाई सम्झनुपर्छ ।

(प) "सभा" भन्नाले गाउसभा सम्झनुपर्छ ।

(फ) "समिति" भन्नाले न्यायिक समिति सम्झनुपर्छ र सो शव्दले स्थानीय ऐनको दफा ४८को उपदफा (६) बमोजिमको समितिलाई समेत जनाउनेछ ।

(ब) "साल वसाली" भन्नाले हरेक वर्षको लागि छुट्टाछुट्टै हुने गरी प्रतिवर्षको निमित्त स्थायी रुपमा तय गरिएको शर्त सम्झनुपर्छ ।

(भ) "स्थानीय ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनुपर्छ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

## परिच्छेद–२
## समितिको अधिकार

३. **उजुरीमा निर्णय सम्बन्धी कामः** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै व्यहोराले लगत कट्टा गर्ने अधिकार समितिलाई मात्र हुनेछ ।

४. **निर्णय सम्बन्धी बाहेक अन्य कामः** (१) दफा ३ मा उल्लेख भएको वा प्रचलित कानूनले समिति वा समितिको सदस्यले नै गर्ने भन्ने व्यवस्था गरेको वा कार्यको प्रकृतिले समिति वा समितिको सदस्यले नै गर्नुपर्ने स्पष्ट भैरहेको देखि बाहेकका अन्य कार्यहरू यस ऐनमा तोकिएको कर्मचारी र त्यसरी नतोकिएकोमा समितिले निर्णय गरी तोकेको वा अधिकार प्रदान गरेको कर्मचारीले गर्नुपर्नेछ ।

(२) तोकिएको शाखा प्रमुख वा तोकिएका अन्य कर्मचारीले यस ऐन र प्रचलित कानून बमोजिम तोकिएको काम गर्दा समितिको संयोजक वा समितिले तोकेको सदस्यको प्रत्यक्ष निर्देशन, देखदेख र नियन्त्रणमा रही गर्नुपर्नेछ ।

५. **यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने :** समितिले उजुरी वा उजुरीको कारवाही र किनारा गर्दा प्रचलित र सम्बन्धित संघीय कानूनमा स्पष्ट उल्लेख भए देखि बाहेक यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

६. **समितिले हेर्ने:** समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछ:

(क) स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि गाउापालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा

(घ) प्रचलित कानूनले गाउापालिकाले हेर्ने भनि तोकेका उजुरीहरू ।

७. **समितिको क्षेत्राधिकार:** समितिले दफा ६ अन्तर्गतका मध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नेछ:

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष गाउापालिकाको भैगोलिक क्षेत्राधिकार भित्र बसोबास गरीरहेको,

(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(ग) गाउापालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरीएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति गाउापालिकाको भौगोलिक क्षेत्राधिकार भित्र रहिरहेको, तथा

(ङ) कुनै घटनासाग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना गाउापालिकाको भौगोलिक क्षेत्र भित्र घटेको ।

## परिच्छेद–३
## उजुरी तथा प्रतिवाद दर्ता

८. **बिवाद दर्ता गर्ने:** (१) कसै उपर बिवाद दर्ता गर्दा वा उजुरी चलाउादा प्रचलित कानून बमोजिम हकदैया पुगेको व्यक्तिले समितिको तोकिएको शाखासमक्ष उजुरी दर्ता गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने कुरा सबै खुलाई तथा पुऱ्याउनुपर्ने प्रक्रिया सबै पुरागरी अनुसूची-१ बमोजिमको ढााचामा दिनुपर्नेछ ।





न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेकोऐन, २०७५

(३) उपदफा (२) मा लेखिए देखि बाहेक उजुरीमा देहाय बमोजिमको व्यहोरा समेत खुलाउनुपर्नेछ:

(क) बादीको नाम, थर, वतन र निजको बाबू र आमा, तथा थाहा भएसम्म बाजे र बज्यैको नाम:

(ख) प्रतिबादीको नाम, थर र थाहा भएसम्म निजको बाबु र आमाको नाम, थर र स्थान पत्ता लाग्नेगरी स्पष्ट खुलेको वतन

(ग) गाउापालिकाको नाम सहित समितिको नाम

(घ) उजुरी गर्नुपरेको व्यहोरा र सम्पूर्ण विवरण

(ङ) गाउापालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा

(च) समितिको क्षेत्राधिकार भित्रको उजुरी रहेको व्यहोरा र सम्बन्धित कानून

(छ) बादीले दावी गरेको विषय र सोसाग सम्बन्धीत प्रमाणहरू

(ज) हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी व्यहोरा

(झ) कुनै सम्पत्तिसाग सम्बन्धित विषय भएकोमा सो सम्पत्ति चल भए रहेको स्थान, अवस्था तथा अचल भए चारकिल्ला सहितको सबै विवरण ।

(४) प्रचलित कानूनमा कुनै विशेष प्रक्रिया वा ढााचा वा अन्य केहि उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनुपर्नेछ ।

(५) कुनै किसिमको क्षतिपूर्ति भराउनुपर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा त्यस्तो क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनुपर्नेछ ।

९. **बिवाद दर्ता गरी निस्सा दिने :** (१) उजुरी प्रशासकले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी बादीलाई तारेख तोकि अनुसूची-२ बमोजिमको ढााचामा बिवाद दर्ताको निस्सा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तारेख दिनु पर्ने अवस्थामा तारेख तोक्दा अनुसूची-३ बमोजिमको ढााचामा तारेख भर्पाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख भर्पाईमा तोकिएको तारेख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई अनुसूची-४ बमोजिमको ढााचामा तारेख पर्चा दिनुपर्नेछ ।

१०. **उजुरी दरपीठ गर्ने:** (१)उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा प्रक्रिया नपुगेको देखिएपुरा गर्नुपर्ने देहायको प्रक्रिया पुरा गरी अथवा खुलाउनुपर्ने

देहायको व्यहोरा खुलाइ ल्याउनु भन्ने व्यहोरा लेखि पाच दिनको समय तोकि तथा बिवाद दर्ता गर्न नमिल्ने भए सो को कारण सहितको व्यहोरा जनाई दरपीठ गरेमा बादीलाई उजुरी फिर्ता दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रक्रिया नपुगेको भनि दरपीठ गरी फिर्ता गरेको उजुरीमा दरपीठमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी पााच दिनभित्र ल्याएमा दर्तागरिदिनुपर्छ ।

(३) उपदफा (१) बमोजिमको दरपीठ आदेश उपर चित्त नबुभ्ने पक्षले सो आदेश भएको मितिले तिन दिन भित्र उक्त आदेशको विरूध्दमा समिति समक्ष निवेदन दिनसक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निवेदन व्यहोरा मनासिब देखिए समितिले उपदफा (१) बमोजिमको दरपीठ बदर गरी बिवाद दर्ता गर्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम आदेश भएमा उजुरी प्रशासकले त्यस्तो बिवाद दर्ता गरी अरू प्रक्रिया पुरा गर्नुपर्नेछ ।

११. **दर्ता गर्न नहुनेः** उजुरी प्रशासकले दफा ८ बमोजिम पेश भएको उजुरीमा देहाय बमोजिमको व्यहोरा ठिक भए नभएको जााच गरी दर्ता गर्न नमिल्ने देखिएमा दफा १० बमोजिमको प्रक्रिया पुरा गरी दरपीठ गर्नुपर्नेछः

(क) प्रचलित कानूनमा हदम्याद तोकिएकोमा हदम्याद वा म्याद भित्र उजुरी परे नपरेकोः

(ख) प्रचलित कानून बमोजिम समितिको क्षेत्राधिकार भित्रको उजुरी रहे नरहेकोः

(ग) कानुन बमोजिम लाग्ने दस्तुर दाखिल भए नभएकोः

(घ) कुनै सम्पत्ति वा अधिकारसाग सम्बन्धित विषयमा विवाद निरूपण गर्नुपर्ने विषय उजुरीमा समावेश रहेकोमा त्यस्तो सम्पत्ति वा अधिकार विषयमा उजुरी गर्न बादीको हक स्थापित भएको प्रमाण आवश्यक पर्नेमा सो प्रमाण रहे नरहेकोः

(ङ) उक्त विषयमा उजुरी गर्ने हकदैया बादीलाई रहे नरहेकोः

(च) लिखतमा पुरा गर्नुपर्ने अन्य रित पुगे नपुगेकोः तथा

१२. **दोहोरो दर्ता गर्न नहुनेः**(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम समिति वा अन्य कुनै अदालत वा निकायमा कुनै पक्षले उजुरी गरी समिति वा उक्त अदालत वा निकायबाट उजुरीमा उल्लेख भएको विषयमा







प्रमाण बुझि वा नबुझि विवाद निरोपण भैसकेको विषय रहेको छ भने सो उजुरीमा रहेका पक्ष विपक्षको बीचमा सोहि विषयमा समितिले उजुरी दर्ता गर्न र कारवाही गर्न हादैन ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्न नमिल्ने उजुरी भुलवश दर्ता भएकोमा सो व्यहोरा जानकारी भएपछि उजुरी जुनसुकै अवस्थामा रहेको भएपनि समितिले उजुरी खारेज गर्नुपर्नेछ ।

१३. **उजुरीसाथ लिखत प्रमाणको सक्कल पेश गर्नुपर्ने** : उजुरीसाथ पेश गर्नु पर्ने प्रत्येक लिखत प्रमाणको सक्कल र कम्तिमा एक प्रति नक्कल उजुरी साथै पेश गर्नुपर्नेछ र उजुरी प्रशासकले त्यस्तो लिखतमा कुनै कैफियत जनाउनुपर्ने भए सो जनाइ सो प्रमाण सम्बन्धित मिसिलमा राख्नेछ ।

१४. **उजुरी तथा प्रतिवाद दर्ता दस्तुर** : (१) प्रचलित कानूनमा बिवाद दर्ता दस्तुर तोकिएकोमा सोहि बमोजिम तथा दस्तुर नतोकिएकोमा एक सय रूपैयाा बुझाउनु पर्नेछ ।

(२) प्रचलित कानूनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक एकसय रूपैयाा प्रतिवाद दर्ता दस्तुर लाग्नेछ ।

१५. **प्रतिवाद पेश गर्नुपर्नेः** (१) प्रतिबादीले दफा २० बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा सूचनामा तोकिएको समयावधि भित्र उजुरी प्रशासक समक्ष आफै वा वारेस मार्फत लिखित प्रतिवाद दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद पेश गर्दा प्रतिबादीले भएको प्रमाण तथा कागजातका प्रतिलिपि साथै संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) प्रतिवादीले लिखित ब्यहोरा दिादा अनुसूची-५ बमोजिमको ढााचामा दिनुपर्नेछ।

१६. **प्रतिवाद जाँच गर्ने** : (१) उजुरी प्रशासकले दफा १५ बमोजिम पेश भएको प्रतिवाद जााच गरी कानून बमोजिमको रित पुगेको तथा म्याद भित्र पेश भएको देखिए दर्ता गरी समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवाद दर्ता हुने भएमा उजुरी प्रशासकले प्रतिबादीलाई बादी मिलानको तारेख तोक्नुपर्नेछ ।

१७. **लिखतमा पुरा गर्नुपर्ने सामान्य रित** : (१) प्रचलित कानून तथा यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक समिति समक्ष दर्ता गर्न ल्याएका उजुरी तथा प्रतिवादमा देहाय बमोजिमको रित समेत पुरा गर्नुपर्नेछः

(क) एफोर साइजको नेपाली कागजमा बायाा तर्फ पााच सेन्टिमिटर, पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टिमिटर र त्यसपछिको पृष्ठमा पााच सेन्टिमिटर छोडेको तथा प्रत्येक पृष्ठमा बत्तिस हरफमा नबढाई कागजको एकातर्फ मात्र लेखिएको;

(ख) लिखत दर्ता गर्न ल्याउने प्रत्येक व्यक्तिले लिखतको प्रत्येक पृष्ठको शीर पुछारमा छोटकरी दस्तखत गरी अन्तिम पृष्ठको अन्त्यमा लेखात्मक तथा ल्याप्चे सहिछाप गरेको

(ग) कुनै कानून व्यवसायीले लिखत तयार गरेको भए निजले पहिलो पृष्ठको बायाातर्फ निजको कानून व्यवसायी दर्ता प्रमाणपत्र नम्बर, नाम र कानून व्यवसायीको किसिम खुलाई दस्तखत गरेको तथा

(घ) लिखतको अन्तिम प्रकरणमा यस लिखतमा लेखिएको व्यहोरा ठिक सााचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउाला भन्ने उल्लेख गरी सो मुनि लिखत दर्ता गर्न ल्याएको वर्ष, महिना र गते तथा वार खुलाई लिखत दर्ता गर्न ल्याउने व्यक्तिले दस्तखत गरेको, ।

तर ब्यहोरा पुराइ पेश भएको लिखत लिनलाइ यो उपदफाले बाधा पारेको मानिने छैन ।

(२) लिखतमा विषयहरू क्रमबध्द रूपमा प्रकरण प्रकरण छुट्याई संयमित र मर्यादित भाषामा लेखिएको हुनुपर्नेछ ।

(३) लिखतमा पेटबोलिमा परेको स्थानको पहिचान हुने स्पष्ट विवरण र व्यक्तिको नाम, थर, ठेगाना तथा अन्य विवरण स्पष्ट खुलेको हुनुपर्नेछ ।

(४) लिखत दर्ता गर्न ल्याउने वा समितिमा कुनै कागज गर्न आउनेले निजको नाम, थर र वतन खुलेको नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नुपर्छ ।

१८. **नक्कल पेश गर्नुपर्ने :** उजुरी वा प्रतिवाद दर्ता गर्न ल्याउनेले विपक्षीको लागि उजुरी तथा प्रतिवादको नक्कल तथा संलग्न लिखत प्रमाणहरूको नक्कल साथै पेश गर्नुपर्छ ।

१९. **उजुरी वा प्रतिवाद संशोधनः** (१) लिखत दर्ता गर्न ल्याउने पक्षले समितिमा दर्ता भइसकेको लिखतमा लेखाइ वा टाइप वा मुद्रणको सामान्य त्रुटी सच्याउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा माग बमोजिम सच्याउादा दावी तथा प्रतिवादमा गरीएको माग वा दावीमा मुलभुत पक्षमा फरक नपर्ने र निकै सामान्य प्रकारको संशोधन माग गरेको देखेमा उजुरी प्रशासकले सो बमोजिम सच्याउन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन भएमा सो को जानकारी उजुरीको अर्को पक्षलाई दिनुपर्नेछ ।







## परिच्छेद–४
## म्याद तामेली तथा तारेख

२०. **म्याद सूचना तामेल गर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम बिवाद दर्ता भएपछि बढिमा दुई दिन भित्र प्रतिबादीका नाममा प्रचलित कानूनमा म्याद तोकिएको भए सोहि बमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा दफा ९ बमोजिमको उजुरी तथा उक्त उजुरी साथ पेश भएको प्रमाण कागजको प्रतिलिपी समेत संलग्न गरी पठाउनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढि प्रतिबादीलाई म्याद दिनुपर्दा प्रमाण कागजको नक्कल कुनै एकजना मुल प्रतिबादीलाई पठाई बााकिको म्यादमा प्रमाण कागजको नक्कल फलानाको म्याद साथ पठाइएको छ भन्ने व्यहोरा लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढिमा तिन दिन भित्र तामेल गरी तामेलीको व्यहोरा खुलाई समितिमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहाय बमोजिमको विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नुपर्नेछ;

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै ^ याक्स वा ईमेल वा अन्य कुनै अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट;

(ख) प्रतिबादीले म्याद तामेली भएको जानकारी पाउन सक्ने मनासिब आधार छ भन्ने देखिएमा समितिको निर्णयबाट कुनै स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर वा स्थानीय एफ.एम. रेडियो वा स्थानीय टेलिभिजनबाट सूचना प्रसारण गरेर; वा

(ग) अन्य कुनै सरकारी निकायबाट म्याद तामेल गराउादा म्याद तामेल हुनसक्ने मनासिब कारण देखिएमा समितिको आदेशबाट त्यस्तो सरकारी निकाय मार्फत ।

(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-६ बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

२१. **रोहवरमा राख्नुपर्नेः** यस ऐन बमोजिम वडा कार्यालय मार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा सदस्य तथा कम्तिमा दुईजना स्थानीय भलादमि रोहवरमा राख्नुपर्नेछ ।

२२. **रीत बेरीत जाँच गर्नेः** (१)उजुरी प्रशासकले म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि रीतपूर्वकको तामेल भएको छ वा छैन जाँच गरी आवश्यक भए सम्बन्धित वडा सचिवको प्रतिवेदन समेत लिई रीतपूर्वकको देखिए मिसिल सामेल राखि तथा बेरीतको देखिए बदर गरी पुनः म्याद तामेल गर्न लगाई तामेली प्रति मिसिल सामेल राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सम्बन्धित कर्मचारीले बदनियत राखि कार्य गरेको देखिए उजुरी प्रशासकले सो व्यहोरा खुलाई समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको व्यहोरा उपयुक्त देखिए समितिले सम्बन्धित कर्मचारी उपर कारवाहीको लागि कार्यपालिका समक्ष लेखि पठाउन सक्नेछ ।

२३. **तारेखमा राख्नूपर्नेः** (१)उजुरी प्रशासकले दफा ९ बमोजिम बिवाद दर्ता गरेपछि उजुरीकर्तालाई र दफा १६ बमोजिम प्रतिवाद दर्ता गरेपछि प्रतिबादीलाई तारेख तोकि तारेखमा राख्नुपर्छ ।

(२) उजुरीका पक्षहरूलाई तारेख तोक्दा तारेख तोकिएको दिन गरिने कामको व्यहोरा तारेख भर्पाई तथा तारेख पर्चामा खुलाई उजुरीका सबै पक्षलाई एकै मिलानको मिति तथा समय उल्लेख गरी एकै मिलानको तारेख तोक्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम तारेख तोकिएको समयमा कुनै पक्ष हाजिर नभए पनि तोकिएको कार्य सम्पन्न गरी अर्को तारेख तोक्नुपर्ने भएमा हाजिर भएको पक्षलाई तारेख तोकि समयमा हाजिर नभई पछि हाजिर हुने पक्षलाई अघि हाजिर भई तारेख लाने पक्षसाग एकै मिलान हुनेगरी तारेख तोक्नुपर्छ ।

(४) यस दफा बमोजिम तोकिएको तारेखमा उपस्थित भएका पक्षहरूलाई साथै राखि समितिले उजुरीको कारवाहि गर्नुपर्छ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको तारेखमा कुनै पक्ष उपस्थित नभए पनि समितिले बिवादको विषयमा कारवाही गर्न बाधा पर्नेछैन ।







२४. **समितिको निर्णय बमोजिम हुनेः** समितिले म्याद तामेली सम्बन्धमा प्रचलित कानून तथा यस ऐनमा लेखिए देखि बाहेकको विषयमा आवश्यक प्रक्रिया निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद–५
## सुनवाई तथा प्रमाण बुझ्ने सम्बन्धमा

२५. **प्रारम्भिक सुनवाईः** (१) मेलमिलापबाट बिवाद निरुपण हुन नसकी समितिमा आएका बिवाद प्रतिवाद दर्ता वा बयान वा सो सरहको कुनै कार्य भएपछि सुनवाईको लागि पेश भएको बिवादमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले बिवाद पेश भएको पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) समिति समक्ष पेश भएको बिवादमा उपदफा (१) बमोजिम तत्काल निर्णय गर्न सकिने नदेखिएमा समितिले देहाय बमोजिमको आदेश गर्न सक्नेछः

(क) बिवादमा मुख नमिलेको कुरामा यकीन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्नेः

(ख) बिवादमा बुझ्नुपर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्नेः

(ग) मेलमिलापका सम्बन्धमा बिवादका पक्षहरूसाग छलफल गर्नेः तथा

(घ) बिवादका पक्ष उपस्थित भएमा सुनुवाइको लागि तारेख तथा पेशिको समय तालिका निर्धारण गर्ने ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले स्थानीय ऐनको दफा ४७को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलापको लागि पठाउने आदेश गर्नुपर्नेछ ।

२६. **प्रमाण दाखिल गर्ने :** बादी वा प्रतिबादीले कुनै नयाा प्रमाण पेश गर्न अनुमति माग गरी निवेदन पेश गरेमा उजुरी प्रशासकले सोहि दिन लिन सक्नेछ ।

२७. **लिखत जाँच गर्ने :** (१) समितिले उजुरीमा पेश भएको कुनै लिखतको सत्यता परीक्षण गर्न रेखा वा हस्ताक्षर विशेषज्ञलाई जाँच गराउन जरूरी देखेमा सो लिखतलाई असत्य भन्ने पक्षबाट परीक्षण दस्तुर दाखिल गर्न लगाई रेखा वा हस्ताक्षर विशेषज्ञबाट लिखत जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जााच गर्दा मनासिब माफिकको समय तोकि आदेश गर्नुपर्नेछ र समय भित्र जााच सम्पन्न हुनको लागि यथासम्भव व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जााच गर्दा लिखत असत्य ठहरीएमा लिखत सत्य रहेको भन्ने पक्षबाट लागेको दस्तुर असुल गरी उपदफा (१) बमोजिम दस्तुर दाखिल गर्ने पक्षलाई भराईदिनुपर्छ ।

२८. **साक्षी बुझ्नेः** (१) समितिबाट साक्षी बुझ्ने आदेश गर्दा साक्षी बुझ्ने दिन तोकि आदेश गर्नुपर्नेछ । साछी राख्दा बढीमा ५ जना राख्नु पर्ने ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि उजुरी प्रशासकले उजुरीको पक्षलाई आदेशमा उल्लेख भएको मितिमा साक्षी बुझ्ने तारेख तोक्नुपर्नेछ ।

(३) साक्षी बुझ्ने तारेख तोकिएको दिनमा आ नो साक्षी समिति समक्ष उपस्थित गराउनु सम्बन्धित पक्षको दायित्व हुनेछ ।

२९. **समितिको तर्फबाट बकपत्र गराउनेः**(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक वा अशक्त वा वृद्ध,वृद्धा पक्ष रहेको उजुरीमा साक्षि बकपत्रको लागि तोकिएको तारेखको दिन उपस्थित नभएको वा उपस्थित नगराइएको साक्षीलाई समितिले म्याद तोकि समितिको तर्फबाट झिकाई बकपत्र गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साक्षी झिकाउादा बकपत्र हुने तारेख तोकि म्याद जारी गर्नुपर्नेछ र उजुरीका पक्षहरूलाई समेत सोहि मिलानको तारेख तोक्नु पर्नेछ ।

३०. **साक्षी बकपत्र गराउनेः** (१) उजुरी प्रशासकले साक्षी बकपत्रको लागि तोकिएको दिन पक्षहरूसाग निजहरूले उपस्थित गराउन ल्याएका साक्षिको नामावली लिई समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) साक्षी बकपत्रको लागि तोकिएको तारेखको दिन उजुरीका सबै पक्षले साक्षी उपस्थित गराउन ल्याएको भए कार्यालय खुल्नासाथ तथा कुनै पक्षले साक्षी उपस्थित गराउन नल्याएको भए दिनको बाह्र बजेपछि समितिले उपलब्ध भएसम्मका साक्षीको बकपत्र गराउनुपर्नेछ ।

३१. **बन्देज गर्न सक्ने :** (१) साक्षीको बकपत्र गराउादा उजुरीको विषयवस्तु भन्दा फरक प्रकारको तथा साक्षी वा उजुरीको पक्षलाई अपमानित गर्ने वा झिझ्याउने वा अनुचित प्रकारको प्रश्न सोधिएमा समितिले त्यस्तो प्रश्न सोध्नबाट पक्षलाई बन्देज गर्न सक्नेछ ।







(२) नाबालक वा वृद्ध वा असक्त वा बिरामीले साक्षी बक्नुपर्ने भई त्यस्तो उजुरीमा कुनै पक्षको उपस्थिति वा अन्य कुनै मनासिब कारणले साक्षीलाई बकपत्र गर्न अनुचित दबाव परेको वा पर्ने प्रबल सम्भावना रहेको छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो पक्षको प्रत्यक्ष उपस्थितिलाई बन्देज गरी निजले साक्षीले नदेख्ने गरी मात्र उपस्थित हुन आदेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश गरेमा साक्षीले नदेख्ने गरी पक्ष उपस्थित हुने व्यवस्था मिलाउने दायित्व समितिको हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गर्दा समितिले उजुरीसाग सम्बन्धित आवश्यक प्रश्न तयार गरी समितिको तर्फबाट बकपत्र गराउन सक्नेछ ।

३२. **पेशी सूची प्रकाशन गर्नुपर्नेः**(१) उजुरी प्रशासकले प्रत्येक हप्ता शुक्रवार अगामी हप्ताको लागि पेशी तोकिएको बिवादहरूको साप्ताहिक पेशी सूची तथा तोकिएको दिन उक्त दिनको लागि पेशी तोकिएका बिवादहरूको पेशी सूची प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची संयोजकले र निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको समितिको सदस्यले प्रमाणित गर्नुपर्नेछ ।

३३. **दैनिक पेशी सूचीः** (१) उजुरी प्रशासकले दफा ३२ बमोजिमको साप्ताहिक पेशी सूचीमा चढेका बिवादहरूको तोकिएको दिनको पेशी सूची तयार गरी एक प्रति सूचना पाटीमा टाास्न लगाउनुपर्नेछ तथा एक प्रति समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा बिवादहरू उल्लेख गर्दा बिवाद दर्ताको आधारमा देहायको क्रममा तयार गरी प्रकाशन गराउनुपर्नेछः

(क) नाबालक पक्ष भएको बिवादः

(ख) शारिरीक असक्तता वा अपा□ता भएको व्यक्ति पक्ष भएको बिवादः

(ग) सत्तरी वर्ष उमेर पुरा भएको वृद्ध वा वृद्धा पक्ष भएको बिवादः तथा

(घ) बिवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको बिवाद ।

(३) उपदफा (२) बमोजिम पेशी सूची तयार गर्दा मुल्तवीबाट जागेका तथा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट पुनः इन्साफको लागि प्राप्त भई दर्ता भएको बिवादको हकमा शुरूमा समितिमा दर्ता भएका मितिलाई नै दर्ता मिति मानि क्रम निर्धारण गर्नुपर्नेछ ।

(४) उपदफा (१) वा (२) मा रहेको क्रमानुसार नै समितिले बिवादको सुनवाई र कारवाही तथा किनारा गर्नुपर्नेछ ।

**३४. उजुरी प्रशासकको जिम्मेवारी हुने :** पेशी सूचीमा चढेका बिवादहरू कार्यालय खुलेको एक घण्टा भित्र समिति समक्ष सुनवाईको लागि पेश गर्ने तथा उक्त दिनको तोकिएको कार्य सकिए पछि समितिबाट फिर्ता बुझिलिई सुरक्षित राख्ने जिम्मेवारी उजुरी प्रशासकको हुनेछ ।

**३५. प्रमाण सुनाउन सक्ने :** समितिले दफा २५ बमोजिम तोकिएको तारेखको दिन उपस्थित सबै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाण एवम् कागजात देखाई पढिबाची सुनाई सो बारेमा अर्को पक्षको कुनै कथन रहेको भए लिखित बयान गराई मिसिल सामेल गराउन सक्नेछ ।

**३६. बिवादको सुनवाई गर्ने:**(१) समितिले दुवै पक्षको कुरा सुनी निजहरूको बिवादको सुनवाई तथा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुनवाई तथा निर्णय गर्दा पक्षहरूको रोहवरमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम बिवादको सुनवाई गर्दा इजलास कायम गरी सुनवाई गर्न मनासिव देखिएमा सोही अनुसार गर्न सक्नेछ ।
तर दुबै पक्षको भनाइ तथा जिकिर सुन्नलाइ उपदफा ३ अनुसारको इजलास कायम गर्न बाधा हुने छैन ।

**३७. बन्द इजलासको गठन गर्नसक्ने:**(१) समितिले महिला तथा बालबालिका समावेश रहेको तथा आवश्यक देखेको अन्य बिवादको सुनवाईको लागि बन्द इजलास कायम गरी सुनवाई गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बन्द इजलासमा बिवादका पक्ष तथा अन्य सरोकारवाला बाहेक अन्य व्यक्तिलाई इजलासमा प्रवेश गर्न नपाउने गरी बन्द इजलासको गठन गर्नुपर्नेछ ।

(३) बन्द इजलासबाट हेरिने बिवादको काम कारवाही, पिडीतको नाम थर ठेगाना लगायतका विषय गोप्य राख्नुपर्नेछ ।

**३८. बन्द इजलास सम्बन्धी अन्य व्यवस्था:** (१) बन्द इजलासबाट हेरिएका बिवादहरूको कागजातको प्रतिलिपि बादी, प्रतिवादि र निजको हितमा असर परेको कुनै सरोकारवाला बाहेक अरू कसैलाई उपलब्ध गराउनुहुदैन ।

(२) उपदफा (१) बमोजिमको बिवादको तथ्य खुलाई कुनै समाचार कुनै पत्रपत्रिकामा संप्रेषण हुनदिनुहुदैन ।







(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले पक्षको गोपनियता तथा हितमा प्रतिकुल प्रभाव नपर्ने गरी समाचार संप्रेषण गर्न भने कुनै बाधा पर्नेछैन ।

**३९. थप प्रमाण बुझ्ने:** बिवादको सुनवाईको क्रममा बिवादको कुनै पक्षको अनुरोधमा वा बिवाद सुनवाईको क्रममा समिति आफैले थप प्रमाण बुझ्नुपर्ने देखेमा उजुरीका पक्षहरूलाई थप प्रमाण पेश गर्न पेश गर्ने तारेख तोकि आदेश गर्न सक्नेछ ।

**४०. स्वार्थ बाझिएको बिवाद हेर्न नहुने :** समितिको सदस्यले देहायका बिवादको कारवाही र किनारामा संलग्न हुनुहुदैन:

(क) आˆ नो वा नजिकको नातेदारको हक हित वा सरोकार रहेको बिवाद:

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि “नजिकको नातेदार” भन्नाले अपुताली पर्दा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकता क्रममा रहेको व्यक्ति, मामा, माइजु, सानीआमा, ठूलीआमा, सानोबाबु, ठूलोबाबू, पति वा पत्नी तर्फका सासू, ससुरा, फूपु, फूपाजु, साला, जेठान, साली, दिदी,बहिनी,भिनाजु,बहिनी ज्वाई, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाई, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनुपर्छ ।

(ख) निजले अन्य कुनै हैसियतमा गरेको कुनै कार्य वा निज संलग्न रहेको कुनै विषय समावेश रहेको कुनै बिवाद:

(ग) कुनै विषयमा निजले बिवाद चल्ने वा नचल्ने विषयको छलफलमा सहभागि भई कुनैराय दिएको भए सो विषय समावेश रहेको बिवाद: वा

(घ) अन्य कुनै कारणले आधारभूत रूपमा निज र निजको एकाघर संगोलका परिवारका सदस्यको कुनै स्वार्थ बाझिएको बिवाद ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा जुन सदस्यको त्यस्तो अवस्था पर्छ उक्त सदस्यले बिवाद हेर्न नहुने कारण खुलाई आदेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) को प्रतिकुल हुने गरी कुनै सदस्यले कुनै बिवादको कारवाहि र किनारामा सहभागि हुन लागेमा बिवादको कुनै पक्षले आवश्यक प्रमाण सहित बिवादको कारवाहि किनारा नगर्न निवेदन दिन सक्नेछ र सो सम्बन्धमा काम कारबाही स्थानीय ऐनको दफा ४८(५) अनुसार हुनेछ ।

(४) उपदफा (३) अनुसार बिवाद निरुपण हुन नसक्ने अवस्थामा स्थानीय ऐनको दफा ४८(६) र (७) को ब्यबस्था अनुसारको सभाले तोकेको समितिले काम कारवाहि र किनारामा गर्नेछ ।

(५) उपदफा (४) बमोजिम गर्दा सभाले बिवादका पक्षहरूलाई सोहि उपदफा बमोजिम गठित समितिबाट बिवादको कारवाहि किनारा हुने कुराको जानकारी गराई उक्त समिति समक्ष उपस्थित हुन पठाउनुपर्नेछ ।

## परिच्छेद–६
## निर्णय र अन्य आदेश

४१. **निर्णय गर्नुपर्ने :** (१) समितिले सुनवाईको लागि पेश भएको बिवाद हेर्दा कुनै प्रमाण बुझ्नुपर्ने बाकि नरहि बिवाद किनारा गर्ने अवस्था रहेको देखिएमा सोहि पेशीमा बिवादमा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गरेपछि निर्णयको व्यहोरा निर्णय किताबमा लेखि समितिमा उपस्थित सदस्यहरू सबैले दस्तखत गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरीएको निर्णयको दफा ४२ र अन्य प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरण खुलेको पूर्ण पाठ निर्णय भएको मितिले बढिमा सात दिन भित्र तयार गरी मिसिल सामेल राख्नुपर्छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समय अभाव अथवा अन्य कुनै मनासिब कारणले गर्दा सोहि दिन बिवाद निर्णय गर्न नसक्ने भएमा आगामि हप्ताको कुनै दिनको लागि अर्को पेशी तारेख तोक्नुपर्नेछ ।

४२. **निर्णयमा खुलाउनुपर्ने :** (१) समितिले दफा ४१ बमोजिम गरेको निर्णयको पूर्णपाठमा यस दफा बमोजिमका कुराहरू खुलाई अनुसूची-७ बमोजिमको ढाचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्णपाठ तयार गर्दा बादी तथा प्रतिबादीको जिकिर, निर्णय गर्नुपर्ने देखिएको विषय, दुवै पक्षबाट पेश भएको प्रमाणका कुराहरू समेतको विषय खुलाउनुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख भए देखि बाहेक पूर्णपाठमा देहायका कुराहरू समेत खुलाउनुपर्नेछः

(क) तथ्यको व्यहोराः

(ख) बिवादको कुनै पक्षले कानून व्यवसायी राखेको भएमा निजले पेश गरेको बहस नोट तथा बहसमा उठाइएका मुल विषयहरुः







(ग) निर्णय गर्नको लागि आधार लिइएको प्रमाणका साथै दुवै पक्षबाट पेश भएको प्रमाण तथा त्यसको विश्लेषणः

(घ) निर्णय कार्यान्वयन गर्नको लागि गर्नुपर्ने विषयहरूको सिलसिलेवार उल्लेखन सहितको तपसिल खण्डः तथा

(ङ) निर्णय उपर पुनरावेदन लाग्ने भएमा पुनरावेदन लाग्ने जिल्ला अदालतको नाम र के कति दिनभित्र पुनरावेदन गर्नुपर्ने हो सो समेत ।

(४) उपदफा २ तथा ३ मा उल्लेख भएदेखि बाहेक देहायका कुराहरु समेत निर्णयमा खुलाउन सक्नेछः

(क) साक्षी वा सर्जमिनको बकपत्रको सारांशः

(ख) कुनै नजीरको व्याख्या वा अवलम्बन गरेको भए सो नजीरको विवरण र बिवादमा उक्त नजीरको सिध्दान्त के कुन आधारमा लागु भएको हो अथवा लागु नभएको हो भन्ने कारण सहितको विश्लेषणः

(ग) निर्णयबाट कसैलाई कुनै कुरा दिनु भराउनुपर्ने भएको भए कसलाई के कति भराईदिनुपर्ने हो सोको विवरणः तथा

(घ) बिवादको क्रममा कुनै मालसामान वा प्रमाणको रुपमा केहि वस्तु समिति समक्ष पेश भएको भए सो मालसामान वा वस्तुको हकमा के गर्ने हो भन्ने विषय ।

४३. **प्रारम्भिक सुनवाईमा निर्णय हुनसक्ने :** (१) समितिले पहिलो सुनवाईको लागि पेश भएको अवस्थामा नै बिवादमा थप प्रमाण बुझिरहनुपर्ने अवस्था नरहेको देखेमा अथवा हदम्याद वा हकदैया वा समितिको क्षेत्राधिकार नरहेको कारणले बिवाद निर्णय गर्न नमिल्ने देखेमा पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय क्षेत्राधिकारको अभाव रहेको कारणले भएको अवस्थामा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा स्थानीय तह वा अन्य निकायमा उजुरी गर्न जानु भनि सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ ।

४४. **निर्णय संशोधन :** (१) समिति समक्ष बिवादको पक्ष वा कुनै सरोकारवालाले बिवादको निर्णयमा भएको कुनै लेखाईको त्रुटी संशोधन गरीपाउन जिकिर लिई निर्णयको जानकारी भएको पैंतिस दिन भित्र निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परी समितिले हेर्दा सामान्य त्रुटी भएको र संशोधनबाट निर्णयको मूल आशयमा कुनै हेरफेर नहुने देखेमा छुट्टै पर्चा खडा गरी निवेदन बमोजिम निर्णय संशोधन गर्ने आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश मूल निर्णयको अभिन्न अ□को रुपमा लिइनेछ ।

**४५. निर्णयमा हेरफेर गर्न नहुने :** (१) समितिका सदस्य अथवा अरु कसैले पनि समितिका सदस्यहरुको दस्तखत भैसकेपछि निर्णयमा कुनै प्रकारको थपघट वा केरमेट गर्न हुादैन ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गर्ने कर्मचारीलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनुपर्नेछ ।

**४६. निर्णय भएपछि गर्नुपर्ने कारवाहि :** (१) उजुरी प्रशासकले समितिबाट निर्णय भएपश्चात निर्णय किताबमा समितिका सदस्यहरु सबैको दस्तखत भएको यकिन गरी निर्णय किताब र मिसिल जिम्मा लिनुपर्छ ।

(२) यस ऐन बमोजिम निर्णयको पूर्णपाठ तयार भएपछि सबै सदस्यको दस्तखत भैसकेपछि उजुरी प्रशासकले निर्णयको कार्यान्यवय गर्नका लागि तत्काल गर्नुपर्ने केहि कार्य भए सो सम्पन्न गरी मिसिल अभिलेखको लागी पठाउनुपर्छ ।

**४७. निर्णय गर्नपर्ने अवधिः** (१) समितिले प्रतिवाद दाखिल भएको वा बयान गर्नु पर्नेमा प्रतिबादीको बयान भएको मितिले तथा प्रतिवाद दाखिल नभएको वा बयान नभएकोमा सो हुनुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र बिवादको अन्तिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि गणना गर्दा मेलमिलापको लागि पठाईएको बिवादको हकमा मेलमिलापको प्रक्रियामा लागेको समय कटाइ अवधि गणना गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिवादमा बुझ्नुपर्ने प्रमाण तथा पुरा गर्नुपर्ने प्रक्रिया बााकि नरही बिवाद निर्णयगर्न अ□ पुगिसकेको भए सो पुगेको पन्ध्र दिनभित्र अन्तिम निर्णय गर्नुपर्नेछ ।

**अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेः** स्थानीय ऐनको दफा ४९ को उपदफा ८ कोखण्ड (क) देखी (ङ) सम्म उल्लेखित विषयमा यस्तो आदेश जारी गर्दा निबेदक ले पेश गरेकोमा तत्काल अन्तरिम आदेश जारी गर्न सक्नेछ । न्यायिक समितिले जारी गर्ने अन्तरिम संरक्षणात्मक आदेश अनुसूची ८ मा उल्लेख गरे बमोजिम हुनेछ ।







## परिच्छेद–७

## समितिको सचिवालय

**४८. समितिको सचिवालयः** (१) समितिको कार्यसम्पादनलाई सहजिकरणा गर्न एक सचिवालय रहने छ

(२) उपदफा (१) वमोजिमको सचिवालयमा कार्यपालिकाले आवश्यता अनुसार उजुरी प्रशासक, अभिलेख प्रशासक तथा अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ । सचिवालयको कार्यसम्पादनलाई व्यवस्थित गर्न सचिवालय अन्तर्गत उजुरी शाखा र फााट तथा अभिलेख शाखारफााट रहन सक्नेछ ।

**४९. उजुरी प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए देखि बाहेक उजुरी प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पेश भएका उजुरी, प्रतिवाद र अन्य लिखतहरु जााच गरी रीत पुगेको भए कानून बमोजिम लाग्ने दस्तुर लिई दर्ता गर्ने र दर्ता गर्नानमिल्ने भए कारण जनाई दरपीठ गर्नेः

(ख) विवादमा प्रमाणको लागि पेश भएका नक्कल कागजलाई सक्कलसाग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केहि कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्नेः

(ग) पेश भएका लिखत साथ संलग्न हुनुपर्ने प्रमाण तथा अन्य कागजात छ वा छैन भए ठीक छ वा छैन जााच्नेः

(घ) समितिको आदेशले झिकाउनुपर्ने प्रतिबादी, साक्षी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्नेः

(ङ) विवादका पक्षलाई तारेख वा पेशी तारेख तोक्नेः

(च) समिति समक्ष पेश हुनुपर्ने निवेदन दर्ता गरी आदेशको लागि समिति समक्ष पेश गर्नेः

(छ) कानून बमोजिम वारेस लिने तथा गुज्रेको तारेख थाम्ने निवेदन लिई आवश्यक कारवाही गर्नेः

(ज) समितिबाट भएको आदेश कार्यान्वयन गर्ने गराउनेः

(झ) समितिमा पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने, भर्पाई गर्ने लगायतका कार्यहरु गर्नेः

(ञ) आवश्यकतानुसार समितिको तर्फबाट पत्राचार गर्नेः

(ट) समितिको आदेशले तामेल गर्नुपर्ने म्याद तामेल गर्ने गराउने, तामेल भएको म्यादको तामेली जााची रीतपूर्वकको नभए पुनः जारी गर्ने तथा अन्य

अदालत वा निकायबाट प्राप्त भएको गाउापालिकाले तामेल गरिदिनुपर्ने म्याद तामेल गर्ने गराउने:

(ठ) निर्णय किताब र उजुरीको मिसिल जिम्मा लिने:

(ड) समितिमा दर्ता भएका विवाद तथा निवेदन लगायतका कागजातको अभिलेख तयार गर्ने र मासिक वा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने निकाय समक्ष प्रतिवेदन तयार गरी संयोजकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पठाउने:

(ढ) आˆ नो जिम्मा रहेका उजुरीका मिसिलमा रहेका कागजातको रीतपूर्वक नक्कल दिने:

(ण) जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्याद जारी गरी तामेल गर्ने गराउने:

(त) अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनुपर्ने भएमा समितिलाई जानकारी गराई मिसिल वा कागजात पठाउने तथा फिर्ता प्राप्त भएपछि कानून बमोजिम सुरक्षित राख्ने व्यवस्था मिलाउने:

(त) निर्णय किताब जिम्मा लिने: तथा

(थ) पेश भएका निवेदन लगायतका कागजातमा समितिबाट आदेश हुनुपर्ने वा निकासा लिनुपर्नेमा समिति समक्ष पेश गर्ने ।

**५०. अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) निर्णय कार्यान्वयन सम्बन्धी:

(२) निर्णय बमोजिम चलन चलाउनुपर्ने, कुनै कुरा दिलाईभराई दिनुपर्ने लगायतका निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरु गर्ने तथा निर्णय कार्यान्वयनको अभिलेख राखी कानून बमोजिम विवरण पठाउनुपर्ने निकायहरुमा विवरण पठाउने:

(३) निर्णय कार्यान्वयनको क्रममा निवेदन दिएका पक्षहरुको वारेस लिने, सकार गराउने, गुज्रेको तारेख थमाउने लगायतका कार्यहरु गर्ने:

(४) समितिको आदेशले रोक्का भएको वा अरु कुनै अदालत वा निकायबाट रोक्का भै आएको जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नु पर्ने भए सो गर्ने:

(५) निर्णय बमोजिम लिलाम गर्ने लगायतका अन्य कुनै काम गर्नुपर्ने भए सो समेत गर्ने: तथा





न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेकोऐन, २०७५

(६) लेखिए देखि बाहेकको कुनै कार्य निर्णय कार्यान्वयनको क्रममा गर्नुपर्ने भएमा समिति समक्ष पेश गरी आदेश बमोजिम गर्ने ।

(ख) अभिलेख संरक्षण सम्बन्धी:

(१) अभिलेख शाखाको रेखदेख गरी निर्णय भएका मिसिल सुरक्षित राख्ने र कानून बमोजिम सडाउनपर्ने कागजहरु सडाउने:

(२) निर्णय भएका मिसिलहरुमा कागजात जााच गरी दुरुस्त रहे नरहेको हेर्ने र मिसिल कानून बमोजिम गरी दुरुस्त अवस्थामा राख्ने:

(३) कानून बमोजिम सडाउने कागजको विवरण तयार गरी सो विवरण सुरक्षित रहने व्यवस्था गर्ने:

(४) अभिलेख शाखामा प्राप्त भएको मिसिलहरुको सालबसाली अभिलेख राख्ने र आवश्यकतानुसार विवरण तयार गर्ने: तथा

(५) कुनै अदालत वा निकायबाट अभिलेखमा रहेको मिसिल वा कुनै कागजात माग भै आएमा रीतपूर्वक पठाउने र फिर्ता प्राप्त भएपछि रीतपूर्वक गरी सुरक्षित राख्ने ।

**५१. उजुरी प्रशासक वा अभिलेख प्रशासकको आदेश उपरको निवेदनः**(१) यस ऐन बमोजिम उजुरी प्रशासक वा अभिलेख प्रशासकले गरेको आदेश वा कारवाही उपर चित्त नबुझ्ने पक्षले सो आदेश वा कारवाही भएको पााच दिनभित्र समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर सुनुवाई गरी निवेदन पेश भएको बढिमा सात दिन भित्र निवेदन उपरको कारवाहि टुङ्ग्याउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन उपर आदेश वा निर्णय गर्नुपूर्व केहि बुझ्नुपर्ने भए सो बुझेर मात्र निर्णय वा आदेश गर्नुपर्नेछ ।

## परिच्छेद–८
## मेलमिलाप सम्बन्धी व्यवस्था

**५२. मिलापत्र गराउनेः** (१) समितिले प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने जुनसुकै उजुरीमा मिलापत्र गराउन सक्नेछ ।

(२) विवादका पक्षहरूले मिलापत्रको लागि अनुसूची-९ बमोजिमको ढााचामा निवेदन दिएमा समितिले उजुरीमा मिलापत्र गराउन उपयुक्त देखेमा मिलापत्र गराइ दिनेछ ।

(३) उपदफा (२) बमोजिम पक्षहरूले दिएको निवेदनको व्यहोरा समितिले दुवै पक्षलाई सुनाई त्यसको परिणाम सम्झाई पक्षहरूको मिलापत्र गर्ने सम्बन्धमा सहमति रहे नरहेको सोध्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सुनाउादा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा समितिले पक्षहरूको निवेदनमा उल्लेख भएको व्यहोरा बमोजिमको मिलापत्र तीन प्रति तयार गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मिलापत्रको व्यहोरा पक्षहरूलाई पढी बाची सुनाई मिलापत्र गर्न मञ्जुर भएमा पक्षहरूको सहिछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज अनुसूची-१० बमोजिमको ढाचामा प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नुपर्नेछ तथा एक-एक प्रति बादी तथा प्रतिबादीलाई दिनुपर्नेछ ।

**५३. मेलमिलाप गराउन सक्ने:** (१) समितिले प्रचलित कानून बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ ।

(२) पक्षहरूले जुनसुकै तहमा विचाराधीन रहेको प्रचलित कानूनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा विवादका पक्षले संयुक्त रूपमा समिति समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरोपण गर्न लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेशपछि मेलमिलाप सम्बन्धी कारवाहि प्रारम्भ गरी पक्षहरूबीच मेलमिलाप गराईदिनुपर्नेछ ।

(५) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५४. उजुरी निर्णय गर्ने:** (१) समितिले यस ऐन बमोजिम मेलमिलापको माध्यमबाट उजुरीको निरोपण गर्न प्रक्रिया बढाएकोमा मेलमिलापको माध्यमबाट उजुरीको निरोपण हुन नसकेमा पक्षहरूलाई उजुरीको पेशी तारेख तोकि कानून बमोजिम कारवाही गरी सुनवाई तथा निर्णय गर्ने प्रक्रिया बढाउनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि सुनाईदिनु पर्नेछ ।







**५५. मेलमिलाप वा मिलापत्र हुन नसक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उजुरीमा मिलापत्र गराउादा उजुरीको प्रकृति वा मिलापत्रको व्यहोराबाट नेपाल सरकार बादी भई चलेको कुनै विवाद वा सार्वजनिक तथा सरकारी सम्पत्ति वा हितमा असर पर्ने देखिएमा समितिले त्यस्तो विवादमा मिलापत्र गराउनेछैन ।

तर त्यस्तो असर पर्ने व्यहोरा हटाई अन्य व्यहोराबाट मात्र मिलापत्र गर्न चाहेमा भने मिलापत्र गराइदिनुपर्नेछ ।

**५६. मेलमिलापको लागि प्रोत्साहन गर्ने :** (१) समितिले समिति समक्ष सुनवाईको लागि पेश भएको उजुरीमा मेलमिलाप हुनसक्ने सम्भावना रहेको देखेमा पक्षहरूलाई मेलमिलापको लागि तारेख तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको तारेखको दिन समितिले विवादका पक्ष तथा विपक्ष, उपस्थित भएसम्म पक्षले पत्याई साथै लिइआएका अन्य व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए बमोजिम मिलापत्र कागज तयार गर्न लगाई मिलापत्र गराईदिनु पर्नेछ ।

(३) उजुरीमा तोकिएको म्यादमा समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारेख गुजारी विवादमा तारेखमा नरहेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट उजुरीको पक्ष कायम हुने देखिएको व्यक्ति समेत मेलमिलापको लागि उपस्थित भएमा समितिले मेलमिलाप गराई मिलापत्रको कागज गराईदिनु पर्नेछ ।

**५७. प्रारम्भिक सुनवाई पूर्व मेलमिलाप:** (१) उजुरी प्रशासकले प्रारम्भिक सुनवाईको लागि समिति समक्ष उजुरी पेश हुनुपूर्व उजुरीमा मेलमिलाप हुनसक्ने अवस्था देखिएमा वा पक्षहरूले सो व्यहोराकोनिवेदन लिई आएमा मिलापत्रको व्यहोरा खुलेको कागज तयार गरी समिति समक्ष पेश गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मिलापत्रमा अन्तिम सहमति नजुटेको भएतापनि पक्षहरू मेलमिलापको लागि प्रक्रियामा जान सहमत भएमा उजुरी प्रशासकले पक्षहरूको निवेदन लिई उजुरीमा मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउने आदेशको लागि समिति समक्ष पेश गर्नसक्नेछ ।

**५८. मेलमिलापकर्ताको सूची तयार गर्ने:**(१) समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार गर्नेछ:

(क) कम्तिमा स्नातक उत्तिर्ण गरेको:
(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको: तथा
(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।
(घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको
(ङ) २५ बर्ष उमेर पुरा भएको ।
(च) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिइ हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ तथा मेलमिलापको लागि पठाउदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनुपर्नेछ ।

५९. **मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने :** (१) समितिले दफा ५९ बमोजिम तयार भएको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलापकर्ताको सूची समितिले सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन योग्यता पुगेको व्यक्तिले समिति समक्ष सूचीकृत गरि पाउनको लागि अनुसूची-११ बमोजिमको ढाचामा निवेदन दिनसक्नेछ ।

६०. **मेलमिलापकर्ताको सूचीबाट हटाउने:**(१) समितिले दफा ६० बमोजिम मेलमिलाप कर्ताको सूची अद्यावधिक गर्दा देहायको अवस्थाका मेलमिलापकर्ताको नाम सूचीबाट हटाउनेछ:
(क) निजको मृत्यु भएमा:
(ख) निजले आ ँ नो नाम सूचीबाट हटाईपाउ भन्ने निवेदन दिएमा:
(ग) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा:
(घ) निज कुनै संस्थासाग सम्बद्ध रहेकोमा सो संस्था खारेज वा विघटन भएमा: र
(ङ) समितिले दफा ६७ को उपदफा (२) बमोजिम निजलाई सूचीबाट हटाउने निर्णय गरेमा ।
(च) बसइ सराइ गरेमा ।





न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेकोऐन, २०७५

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाइएका मेलमिलापकर्ताहरूको नामावली समितिले सार्वजनिक सूचनाको लागि प्रकाशन गर्नुपर्नेछ ।

६१. **मेलमिलापको लागि समयावधि तोक्ने:**(१) समितिले यस ऐन बमोजिम मेलमिलाको लागि मेलमिलापकर्ता पठाउादा बढिमा तिन महिना सम्मको समय तोकि पठाउनेछ ।

(२) मेलमिलापको लागि पठाउादा सामान्यतया: बढिमा तीनजना बाट मेलमिलाप गराउने गरी तोक्नुपर्नेछ ।

६२. **मेलमिलापकर्ताको छनौट :** (१) समितिले मेलमिलाप गराउने कार्यको लागि विवादका पक्षहरूलाई एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरूबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा समितिले पक्षहरूको सहमतिमा तिन जना मेलमिलापकर्ताको छनौट गर्नुपर्नेछ ।

(३) पक्षहरूको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा समितिले मेलमिलापकर्ताको सूचीमा रहेका मेलमिलापकर्ताहरू मध्येबाट दुवै पक्षबाट एक-एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता छनौट गरिदिनु पर्नेछ ।

(४) उजुरीका सबै पक्षको सहमतिमा मेलमिलापकर्ताको सूचीमा नरहेको यस ऐन बमोजिम मेलमिलापकर्ता हुन अयोग्य नभएको कुनै व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडी बढाउन सहमत भै लिखित निवेदन दिएमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई मेलमिलापकर्ता तोकिदिनु पर्नेछ ।

६३. **मेलमिलापकर्ताको परिवर्तन :** (१) समितिले देहायको अवस्था परि पक्षहरूले निवेदन दिएको अवस्थामा मेलमिलापकर्ता परिवर्तन गरिदिनु पर्नेछ:
(क) दफा ६१ बमोजिम मेलमिलापकर्ताको सूचीबाट हटाउने अवस्था भएमा:
(ख) पक्षहरूले पारस्परिक सहमतिमा मेलमिलापकर्ता हेरफेर गर्न मञ्जुर भएमा:
(ग) विवादको कुनै पक्षले मेलमिलापकर्ता प्रति अविश्वास रहेको लिखित जानकारी गराएमा:
(घ) कुनै कारणले मेलमिलापकर्ताले मेलमिलापमा सहभागी भैरहन नसक्ने जनाएमा:
(ङ) विवादको विषयवस्तुमा मेलमिलापकर्ताको कुनै स्वार्थ रहेको मेलमिलापकर्ताले जानकारी गराएमा वा कुनै स्रोतबाट समिति समक्ष जानकारी भएमा: तथा

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको हैसियतले कार्यगर्दा दफा ६६ तथा अन्य प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने आचरण पालन नगरेमा ।

(२) मेलमिलापकर्ता परिवर्तनको कारणले तोकिएको समयमा मेलमिलापको कार्य सम्पन्न हुन नसक्ने भएमा समितिले बढिमा एक महिना सम्मको समय थप गर्न सक्नेछ ।

**६४. मेलमिलापको लागि पठाउँदा गर्ने प्रक्रियाः**(१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउादा पक्षहरूलाई मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकि देहाय बमोजिमको कागज साथै राखि लेखि पठाउनु पर्नेछः

(क) उजुरीको सारसंक्षेप वा मुख्य मुख्य कागजातको प्रतिलिपीः

(ख) उजुरीको पक्ष वा वारेस भए वारेसको नाम, थर, वतन र उपलब्ध भएसम्म टेलिफोन नम्बर, ईमेल, ^ याक्स तथा अन्य सम्पर्क विवरणः तथा

(ग) मेलमिलाप सम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने स्थान र समय ।

(२) मेलमिलापकर्ताले समिति समक्ष माग गरेमा उजुरीका कागजातहरूको नक्कल उपलब्ध गराउनु पर्नेछ ।

(३) मेलमिलापको लागि तोकिएको समय सम्पन्न भएको सात दिन भित्र उजुरीको पक्षहरू समिति समक्ष उपस्थित हुने गरी तारेख तोक्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापकर्ताले तोकिएको समय अगावै उजुरी समिति समक्ष फिर्ता पठाउने निर्णय गरेमा सो निर्णयको जानकारी भएको सात दिन भित्र पक्षहरूलाई समिति समक्ष उपस्थित हुनेगरी पठाउनु पर्नेछ ।

**६५. मेलमिलापमा अवलम्बन गर्नुपर्ने प्रक्रिया :** (१) समितिले पक्षहरूको सहमतिमा मेलमिलापको लागि छलफल गर्ने तथा अन्य कार्य गर्ने स्थानको छनौट गरी पक्ष तथा मेलमिलापकर्तालाई सोको जानकारी उपलब्ध गराउनु पर्नेछ । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले अन्य कुनै स्थानको छनौट गर्न बाधा पर्नेछैन ।

(२) पक्षहरूलाई उपदफा (१) बमोजिम मेलमिलापकर्ताले तोकेको स्थानमा तोकिएको समयमा उपस्थित हुने दायित्व रहनेछ ।

(३) उपदफा (२) बमोजिमको दायित्व पक्षहरूले पुरा नगरेमा मेलमिलापकर्ताले मेलमिलापको प्रक्रिया बन्द गरी समितिलाई सोको लिखित जानकारी गराई उजुरीको कागजात फिर्ता पठाउनसक्नेछ ।







(४) मेलमिलापको क्रममा मेलमिलापकर्ताले पक्षहरूबीचमा सहजकर्ताको भूमिका गर्नेछ र उक्त भूमिका निर्वाह गर्ने क्रममा निजले पक्षहरू बाहेक देहायका व्यक्तिहरूसाग समेत एकल वा सामूहिक वार्ता गर्नसक्नेछः

(क) विवादको विषयमा जानकारी रहेको उजुरीका पक्षले रोजेको व्यक्तिः तथा

(ख) विवादको विषयवस्तुको बारेमा जानकारी रहेको स्थानीय भद्रभलादमी ।

(५) मेलमिलापकर्ताले पक्षहरूको सहमतिमा पक्षहरूसाग देहाय बमोजिम वार्ता गर्न सक्नेछः

(क) पक्षहरूसाग एकल एकान्तवार्ताः तथा

(ख) टेलिफोन वार्ता, भिडीयो कन्फ्रेन्स वा सञ्चारको अन्य माध्यमबाट वार्तालाप

(६) प्रचलितकानून तथा यस ऐनको मान्यता विपरीत नहुनेगरी पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले मेलमिलापको कार्यविधि निर्धारण गर्न सक्नेछ ।

**६६. मेलमिलापकर्ताको आचरणः** (१) मेलमिलापकर्ताले देहाय बमोजिमको आचरण पालन गर्नुपर्नेछः

(क) मेलमिलाप सम्बन्धी कारवाही निष्पक्ष ढ□ले सम्पादन गर्नुपर्नेः

(ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह नराख्ने वाखेको देखिने कुनै आचरण वा व्यवहार नगर्नेः

(ग) कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुनेः

(घ) विवाद कायम रहेको अवस्थामा विवादको कुनै पक्षसाग आर्थिक कारोबारमा सालग्न नहुनेः

(ङ) मेलमिलाप सम्बन्धमा बनेको प्रचलित कानून तथा अन्य स्थापित मान्यता विपरीत आचरण गर्न नहुनेः

(च) मेलमिलापको क्रममा पक्षहरुसाग सम्मानजनक, सदभावपूर्ण र सबै पक्षप्रति समान व्यवहार कायम गर्नेः

(छ) मेलमिलापको क्रममा पक्षहरुले व्यक्त गरेको विषयवस्तुको गोपनीयता कायम राख्नेः तथा

(ज) मेलमिलापको क्रममा पक्षबाट प्राप्त भएको कुनै कागजात वा वस्तु प्रक्रिया सम्पन्न भएपछि वा निज प्रक्रियाबाट अलग भएपछि सम्बन्धित पक्षलाई सुरक्षित फिर्ता गर्ने ।

(२) समितिले कुनै मेलमिलापकर्ताले उपदफा (१) बमोजिमको आचरण पालना नगरेको उजुरी परी वा सो विषयमा स्वयं जानकारी प्राप्त गरी छानविन गर्दा व्यहोरा ठिक देखिए त्यस्तो मेलमिलापकर्तालाई मेलमिलापकर्ताको सूचीबाट हटाउनेछ ।

**६७. लिखत तयारी र मिलापत्र :** (१) मेलमिलापकर्ताले पक्षहरुसागको छलफल पश्चात मेलमिलापको लागि दुवै पक्ष सहमत भएकोमा मिलापत्र गराई सहमति भएको विषयवस्तु बमोजिमको मिलापत्रको लिखत तयार गरि समिति समक्ष पठाउनु पर्नेछ ।

**६८. मेलमिलाप नभएको उजुरीमा गर्नुपर्ने कारवाहीः** (१) मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मेलमिलापकर्ताले पक्षहरुलाई समिति समक्ष हाजीर हुन जाने बढिमा सात दिनको म्याद तोकि पठाउनु पर्नेछ ।

**६९. मेलमिलाप नभएको उजुरीमा निर्णय गर्नुपर्नेः** (१)स्थानीय ऐनको दफा ४७ (१) को विबादमा समितिले मेलमिलापको लागि पठाएको उजुरीमा पक्षहरुबीच मेलमिलाप हुन नसकि मेलमिलापकर्ताको प्रतिवेदन सहित प्राप्त हुन आएमा कानून बमोजिम कारवाही गरी निर्णय गर्नुपर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको उजुरीमा अधिकारक्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा उजुरी गर्न जानु भनि सुनाई पठाईदिनु पर्छः-

(क) स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको विवादमाः तथा

(ख) कुनै अदालत वा निकायबाट मेलमिलापको लागि प्रेषित भएको विवादमा ।

(३) उपदफा (२) को देहाय (ख) बमोजिमको विवादमा सम्बन्धित अदालत वा निकायमा पठाउादा हाजिर हुन जाने तारेख तोकी पठाउने तथा मिसिल समेत नक्कल खडा गरी अभिलेख राखि सक्कल मिसिल सम्बन्धित अदालत वा निकायमा पठाउनु पर्नेछ ।

**७०. मेलमिलाप दस्तुर :** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नेछैन । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा रु ५००।-/५००।- लिन पाउनेछन् ।







**७१. समुदाय स्तरमा हुने सामुदायिक मेलमिलाप प्रवर्धन गर्न कर्मचारी तोक्न सक्नेः**

(१) समितिले स्थानीय स्तरमा मेलमिलाप प्रवर्द्धन गर्नको लागि कार्यपालिकामा अनुरोध गरेमा कर्मचारी खटाई समुदाय स्तरमा मेलमिलापको प्रवर्द्धनात्मक कार्यक्रम गर्न सकिनेछ ।

(२) समुदाय स्तरमा हुने सामुदायिक मेलमिलापको हकमा दफा ५९ (१) अनुसारको योग्यता तथा अनुभव नभएका मेलमिलापकर्तावाट मेलमिलाप गराउन वाधा पर्ने छैन ।

(२) समितिले समुदायस्तरमा हुने सामुदायिक मेलमिलापको कार्यविधि तोके वमोजिम हुनेछ ।

## परिच्छेद–९

## निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

**७२. सचिवालयको जिम्मेवारीः** कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख गर्ने जिम्मेवारी वहन गर्नुपर्नेछ ।

**७३. सहयोग गर्नुपर्ने :** (१) गाउापालिका कार्यालय तथा सो अन्तर्गतका सबै वडा कार्यालय तथा अन्य कार्यालयले यस ऐन तथा प्रचलित कानून बमोजिम समितिले गरेको निर्णय बमोजिम व्यक्ति वा संस्था वा अन्य कसैसाग असुल गर्नुपर्ने जरीवाना वा अन्य रकम असुलउपर गर्न सहयोग गर्नुपर्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम समितिले असूल गर्नपर्ने जरीवाना, बिगो वा अन्य कुनै प्रकारको रकम असुलउपर नभई उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यालयहरुले कुनै सिफारिश वा कुनै कार्य गरिदिने छैनन ।

**७४. असुलउपर गर्ने :** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम कुनै पक्षसाग जरीवाना वा बिगो वा अन्य कुनै प्रकारको असुल उपर गर्नुपर्ने भएमा सो पक्षले जरीवाना तिर्न बुझाउन ल्याएमा बुझि सदरस्याहा गरी जरीवानाको लगत कट्टा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुलउपर नभएमा लगत राखी सम्बन्धित पक्षको नाम नामेसी तथा जरीवाना रकम समेतको विवरण गाउापालिकाको कार्यालयका साथै सबै वडा कार्यालयमा समेत अभिलेखको लागि पठाउनु पर्नेछ ।

(३) सम्बन्धित कार्यालयहरुले उपदफा (२) बमोजिम लेखि आएमा त्यस्तो पक्षसाग जरीवाना रकम असुलउपर गरी अभिलेख शाखामा सदरस्याहा गर्न पठाउनु पर्नेछ ।

**७५. भरीभराउ गर्नेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै पक्षले राखेको दस्तुर, वा अन्य कुनै प्रकारको रकम कुनै पक्षबाट भराई पाउने भएमा भराईपाउने पक्षले भरीदिनुपर्ने पक्षको त्यस्तो रकम भराईदिनुपर्ने स्रोत खुलाई अनुसूची-१२ बमोजिमको ढााचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिादा यथासम्भव नगद रहेको बैाक खाता वा कुनै सहकारी वा बचत संस्थामा रहेको रकम र सो नभएमा लिलाम बिक्री गरी असुलउपर गर्नुपर्ने अवस्था भएमा कुनै अचल सम्पत्तिको व्यहोरा खुलाई निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनमा दफा ७८ बमोजिमको विवरण खुलाई निवेदन दिनुपर्नेछ

**७६. चलन चलाईदिनेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै सम्पत्ति वा अधिकार वा कुनै विषयवस्तु वा सेवा वा अन्य कुनै विषयको चलन पाउने ठहरेको पक्षले त्यस्तो चलन पाउने विषयको विवरण खुलाई अभिलेख प्रशासक समक्ष अनुसूची-१३ को ढााचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अभिलेख प्रशासकले निर्णय बमोजिमका विषयको चलन चलाईदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिादा चलन चलाउनुपर्ने सम्पत्तिको दफा ७८ बमोजिमको विवरण खुलाउनु पर्नेछ ।

**७७. सम्पत्तिको विवरण खुलाउनुपर्ने :** भरिभराउ गर्न वा चलन चलाइ पाउनको लागि निवेदन दिने विवादको पक्षले निवेदनमा सम्पत्तिको विवरण उल्लेख गर्दा देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) अचल सम्पत्तिको विवरण

(१) घरजग्गा भए रहेको स्थानको ठेगाना तथा चार किल्ला

(२) घर जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल

(३) घर रहेको भए घरको तला तथा कवल र सम्भव भएसम्म वर्गफिट

(४) घर जग्गाको अवस्थिती आवास वा औद्योगिक वा व्यापारिक क्षेत्रमा रहेको व्यहोरा







(५) कच्ची वा पक्कि सडकसाग जोडिएको व्यहोरा

(६) घरजग्गाको स्वामित्व रहेको व्यक्तिको नाम थर साथै स्वामित्व भन्दा फरक व्यक्तिको भोगचलन रहेको भए भोगचलन गर्नेको नाम थरका साथै अन्य विवरणः तथा

(७) घरमा भएको लगापात तथा खरिद बिक्रि हुन सक्ने न्यूनतम मूल्य ।

(ख) चल सम्पत्तिको विवरणः

(१) चलसम्पत्ति रहेको ठाउा तथा भोग वा नियन्त्रण राख्नेको नाम थर

(२) बैाक खातामा रहेको नगद भए खातावालको साथै बैाक तथा शाखाको नाम

(३) चल सम्पत्तिको प्रकार तथा नगद बाहेकको भए सम्भावित बिक्रि मूल्य तथा

(४) नगद बाहेकको चल सम्पत्ति भए अवस्था, प्रकृति तथा बनोटका साथै प्रत्येकेका साइज र संख्या ।

**७८. सम्पत्ति रोक्का राख्नेः** (१)अभिलेख प्रशासकले दफा ७५ वा ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमा आवश्यक पर्ने जति जेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि कार्यपालिका समक्ष पेश गर्ने र कार्यपालिकाबाट रोक्का राख्ने निर्णय गरेपछी निर्णय बमोजिम जेथा रोक्का राख्नको लागि सो जेथा दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

(२) बाली, ब्याज, बहाल लगायतको सम्पत्तिको हकमा निवेदन परेको बढिमा दुई दिन भित्र सम्पत्ति तायदात गर्न लगाई तायदात गर्दाको समयमा नै आवश्यक पर्ने जति सम्पत्ति वा सोबाट प्राप्त हुने बाली, बहाल, ब्याज, मुनाफा आदि आय नियन्त्रण गर्नु वा रोक्का राख्नुपर्छ र त्यसको भर्पाई सम्बन्धित पक्षलाई दिनुपर्छ ।

(३) दफा ७८ को देहाय (ख) बमोजिमको सम्पत्तिको हकमा भरिभराउको लागि आवश्यक पर्ने जति सम्पत्ति रोक्का राखी रोक्काको सूचना आवश्यकता अनुसार लेखा शाखा वा सम्बन्धित बैाक वा सम्बन्धित निकायमा तुरुन्त लेखि पठाउनु पर्नेछ ।

(४) सम्पति रोक्का सम्वन्धि आदेश अनुसूची १४ बमोजिम हुनेछ ।

**७९. सम्पत्ति लिलाम गर्दा अपनाउनुपर्ने कार्यविधिः**(१) कार्यपालिकाले यस ऐन बमोजिम भरीभराउ गर्नुपर्ने बिगो वा कोर्ट फी वा त्यस्तै कुनै रकम असुलउपर गर्न दफा

७८ को देहाय (क) बमोजिम सम्पत्तिको विवरण खुलाई दर्खास्त परेमा त्यस्तो रकम भरीदिनुपर्ने व्यक्तिलाई बुझाउनुपर्ने रकम बुझाउनसात दिनको म्याद दिइ सूचना जारी गर्नुपर्छ ।

(२) उपदफा (२) बमोजिमको म्यादमा रकम बुझाउन नल्याएमा त्यस्तो भरीदिनु पर्ने व्यक्तिको भरीपाउने व्यक्तिले देखाएको दफा ७८ को देहाय (क) बमोजिमको सम्पत्ति तायदात गरी ल्याउनुपर्छ ।

(३) दण्ड, जरीवाना, सरकारी बिगो वा कुनै अदालत वा निकाय वा गाउपालिका वा समितिको निर्णयले असुल उपर गर्नुपर्ने कुनै रकमको हकमा त्यस्तो असुलउपर हुनुपर्ने व्यक्तिले बुझाउन नल्याएमा निजको जुनसुकै अचल सम्पत्ति फेला परेमा तायदात गरी रोक्का राख्नुपर्छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जेथा जमानत वा कुनै प्रकारको नगद धरौट दाखिल गरेको हकमा सो सम्पत्तिबाट खाम्ने जति रकमको लागि उपदफा (३) बमोजिम गरिरहनु पर्दैन ।

(५) उपदफा (४) बमोजिम मोल कायम भएपछि उक्त अचल सम्पत्तिको लिलामको सूचना सम्बन्धित पक्षलाई दिई सर्वसाधारणको जानकारीको लागि लिलाम हुने मिति र सम्पत्तिको विवरण सहितको सार्वजनिक सूचना गाउपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रकको कार्यालयमा टाास्न लगाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचनामा तोकिएको दिनमा उक्त सूचनामा तोकिऐका सम्पत्ति पञ्चकिर्ते मेलबाट माथि बढाबढ प्रक्रिया बमोजिम लिलाम गर्नुपर्नेछ।

(७) लिलाम प्रक्रियामा सम्भव भएसम्म जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रशासन कार्यालय, स्थानीय प्रहरी कार्यालय तथा गाउपालिका क्षेत्र भित्र रहेका अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई रोहवरमा राख्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम गर्दा उक्त सम्पत्ति कसैले पनि लिलाम सकार नगरेमा सोहि प्रक्रियाबाट पुनः दोस्रोपटक लिलाम गर्नुपर्नेछ तथा दोस्रोपटक गर्दा पनि कसैले लिलाम सकार नगरेमा भराईपाउने पक्ष निवेदकलाई नै उक्त सम्पत्ति पञ्चकिर्ते मोलमा सकार गर्न लगाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम गर्दा निवेदकले सम्पत्ति सकार गर्न नचाहेमा पछि अर्को जेथा खुल्न आएका बखत कानून बमोजिम गर्नेगरी निजको निवेदन तामेलीमा राखी लिलाममा चढाईएको सम्पत्ति फुकुवा गरीदिनु पर्छ ।







(१०)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउपालिकाको कुनै रकम असुल उपर गर्ने क्रममा लिलाम गर्दा कसैले सकार नगरेमा जतिमा सकार हुन्छ त्यतिमा नै सो सम्पत्ति लिलाम गरी प्राप्त रकम सदर स्याहा गरी नपुग रकमको हकमा कानून बमोजिम अन्य सम्पत्ति वा प्रक्रियाबाट असुलउपर गर्नुपर्नेछ ।

**८०. तायदात गर्ने प्रक्रिया :** (१) अभिलेख प्रशासकले दफा ७९ बमोजिम सम्पत्ति तायदात गर्नुपर्दा कम्तिमा वडा सचिव स्तरको कर्मचारी खटाई त्यस्तो अचल सम्पत्तिको चलनचल्तीको मूल्य स्पष्ट खुल्ने गरी तायदात गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तायदात गर्ने कर्मचारीले तायदात गर्नुपर्ने सम्पत्तिको चलनचल्तीको मूल्य कायम गर्ने प्रयोजनले पञ्चकिर्ते मोल कायम गरी मुचुल्का खडा गरी अभिलेख प्रशासक समक्ष प्रतिवेदन सहित पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पञ्चकिर्ते मोल कायम गर्दा देहाय बमोजिम कुरालाइ आधार लिई कायम गर्नुपर्नेछः

(क) निवेदकले निवेदनमा खुलाएको मूल्य

(ख) निर्णयमा उल्लेख भएको भए सो मूल्य

(ग) पक्षले जमानत वा कुनै अन्य प्रयोजनको लागि कार्यपालिका समक्ष निवेदन दिादा खुलाएको मूल्य

(घ) तायदात गर्दा भै आएको स्थानीय मूल्याांकन अनुसारको मूल्यः

(ङ) मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्य

(च) अन्य कुनै प्रयोजनले कुनै सरकारी निकायले कुनै मूल्य कायम गरेको भए सो मूल्य

(छ) पञ्चकिर्ते मोल कायम गर्नुभन्दा तत्काल अगावै कुनै खरिद बिक्रि भएको भए सो मूल्य ।

**स्पष्टिकरणः** "पञ्चकिर्ते मोल" भन्नाले अचल सम्पत्ति बिक्रि गर्नुपर्दा बिक्रिहुने न्युनतम मूल्यलाई सम्झनुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा देहाय बमोजिमको कुरालाई समेत ध्यानमा राख्नु पर्नेछः

(क) औद्योगिक वा व्यापारिक वा आवास क्षेत्र लगायत सडक सञ्जालसाग जोडिएको छ वा छैनः तथा

(ख) गाउाक्षेत्रभित्र पर्ने घरको हकमा घरको वर्तमान अवस्था सम्बन्धमा प्राविधिक मुल्याकन प्रतिवेदन ।

८१. **खाम्नेजति मात्र लिलाम गर्नुपर्नेः** (१) कार्यपालिकाले दफा ८० बमोजिम लिलाम गर्दा असुल गर्नुपर्ने बााकि खाम्ने जति सम्पत्तिमात्र लिलाम गर्नुपर्नेछ ।

(२) सम्पत्ति लिलाम गर्दा सकार भएको रकम असुलउपर गर्नुपर्ने भन्दा बढि भएमा सो बढि भएको जति रकम सम्पत्तिवाल पक्षलाई फिर्ता गरीदिनु पर्छ ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता पाउने पक्ष लिलाम गर्दाको बखत उपस्थित नभएको भए रकम फिर्ता लिन आउनुभनी निजको नाममा सात दिनको सूचना जारी गरी झिकाई रकम फिर्ता गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा सम्बन्धित पक्ष रकम फिर्तालिन नआएमा उक्त रकम सञ्चितकोषमा दाखिल गरी आम्दानीबाांधि सदरस्याहा गर्नुपर्छ ।

(५) अभिलेख प्रशासकले दफा ८० बमोजिम लिलाम गरेको सम्पत्ति सकार गर्ने पक्षको नाममा सम्पत्ति दर्ता नामसारीको लागि सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गरी निजलाई सम्पत्तिको चलनपूर्जी उपलब्ध गराई आवश्यक परे सो सम्पत्तिको चलन चलाईदिनुपर्छ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८० बमोजिमको लिलाम प्रक्रिया अगाडी बढिसकेपछि भराउनुपर्ने रकम बुझाउन ल्याए पनि सो रकम नबुझि सम्पत्ति लिलाम गर्नुपर्नेछ ।

८२. **लिलाम उपरको उजुरीः** यस ऐन बमोजिम भएको लिलामको प्रक्रियामा चित्त नबुझ्ने पक्षले जुन प्रक्रिया उपर चित्त नबुझेको हो सो भएको पन्ध्र दिन भित्र समिति समक्ष उजुरी पेश गरी भएको आदेश बमोजिम गर्नुपर्नेछ ।

८३. **बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्चः**यस ऐन बमोजिम बिगो भराउादा वा चलन चलाउादा लागेको खर्च बिगो भरीदिनु पर्ने वा चलन दिनुपर्ने सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ ।

८४. **यथास्थितिमा राख्नेः** कार्यपालिकाले यस ऐन बमोजिम चलनचलाई माग्न वा बिगो भराईपाउन कुनै सम्पत्ति देखाई निवेदन परेपछि बिगो भराउने वा चलन चलाउने कार्य सम्पन्न नभएसम्मको लागि उक्त सम्पत्ति हक हस्तान्तरण गर्न, भत्काउन, बिगार्न तथा कुनै प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिवर्तन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नुपर्नेछ ।







८५. **निवेदनबाट कारवाही गर्ने :** (१) अभिलेख प्रशासकले कुनै पक्षले दफा ८५ बमोजिम भएको आदेश विपरित कुनै सम्पत्तिको हक हस्तान्तरण वा स्वरुप परिवर्तन आदि गरेको निवेदन परेमा उक्त निवेदन दर्ता गरी त्यस्तो गर्ने पक्षको नाममा तिन दिनको म्याद जारी गरी निजलाई हाजिर गराई सो निवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन पेश हुन आएमा पक्षलाई नयाा उजुरी दर्ता गर्न नलगाई उक्त निवेदनबाट नै आवश्यक कारवाही गरी निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदनको व्यहोराबाट निवेदन समितिको क्षेत्राधिकार भित्र नपर्ने विषयमा परेको देखिएमा समितिले उक्त विषयमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा निकाय समक्ष जान सुनाईदिनु पर्नेछ ।

८६. **चलन चलाउने सूचनाः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटिई आउने हुादा सो मिति अगावै घर जग्गा खालि गरीदिनु भनि चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नुपर्नेछ ।

(२) चलन दिनुपर्ने सम्पत्ति उजुरीको पक्षबाहेक अन्य कसैको भोगचलनमा रहेको भएमा अभिलेख प्रशासकले सोहि पक्षको नाममा उपदफा (१) बमोजिमको सूचना जारी गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको मितिमा खटिईजाादा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडागरी तथा घरजग्गा खाली नगरेको भए खाली गराई चलन चलाई चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–१०

## विविध

८७. **नक्कल निवेदनः** (१) समिति समक्ष दर्ता रहेको उजुरीको कुनै सरोकारवाला पक्षले विवादको मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल लिनको लागि निवेदन दिएमा समितिले उक्त पक्षलाई सो कागजको नक्कल उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिदा सम्बन्धित पक्षले उजुरी शाखामा रहेको मिसिलको नक्कल लिनुपर्दा उजुरी प्रशासक तथा अभिलेख शाखामा रहेको मिसिलको नक्कल लिनुपर्ने भएमा अभिलेख प्रशासक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिनको एघार बजे अगावै पेश भएमा सम्बन्धित कर्मचारीले सोहि दिन र सो भन्दा पछी पेश भएमा सम्भव भएसम्म सोहि दिन नभए सोको भोलिपल्ट नक्कल उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिदा फरक फरक उजुरीको लागि फरक फरक निवेदन दिनुपर्नेछ ।

(५) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको निवेदन दिदा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा सो दिनुपर्नेछ ।

(६) नक्कल निवेदन दिदा अनुसूची-१५ बमोजिमको ढाचामा दिनुपर्नेछ ।

**८८. नक्कल दस्तुरः** (१) सम्बन्धित प्रशासकले दफा ८८ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिने पक्षसाग देहाय बमोजिमको दस्तुर लिई नक्कल उपलब्ध गराउनु पर्नेछः

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको रू ५।- रुपैयााको दरलेः

(ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको रू ५।- रुपैयााको दरलेः तथा

(ग) लिखत कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको रू ५।- रुपैयााको दरले ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्नेछैन ।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफै गर्नुपर्नेछ ।

**८९. दस्तुर उल्लेख गर्ने :** (१) नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरेवापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको व्यहोरा जनाई नक्कल प्रमाणित गर्नुपर्नेछ ।







**९०. दस्तुर चुक्ता नभई नक्कल नदिइने :** सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दासम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउनेछैन ।

**९१. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरीसाग सम्बन्धित प्रचलित कानूनमा कुनै कुरा लेखिएको भए सोमा लेखिए जतिको हकमा सोहि बमोजिम हुनेछ ।

**९२. नियम बनाउने अधिकारः** समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची–१

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

## उजुरीको ढाँचा

ज्ञद्दतद्ध;तघत□;घ्द्दणद्गल/]द्दातजढाखज□णय

डोल्पा..............गाउपालिका, वडा नं. ..... बस्ने................................को छोरा/छोरी/श्रीमति वर्ष ...... को ............................ निवेदक (प्रथम पक्ष)

**विरुद्द**

डोल्पा..............जिल्ला...................गाउपालिका, वडा नं. ...... बस्ने.................... को छोरा/छोरी/श्रीमति वर्ष ..... को .......................... निवेदक (दोस्रो पक्ष)

**विषयः सम्वन्ध विच्छेद**

म निम्न वुादाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु :

१. म निवेदक र यस विवादको दोस्रो पक्षविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएको हो । विवाह भएपश्चात २ वर्षसम्म अर्थात २०७१ सालसम्म हामीविच सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको छ । एक आपसमा लोग्ने स्वास्नी विचको सहमति र सहकार्यमा छोरा जन्मेपछी क्रमशः समस्या देखिादै जान थाल्यो । २०७१ सालको तिहारमा माइत गएपछी उनी घर आइनन् । पटक पटक घर आउन फोनबाट अनुरोध गरो । २ पटकसम्म लिन गएा । तर निजले तिमीसाग मेरो जीवन चल्न सक्दैन, म घर जान सक्तिन, तिमी जे गर्नुपर्छ गर भनि ठाडोजवाफ दिन थालिन । के कारणले यस्तो हुन गयो भनि सोध्दा अव तिम्रो र मेरो सम्वन्ध छैन आफुखुसी गर र मलाई सम्पर्क नगर, गरेमा राम्रो हुादैन भनि धाक धम्की र त्रास समेत दिइन् । लामो समयसम्म मन फर्केला र घर आउलिन भनि पर्खी वसो तर आईनन् । करिव ३ वर्षपछी अर्थात २०७४ साल भाद्र महिनामा पुनः लिन गएा तर विपक्षी मसाग वोल्दै नवोली घरभित्र छिरिन र साला जेठान पठाई शारीरिक आक्रमण गर्ने सम्मको कार्य गरी मलाई तथानाम गालि गलौच गरे । मुश्किलले ज्यान जोगाई निराश भएर घर फर्किएा र अव दोस्रो पक्ष श्रीमती मसाग पुनः फर्कि आउने र दाम्पत्य जीवन सुमधुर हुने सम्भावना नभएकोले पारिवारिक विवाद निरुपणका लागि यो निवेदन दिन आएको छु ।







२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो वुझ्नुपर्छ वुझी विवाद निरुपण गराई पाउा ।

३. यस गाउापालिकाबाट जारी भएको स्थानीय न्यायिक कार्यविधिको दफा ...... वमोजिम निवेदन दस्तुर रु ......, दोस्रो पक्ष १ जनालाई म्याद सूचना दस्तुर रु ........, पाना २ को निवेदनको प्रतिलिपी दस्तुर रु ......... समेत गरी जम्मा रु ........ यसै निवेदनसाथ दाखिल गरेको छु ।

४. यो निवेदन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७(२) अनुसार यसै समितिको अधिकार क्षेत्रभित्र पर्दछ ।

५. यो निवेदन हदम्यादभित्रै छ र म निवेदकलाई यस विषयमा निवेदन दिने हकदैया प्राप्त छ ।

६. यस विषयमा अन्यत्र कहीा कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७. यसमा दोस्रो पक्षको माइती तर्फका र मेरो घर तर्फका परिवारका सदस्यहरु झिकाई थप व्यहोरा वुझ्न सकिनेछ ।

८. यसमा लेखिएका व्यहोरा ठिक सााचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

**निवेदक**

नामः ............................

इति संवत् .......... साल..............महिना............गते...........रोज शुभम् ।

**अनुसूची–२**

**(दफा ९को उपदफा (१) सँग सम्बन्धित)**

## उजुरी दर्ता गरेको निस्साको ढाँचा

श्री ....................

........................ ।

**विषयः उजुरी दर्ताको निस्सापत्र सम्बन्धमा ।**

....................................तपाई ................................ ले .........................बस्ने ......................................को बिरुद्दमा ........................................ भनि दर्ता गर्न ल्याएकोमा आजका मितिमा दर्ता गरी दर्ता नं. ............... कायम भएकोले यो निस्सा जारी गरिएको छ ।

**अधिकृत कर्मचारी**

दस्तखतः........................

मितिः...........................







**अनुसूची–३**

**(दफा ९को उपदफा (२) सँग सम्बन्धित)**

## तारिख भर्पाई

**न्यायिक समिति**

**जगदुल्ला गाउँपालिकामा खडा गरिएको तारेख भरपाई**

वादी प्रतिवादी

................. ...................

मुद्दा ....................

मिति ................ मा ......................... काम भएकोले सोही दिन .......... बजे यस न्यायिक समिति/कार्यालयमा उपस्थित हुनेछु भनी सही गर्ने ............

वादी ................ प्रतिवादी ................

इति संवत् ............ साल.............महिना.............गते............रोज शुभम् ।

**आज्ञाले**

**कमल बहादुर बडुवाल**

नि. प्रमुख प्रशासकीय अधिकृत

# आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

## जगदुल्ला गाउँकार्यपालिका

कर्णाली प्रदेश, नेपाल

**प्रस्तावना:** यस गाऊापालिका र देश विकासको लागि सबै बालबालिका र यूवाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाईद्धारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतार्लाइ सुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार, र नैतिकता कायम राख्न यस गाऊापालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

"नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७५ को दफा ३, अनुसूची २ को सूची नं. (ज), र दफा ४, अनुसूची ३ को सूची नं २ (ज)" बमोजिम जगदुल्ला गाऊापालिकाको गाऊा सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५" रहेको छ।

(२) यो ऐन जगदुल्ला गाऊापालिका भर लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रस□ले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) प्राथमिक शिक्षा भन्नाले कक्षा एक देखि कक्षा पाचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) निम्न माध्यमिक शिक्षा भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) माध्यमिक शिक्षा भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) पूर्व माध्यमिक शिक्षा कक्षा नौ देखि कक्षा दशसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) उत्तर माध्यमिक शिक्षा भन्नाले कक्षा एघार देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) गाऊपालिका भन्नाले जगदुल्ला गाऊपालिका सम्झनु पर्छ ।

(ज) गाऊ सभा भन्नाले जगदुल्ला गाऊपालिकाको गाऊ सभालाई सम्झनु पर्छ ।

(झ) विशेष शिक्षा भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपा□ता, सुस्त श्रवण वा अति अशक्त अपा□ता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ) विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ट) प्राविधिक तथा व्यवसायिक शिक्षा भन्नाले प्राविधिक ज्ञान सीप तथा विषय वस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदानगर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) संस्थागत विद्यालय भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) अनुमति भन्नाले नेपाल सरकार वा गाऊपालिकाले स्थायी स्वीकृत प्रदान गरी नसकेको कुनै तोकिएको ठाउा वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(थ) स्वीकृति भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार गाऊपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(द) आवाशीय विद्यालय भन्नाले नेपाल सरकार वा गाऊपालिकाबाट आवाशीय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।

(ध) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।







(न) स्थायी आवासीय अनुमति भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउाछ ।

(प) प्रारम्भिक बालशिक्षा भन्नाले चार बर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले समुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाऊपालिकाको तोकिएको स्थानीय शिक्षा अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर स्थानीय शिक्षा अधिकारीले आवश्यक जााचबुझ गर्नेछ र जााचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएको शर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा गाऊाकार्यपालिकाबाट पारित गराई अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको र्शत बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा तोकिएको स्थानीय शिक्षा अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुादा बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न स्थानीय शिक्षा अधिकारीले समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा स्थानीय शिक्षा अधिकारीले सो निवेदनउपर आवश्यक जााचबुझ गर्नेछ र जााचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा गाऊाकार्यपालिकाबाट पारित गराई पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) (२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,
(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,
(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्टी) स□ठित संस्थाको रुपमा हुनुपर्ने,
(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पााच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनपर्ने,
(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरिक्षण गराउनु पर्ने,
(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाऊापालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) सामाजिक, परोपकारीवा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।
(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।
(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासाग सम्वन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसाग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्नेछ। यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।
(११) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४. **परीक्षाको सञ्चालन :** विभिन्न तहको शिक्षा उतिर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ,







५. **माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :
(क) साधारण माध्यमिक शिक्षा,
(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ,

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा, तथा खुल्ला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्था :** गाऊापालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **शिक्षाको माध्यम :**
(१) विद्यालयमा शिक्षाको माध्यम स्थानीय मातृभाषा, नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।
(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।
(ग) भाषा विषयमा अध्ययन गराउादा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।
(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउादा माध्यम अंग्रजी भाषामा नै गराउनु पर्नेछ ।

८. **विद्यालयको पाठयक्रम र पाठयपुस्तक :** विद्यालयले नेपाल सरकारले तोकेको न्यनतम मापदण्ड नघट्नेगरी सिकाई उपलब्धि हासिल हुनेगरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठयक्रम र पाठयपुस्तक लागू गर्न सक्नेछ। सो प्रयोजनको लागि गाऊापालिकाले स्थानीय पाठयक्रम विकास केन्द्र गठन गर्न सक्नेछ ।

९. **गाऊ" शिक्षा समिति :**
(१) गाऊापालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको गाऊा शिक्षा समिति रहनेछः
(क) गाऊापालिकाको अध्यक्ष -अध्यक्ष
(ख) गाऊापालिकाको उपाध्यक्ष -सदस्य
(ग) गाऊा कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(घ) गाऊापालिकाले तोकेकोगाउासभाका सदस्यहरु मध्येबाट एकजना -सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट मनोनित गरेको एकजना -सदस्य

(च) समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुरयाएका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट मनोनित गरेको -सदस्य

(ज) गाऊा कार्यपालिकाको कार्यकारी अधिकृत -सदस्य

(झ) गाऊापालिकाको स्थानीय शिक्षा अधिकारी -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल तीन (३) वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि मनासिव माफिको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(४) गाऊा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो कार्यक्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्वन्धी गाउापालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाऊापालिका क्षेत्रभित्र स्थापना भएका आ नो स्रोतका सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग गराउने ।

(ज) विद्यालयको लागि आवश्यक साधनश्रोत जुटाउने र परिचालन गर्ने, गराउने ।

(झ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।







(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसाग गर्ने सम्झौता शर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासाग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारबाही गर्ने, गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

(५) स्थानीय शिक्षा अधिकारी :

(क) गाऊापालिकामा कार्यरत स्थानीय शिक्षा अधिकारी गाऊा शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहनेछ ।

(ख) स्थानीय शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. गाऊ" शिक्षा अनुगमन समिति :**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिम गाऊाशिक्षा अनुगमन समिति गठन हुनेछ :-

(क) गाऊा कार्यपालिकाको सदस्यहरु मध्ये शिक्षा हेर्ने प्रमुख -अध्यक्ष

(ख) गाऊा सभाका सदस्यहरु मध्येबाट गाउा कार्यपालिकाले तोकेको एकजना -सदस्य

(ग) गाऊा शिक्षा समितिले तोकेको पूर्व शिक्षकहरु मध्येबाट एकजना -सदस्य

(घ) गाऊा शिक्षा समितिले तोकेको लेखापालन सम्वन्धी ज्ञान भएका मध्ये एक जना -सदस्य

(ङ) गाऊा स्तरीय शिक्षक युनियनका नगरपालिकाको प्रमुख -सदस्य

(च) समितिले मनोनयन गरेको एक जना -सदस्य

(छ) विद्यालय निरीक्षक/स्रोत व्यक्ति -सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने :** गाऊापालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याको पहिचान गरी तोकिएबमोजिमेका घुम्ति विद्यालयहरु सञ्चालन गर्न सक्नेछ ।

१२. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने:**गाऊापालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१३. **स्थानीय अध्यापन अनुमति पत्र लिनु पर्ने:**विद्यालयले सामुदायिक श्रोतबाट करारमा नियुक्ति हुन तोकिए बमोजिमको स्थानीय अध्यापन अनुमति पत्र लिएर मात्र उम्मेवार हुन योग्य हुनेछन् । नेपाल सरकारबाट अध्यापन अनुमति प्राप्त उम्मेदवारलाई यो दफा लागू हुने छैन ।

१४. **अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुादाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाऊापालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

१५. **छात्रवृतिको व्यवस्था गर्न सक्ने :**गाऊापालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रावृतिको व्यवस्था गर्न सक्नेछ ।

१६. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** गाऊापालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिको अनुदान रकम दिन सक्नेछ ।

१७. **प्रारम्भिक बाल शिक्षा सम्वन्धी व्यवस्था :** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **विद्यालय व्यवस्थापन समिति :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) सदस्यहरुले यसै दफाको उपदफा (१) को (ख), (ग) र (घ)मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएको कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य







(ग) विद्यालय रहेको सम्वन्धित वडाका अध्यक्ष वा वडाका सदस्यहरु मध्येबाट गाऊा शिक्षा समितिले मनोनयन गरेको एक जना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) विद्यालय शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाऊापालिका क्षेत्रभित्रका सम्वन्धित विषय तथा व्यवसायसाग आवद्धहरुमध्ये शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य रहनेछ ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपा□ता भएका व्यक्तिको अभिभावकहरु सदस्य रहनेछन् ।

(४) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाा व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नुपर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाऊा शिक्षा समिति स्वयंले गर्नेछ ।

(५) व्यवस्थापन समिति गठन सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा गाऊा शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट गाऊा शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्वन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्वन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालय रहेको सम्वन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट वडा समितिको सिफारिसमा गाऊा शिक्षा समितिले मनोनयन गरेको एकजना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(७) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन (३) वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाऊा शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफनो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल, सम्पतिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारीगाउापालिकालाई दिने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने ।

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उमेदवारलाई अध्यापक तथा गाऊापालिकाबाट स्वीकृत दरवन्दीका कर्मचारीको व्यवस्थापन गर्ने ।

(ज) गाऊापालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने ।

(झ) रजिष्टर्ड लेखापरिक्षकबाट विद्यालयको वार्षिक लेखापरिक्षण गराउने ।







(ञ) लेखापरिक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउा शिक्षा समितिमा पेश गर्ने ।

(ट) तोकिए बमोजिमका क्षेत्रसाग सम्वन्धित गाऊापालिका र गाऊा शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ठ) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई विभागीय कारवाही गर्ने ।

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालय स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(ङ) विद्यालयले गाऊापालिकाले तोके बमोजिमको पाठयक्रम तथा पाठयपुस्तक अनिवार्य रुपमा लागू गर्ने ।

(च) अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलव स्केलमा नघटाई शिक्षकलाई तलव दिने ।

(ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने ।

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाऊापालिकाबाट जारी शिक्षा क्षेत्रसाग सम्वन्धित सबै नियम, नीति तथा निर्देशनहरुको पालना गर्ने ।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१९. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरागर्न

नसकेको निष्कर्ष वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति वा गाऊा शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाई गाऊापालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुऱ्याई विघटन गर्न सक्नेछ तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाऊापालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठनगर्न सक्नेछ ।

(३) यो ऐन तथा ऐन बमोजिम नियमावली जारी भएपछि सबै विद्यालयहरुले बढिमा एक महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नुपर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकारीले एक महिनासम्मको समयावधि थप गर्न सक्नेछ ।

२०. यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक संस्थागत विद्यालयले विद्यालयेका लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्नेछ ।

(२) अभिभावक सभाले आवश्यकता अनुसार विधान संशोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक विधानको प्रतिलिपी पारित भएको मितिबाट सात (७) दिनभित्र व्यवस्थापन समितिले गाऊापालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

## २१. वडा शिक्षा समिति :

(१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :-

(क) वडा समितिको अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिको बैठकले तोकेको एकजना - सदस्य







(ग) वडा भित्रको अगुवा विद्यालयको प्रधानाध्यापक -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिको बैठकले तोकेको एकजना -सदस्य

(ङ) वडाभित्र शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एकजना -सदस्य

(च) समितिको बैठकले चयन गरेको सदस्यहरु मध्ये एकजना -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## २२. गाऊँपालिका शिक्षा विकास कोष :

(१) सामुदयिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि गाऊापालिका स्तरमा एक गाऊा शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाऊापालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

## २३. कोष सञ्चालक समिति :

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## २४. विद्यालय कोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमको स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाऊापालिकाबाट प्राप्त रकम,

(ख) गाऊापालिका शिक्षा कोषबाट प्राप्त रकम,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरिक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२५. गाऊँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाऊापालिकाले तोकिएको क्षेत्रसाग सम्वन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२६. गाऊँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा वन्द गर्न सक्ने :** गाऊापालिकाले हाल सञ्चालन भइरहेका ३० मिनेटको हिंडाईको दुरी नजिकमा रहेका र विद्यालय समायोजन निर्देशिका २०७० ले तोकेबमोजिमको विद्यार्थी संख्या भएका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय वन्द गर्न वा तोकिएको ठाउा वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्ने अनुमति वा स्वीकृति गाऊा शिक्षा समितिको सिफारिसमा गाऊाकार्यपालिकाले दिनेछ ।

**२७. विद्यालयको सम्पति :**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पति गाऊापालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्वन्धि गाऊापालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।







(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासाग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**२८. विद्यालयलाई छुट र सुविधा :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२९. अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुनै काम गरेमा गाऊा शिक्षा समितिको सिफारिसमा गाऊा कार्यपालिकाको निर्णयानुसार स्थानीय शिक्षा अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्वन्धित विद्यालयलाई आˆ नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३०. विद्यालयको वर्गिकरण:** विद्यालयलाई तोकिएको आधारमा वर्गिकरण गरिनेछ ।

**३१. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३२. शुल्क सम्वन्धि व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको आधारभुत तथा माध्यामिक विद्यालयको शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाऊपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसाग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसाग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसाग लिनपाउने शुल्क गाऊा शिक्षा समितिबाट निर्णय गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति दिादा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसाग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्वन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एकलाख रुपैयाासम्म जरिवाना गर्न सक्नेछ ।

**३३. शिक्षक युनियन, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्वन्धमा कार्य गर्न तोकिए बमोजिम एक आधाकारिक शिक्षक युनियन/शिक्षक महासंघ रहनेछ ।

(२) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाऊापालिकामा सिफारिस गर्नेछ :-

(क) तोकिए बमोजिमका पदीय दायित्व पुरा नगरेमा,



आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेबन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फोजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा वा खुलेआम कुनै राजनैतिक दलको पक्षमा वा विपक्षमा बहस विमर्श वा ओकालत गरेको प्रमाणित भएमा ।

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयका समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाऊापालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफिको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**स्पष्टिकरण :** यस खण्डको प्रयोजनको लागि “कार्यकारिणी समिति” भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

**३४. स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हादैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदान दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३५. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३६. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** गाऊापालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्वन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनजागरण, निर्वाचन सम्वन्धि काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाऊापालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३८. अदालत आदेशबाट पुनःबहाली हुन सक्ने :**

(१) दफा ३३ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएका शिक्षक/कर्मचारी अदालतको ओदश वा फैसला बमोजीम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजीम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलव वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३९. शिक्षकको नियुक्ति र सरुवा :**

(१) विद्यालयमा रिक्त राहत शिक्षक दरवन्दीमा, अस्थायी, र्नििज स्रोत तथा करार नियुक्तिको व्यवस्था तथा परीक्षा अर्को व्यवस्था नभएसम्मका गाउा पालिकाको सिफारिसमा शिक्षा विकास तथा समन्वय इकाइबाट नै हुनेछ ।

(२) उपदफा १को प्रयोजनको लागि देहायका सदस्यहरु रहेको एक शिक्षक छनौट समितिको गठन गरिने छ ।

(क) गाऊापालिकाको शिक्षा क्षेत्र हेर्ने अधिकृत -अध्यक्ष

(ख) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य

(ग) गाऊापालिकाले सिफारिस गरेको १ जना सदस्य -सदस्य

(घ) गाऊापालिकाले तोकेको सम्बन्धित बिषय र तहको बिषय विशेषज्ञ २ जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(३) तर उपदफा २को (घ)को सन्दर्भमा यसतो बिषय विशेषज्ञ गाऊापालिकाकोल नतोके सम्म शिक्षा विकास तथा समन्वय इकाइले तोकेको व्यक्तिलाई नियुक्त गर्न वा जीम्मेवारी दिन बाधा पुगेको मानिने छैन ।







(४) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाऊापालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालन र विषयगत दरबन्दी चाहिने अवस्थामा वाधा नपर्नेगरी स्थानीय शिक्षा अधिकारीले शिक्षा विकास तथा समन्वय इकाइमा सिफारिस गरेपछि इकाइले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

(५) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाऊापालिका भित्रका कार्यरत विद्यालयको विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाऊापालिकाले अर्को गाऊापालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ । यसरी प्रकृया पुरा गरि आएमा शिक्षा विकास तथा समन्वय इकाइले गर्नेछ । साथै अन्तर जिल्ला सरुवा नियमानुसार प्रक्रिया पुऱ्याई आएमा इकाइले सरुवा सहमति दिनेछ ।

**४०. दरवन्दी मिलान :** (१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा शिक्षा विकास तथा समन्वय इकाइले तोकिएको प्रक्रिया पूरा गरी गाऊा शिक्षा समितिको दरबन्दी मिलान गर्ने निर्णयानुसार सार्न सक्नेछ ।

**४१. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, अपा□ता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाऊापालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

४) समितिले छात्रवृतिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४२. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ३८ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई वसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित (शिक्षकले बेतलवी तथा असाधारण विदा लिएको समेत) अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधिका निजको सेवामा समेत गणना हुने छैन ।

**४३. प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाऊा शिक्षा समितिले स्वीकृत  गरे बमोजिमको संख्यामा कर्मचारीको दरवन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४४. विद्यार्थीलाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स संचालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा व्रिज कोर्स भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति लिने सम्वन्धित व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. प्रगति विवरण बुझाउनु पर्ने:**संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरण सहित प्रगति विवरण गाऊापालिकाको आधारभुत तथा माध्यामिक शिक्षा शाखामा बझाउनु पर्नेछ ।

**४७. दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिर्लाइ मुद्दा हेर्ने अधिकारीले विगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।







(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) प्रश्न पत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्वक कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई आमर्यादित काम गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्याद भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान उपदान वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिजकोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा संचालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) देहाएका अवस्थामा नीजि श्रोतका शिक्षक बाहेक अन्य दरबन्दिका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी गाऊापालिकाको सिफारिसमा शिक्षा विकास तथा समन्वय इकाइले गाऊापालिकाको क्षेत्र भरि र अर्को स्थानीय तहमा पनि सरुवा गर्न सक्ने छ ।

(क) विद्यार्थीहरुबाट कुनै शिक्षक उपर ब्यापक गुनासो आएमा ।

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय ब्यावस्थापन समितिको निर्णय भईआएमा ।

(ग) शिक्षकको बानी, ब्यावहार, आचरण तथा नैतिक पतन देखिने क्रियाकलाप भएमा ।

(घ) शिक्षकले विद्यालय समयमा मद्यपान गरी आएमा वा विद्यालय परिसरमा धुम्रपान गरेमा ।

(४) कुनै शिक्षक विना सुचना विद्यालयमा अनुपस्थित भएमा वा विदा स्वीकृत नगराई विदा बसेमा उक्त अबधिको तलब कट्टा गरी राजश्व दाखिला गरिनेछ र सो अबधिलाई सेवा अबधिमा गणना गरिने छैन ।

**४८. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४९. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाऊाकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाऊा शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५०. संक्रमणकालिन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउादासम्म गाऊापालिकाले गर्न सक्नेछ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरवन्दीमा विज्ञापनको अनुमति शिक्षा विकास तथा समन्वय इकाइले दिन सक्नेछ ।

**५१. बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाऊापालिकाको गाऊा सभाले त्यस्तो बाधा अड्काउ हटाउन ओदश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐनमा परे सरह मानिनेछ ।

**५२. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसाग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक/कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पार्ने छैन ।

आज्ञाले<br>
**कमल बहादुर बडुवाल**<br>
**नि. प्रमुख प्रशासकीय अधिकृत**